# CID

**CID MAGAZINE 2082 | ANNUAL PUBLICATION**



CRIME INVESTIGATION DEPARTMENT

CID

CREDIBILITY • DILIGENCE • INTEGRITY

NEPAL POLICE

## नेपाल प्रहरी प्रधान कार्यालय

### अपराध अनुसन्धान विभाग

नक्साल, काठमाडौं

# CID

CID MAGAZINE 2082 | ANNUAL PUBLICATION

CRIME INVESTIGATION DEPARTMENT

CID

CREDIBILITY • DILIGENCE • INTEGRITY

NEPAL POLICE

2082 Mangsir

Suprabal Janasewa Shree
Inspector General of Police Dan Bahadur Karki
(Chief of Nepal Police)

Nepal Police Headquarters
Naxal, Kathmandu

# Felicitations

On the occasion of the establishment day **of the Crime Investigation Department**, I extend my sincere appreciation to the *CID Magazine* team for providing this opportunity to share my reflections. I also convey my warm greetings and best wishes to all personnel of the Department.

This publication serves not merely as a magazine but as a valuable forum of professional learning—enhancing understanding of the evolving nature of crime and the broader socio-national environment in which it occurs.

In an era of rapid technological advancement, crime has grown more complex and transnational. To meet these challenges, our department must continually strengthen its investigative capacity through skill enhancement, technological integration, and institutional reform, ensuring investigations remain scientific, evidence-based, and effective.

I commend all past and present members of the department for their professionalism and dedication. May your continued integrity and commitment to excellence further enhance public trust in the justice system and in the Nepal Police.

I wish *CID Magazine* continued success as a source of knowledge and inspiration for all engaged in the noble field of crime investigation.

**Dan Bahadur Karki**
**Inspector General of Police**
**13th November 2025**

Post Box No.: 407, Office: +977-1-5719802, 5719803
Email: phqigs@nepalpolice.gov.np, Website: https://www.nepalpolice.gov.np
Nepal Police Headquarters, Naxal, Kathmandu


दान बहादुर कार्की
D. B. KARKI
नेपाल प्रहरी

प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौर
**Additional Inspector General of Police Sushil Singh Rathour**
**Chief of Crime Investigation Department**

नेपाल प्रहरी प्रधान कार्यालय,
नक्साल, काठमाण्डौं, नेपाल।
**Nepal Police Headquarters,**
Naxal, Kathmandu, Nepal

## Greetings

On the auspicious occasion of the 70th Establishment Day of the Crime Investigation Department, I extend my warm greetings and heartfelt best wishes to all dedicated officers and personnel of the Department, our respected former chiefs, and all those who have continuously contributed to the advancement of criminal investigation in Nepal.

Since its formal establishment on 1st Mangsir, 2012 B.S., the Crime Investigation Department has remained committed to upholding its motto — *"Objective Crime Investigation, Respect for Human Rights."* Throughout its long and distinguished journey, the Department has served as a cornerstone of Nepal Police's professional excellence, ensuring that justice is pursued with fairness, integrity, and adherence to the rule of law.

In the course of its evolution, the Department has adapted to the dynamic landscape of crime, which has become increasingly sophisticated, organized, and technology-driven. Our investigators have continued to enhance their professional capability by integrating scientific tools, digital forensics, and intelligence-led approaches in the pursuit of truth and justice. This transformation reflects the Department's unwavering dedication to strengthening the criminal justice system and maintaining public confidence in law enforcement.

On this meaningful occasion, the Department is publishing ***CID Magazine, 2082***, which serves not only as a reflection of our annual achievements but also as a platform to share knowledge, experiences, and insights related to the field of criminal investigation. The magazine highlights the Department's ongoing efforts in institutional strengthening, policy development, capacity enhancement, and inter-agency coordination. I believe it will inspire our personnel to continue their pursuit of excellence and uphold the proud legacy of professionalism that defines this institution.

I would like to take this opportunity to express my sincere appreciation to all officers and staff of the Department for their relentless dedication and commitment to duty, even in the face of evolving challenges and limited resources. Your perseverance, integrity, and sense of responsibility remain the true strength of this institution.

As we celebrate this important milestone, let us honor the contributions of our predecessors, reaffirm our institutional values, and work collectively toward a future where crime investigation is ever more scientific, impartial, and effective. Together, let us continue our mission of ensuring justice, protecting human rights, and contributing to a safer and more prosperous Nepal.

**Sushil Singh Rathour**
**(Additional Inspector General of Police)**

पोष्ट बक्स नं. ४०७, कार्यालय: + ९७७-०१-५७१९८६३, +९७७-०१-१५७१९८६८ ,९८५१२९८१९८
ईमेल: phqcid@nepalpolice.gov.np. https://cid.nepalpolice.gov.np
नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल काठमाण्डौं


सुशील सिंह राठौर
S. S. RATHOUR

## Message From

# *Chief Editor*

On the auspicious occasion of 70th Establishment Day of Crime Investigation Department (CID), we are delighted to bring this annual issue of CID Magazine 2082 to all our beloved readers. CID Magazine is a publication that stands as a witness to the continuing commitment and professionalism of the Crime Investigation Department (CID) of Nepal Police.

As we embark on another year of service, this magazine remains a reflection of the dedication, courage, and innovation of the Crime Investigation Department of Nepal Police. Nepal Police strives for preserving quality lives of people by thoroughly investigating criminal cases. seeking thoughtful solutions to crime and security issues and foster sense of security and confidence among the people. To fulfill this purpose police personnel are committed to serve with high standard of professionalism, passion, integrity, team work, accountability, ethics and honesty. This publication serves not only as a record of our achievements but also as a platform for knowledge-sharing and reflection.

Details of activities blended with pictures, facts and figures will satisfy your quest to learn about the interesting and challenging job of crime investigation. I have a strong belief that going through this volume will also help reader understand his/her own responsibility as citizens of our society and voluntarily work towards crime prevention and result oriented investigations.

As Chief Editor, I am proud to present this collection of work that speak to our ongoing efforts to protect and serve the people of Nepal. I extend my heartfelt thanks to all the contributors, officers; and staff who have made this edition possible. Your efforts are greatly appreciated and will undoubtedly resonate with our valuable readers.

Thank you for your continued support, and I hope you find this edition of CID Magazine both enlightening and inspiring.

Let us join our hands together to make our society safer and crime free.
Let us uphold rule of law.

**DIGP Sanuram Bhattarai**
Chief Editor, CID Magazine 2082
Crime Investigation Department, Nepal Police, Naxal, Kathmandu



प्रविधियुक्त, सक्षम र निष्पक्ष अनुसन्धान : सुरक्षित समाज निर्माणमा प्रहरीको योगदान

# अपराध अनुसन्धान विभागको

# ७० औं स्थापना दिवस, २०८२

# 70$^{TH}$ CID DAY 2082




अपराध अनुसन्धान विभागको ७० औँ स्थापना दिवस, २०८२ आयोजना गर्न गठित समितिहरूका सदस्यहरूसँग विभागीय प्रमुख प्र.अ.म.नि. सुशील सिंह राठौरज्यू

# Editorial Team



# CONTENTS


1 Overview of Crime Investigation Department

7 Highlights of Crime Investigation Department

17 Crime: Facts & Figures

33 Perspectives

91 Best Investigator of the Year

96 Success Stories

107 Photo Features

CRIME INVESTIGATION DEPARTMENT

CID

CREDIBILITY • DILIGENCE • INTEGRITY

NEPAL POLICE

# OVERVIEW OF CRIME INVESTIGATION DEPARTMENT

# VISION

**Better and safer society with effective and efficient crime prevention and investigation.**

# GOAL

**To develop robust evidence based crime prevention and investigation procedure through the incorporation of intelligence and modern technology.**

# नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागको
# सङ्गठनात्मक संरचना



# नेपाल प्रहरी प्रधान कार्यालय
# अपराध अनुसन्धान विभागको संगठनात्मक संरचना
# (फौजदारी कसुर अनुसन्धान गर्ने प्रहरी एकाइ)





# अपराध अनुसन्धान विभागका लक्ष्यहरू

- अपराध रोकथाम र अनुसन्धानका लागि केन्द्रीय नीति तर्जुमा गर्ने,
- अपराध अनुसन्धानका लागि नीति, निर्देशनहरू जारी गर्ने र सबै तहमा नीतिहरूको कार्यान्वयन सुनिश्चित गर्ने,
- फौजदारी न्याय प्रणालीका राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरूसँग समन्वय गर्ने,
- अपराध अनुसन्धान गर्ने प्रहरी कर्मचारीहरूको कार्यसम्पादन स्तर अन्तर्राष्ट्रिय स्तरको बनाउने तथा संयुक्त राष्ट्र संघमा खटिँदा समेत प्रहरीको कार्यसम्पादन उत्कृष्ट हुने सुनिश्चिता गर्ने, अपराध अनुसन्धान गर्ने प्रहरी कर्मचारीहरूको कुशल परिचालन र मूल्याङ्कन सहित मानव संसाधन व्यवस्थापनका गतिविधिहरू गर्ने,
- मानव संसाधन योजना विकास गर्ने, आवश्यक क्षेत्रहरू पहिचान एवं विश्लेषण गरी दक्ष जनशक्ति उत्पादन गर्नको लागि प्रशिक्षण कार्यक्रमहरू संचालन गर्ने,
- सबै मुद्दाहरूको विवरण केन्द्रीय डाटाबेस प्रणालीमा राख्ने, योजना र नीतिहरूको विश्लेषण र तर्जुमा गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका अन्य निकायहरूसँग सहकार्य गर्ने,
- भौगोलिक सिमानाका एकभन्दा बढी प्रदेश र जिल्लालाई असर गर्ने जघन्य अपराधको अनुसन्धान गर्ने र अन्तरक्षेत्रीय सहयोग र समन्वयलाई सहज बनाउने,
- समाधान नभएका मुद्दाहरू र केन्द्रीय तहको अधिकार क्षेत्र अन्तर्गत पर्ने अन्य मुद्दाहरूको अनुसन्धानलाई सहज बनाउने,
- पीडितको उद्धार कार्यको प्रभावकारिता अभिवृद्धि गर्नुका साथै अपराध र अनुसन्धानको अवस्था आदि बारे सार्वजनिक सूचना आदानप्रदान वा सूचना प्रवाहको व्यवस्था गर्न विभिन्न कार्यक्रमहरु संचालन गर्ने,
- संघीय, प्रदेश र स्थानीय तहमा अपराध अनुसन्धानका लागि आवश्यक पर्ने अत्यावश्यक साधनस्रोत, उपयुक्त वैज्ञानिक विधि र अन्य स्रोतहरूको व्यवस्था गर्ने,
- सामुदायिक प्रहरीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,
- अपराध अनुसन्धान ईकाइहरूलाई साधन स्रोत सम्पन्न बनाउने,
- बेपत्ता व्यक्ति र वेवारिसे शवको खोजी र पत्ता लगाउन सहयोग प्रदान गर्ने,
- अनुसन्धानको गुणस्तर सुनिश्चित गर्न सबै अनुसन्धान इकाईहरूको अनुगमन र सुपरिवेक्षण गर्ने, महिला, बालबालिका, ज्येष्ठ नागरिक र जोखिममा परेका समूहका लागि समाजमा सुरक्षित वातावरण सिर्जना गर्ने,

CRIME INVESTIGATION DEPARTMENT

CID

CREDIBILITY • DILIGENCE • INTEGRITY

NEPAL POLICE

# HIGHLIGHTS OF CRIME INVESTIGATION DEPARTMENT

# अपराध अनुसन्धान विभागको विकासक्रम

## EVOLUTION of CRIME INVESTIGATION DEPARTMENT

** All Dates are in AD*

**1951** • Establishment of Central Investigation Bureau

**1962** • Application of Forensics Fingerprint Examination

**1969** • Use of Canine in Investigation

**1975** • Establishment of Basic Functioning Units for Forensic Dog Training School

**1992** • Establishment of Crime Investigation Department Narcotics Control Law Envorcement Unit (NDCLEO)

**1995** • Establishment of Women Cell

**2008** • Upgradation of Woman and Children Service Directorate

**2014** • Use of Polygraph Examination
DNA profiling
Three-year Crime Prevention and Investigation Plan (CAP)

**2015** • Establishment of Digital Forensics Lab

# अपराध अनुसन्धान विभागको विकासक्रम

## EVOLUTION of CRIME INVESTIGATION DEPARTMENT

** All Dates are in AD*

**2017**
- Establishment of Data Center
- Installation of Automated Fingerprint Identification System (AFIS)
- Use of Mobile Forensic Van

**2018**
- Establishment of Cyber Investigation Bureau
- Establishment of Anti-Human Trafficking Bureau
- Central Dog Training School Upgraded to Canine Division

**2020**
- Establishment of National Crime Informatino Center (NCIC)
- Inception of Online Police Clearance Report (OPCR)

**2021**
- Extention of Provincial Coordination Center for Children at Risks in Koshi, Madhesh & Lumbini Provinces.
- Expansion of Canine Services at the Boarder of Parsa District.
- Establishment of Nepal Police Provincial Office, Forensic Unit at Nepalgunj, Lumbini

**2022**
- Establishment of Canine Unit at Gautam Buddha International Airport, Bhairahawa, Rupandehi

**2022-23**
- Expansion of AFIS Enrollment Stations in 79 Police Units

**2023**
- Establishment of Nepal Police Provincial Office, Forensic Unit at Dharan, Koshi

**2024**
- Establishment of Core Firewall safeguards data center servers with active security licenses

**2025**
- Approval has been granted for three additional units for criminal case registration, making a total of 225 units at present.

# CRIME INVESTIGATION DEPARTMENT



# स्थापनाकालदेखि हालसम्मको अपराध अनुसन्धान विभागका विभागीय प्रमुखहरू



प्र.उ. हरि प्रसाद उपाध्याय
२०१२।०८।०१–२०१५।०६।२२



प्र.उ. नर नारायण शमशेर
२०१५।०६।२३–२०२०।०९।११



प्र.उ. राम प्रसाद श्रेष्ठ
२०२०।०९।११–२०२१।०७।१४



प्र.उ. खड्ग जित बराल
२०२१।०७।१४–२०२२।०३।२१



प्र.उ. फत्ते बहादुर नेपाली
२०२२।०४।०१–२०२४।११।२३



प्र.उ. चिन्ता बहादुर बस्नेत
२०२४।११।२३–२०२५।१०।१३



प्र.उ. फत्ते बहादुर नेपाली
२०२५।१०।१३–२०२७।०८।२२



प्र.उ. नरेन्द्र बहादुर अधिकारी
२०२८।०१।०९–२०३०।११।०२



प्र.उ. चन्द्रवीर राई
२०३०।११।०३–२०३५।०३।०९



प्र.उ. नरेन्द्र बहादुर अधिकारी
२०३५।०४।०९–२०३९।०५।२९



प्र.ना.उ. अनन्त राम भट्टराई
२०३९।०५।३०–२०४१।०३।१४



प्र.उ. अच्युत कृष्ण खरेल
२०४१।०३।१५–२०४३।०४।०९



प्र.उ. धनवीर राई
२०४३।०४।०९–२०४३।०६।२३



प्र.व.उ. धनवीर राई
२०४३।०७।०१–२०४७।०२।२०



प्र.उ. दिलु प्रसाद बेन्जु श्रेष्ठ
२०४७।०२।२१–२०४८।०१।०८



प्र.ना.म.नि. रुद्र बहादुर पाण्डे
२०४८।०१।०९–२०४९।११।१५



प्र.अ.म.नि. अच्युत कृष्ण खरेल
२०४९।११।१६–२०५१।११।०७



प्र.अ.म.नि. ध्रुव बहादुर प्रधान
२०५१।११।०८–२०५३।१२।२१



प्र.ना.म.नि. कृष्ण मोहन श्रेष्ठ
२०५३।१२।२२–२०५४।०२।१६



प्र.अ.म.नि. रामकाजी बान्तवा
२०५४।०२।१६–२०५४।१२।०७



प्र.अ.म.नि. ढालमान थापा
२०५४।१२।०७–२०५६।०४।१९



प्र.अ.म.नि. प्रदिप शमशेर जबरा
२०५६।०४।१९–२०५७।०२।१९



प्र.अ.म.नि. कृष्ण मोहन श्रेष्ठ
२०५७।०२।१९–२०५७।१०।१९



प्र.अ.म.नि. तिर्थ कुमार प्रधान
२०५७।१०।१९–२०५८।१२।०६



प्र.अ.म.नि. अनन्त राम भट्टराई
२०५८।१२।०६–२०५९।११।०८



प्र.अ.म.नि. डा. गोविन्द प्रसाद थापा
२०५९।११।०८–२०६१।०५।०७



प्र.अ.म.नि. रवि कान्त अर्याल
२०६१।०५।०७–२०६२।०९।०४



प्र.ना.म.नि. दिपेन्द्र बहादुर विष्ट
२०६२।०९।०४–२०६२।१२।१४



प्र.अ.म.नि. रुप सागर मोक्तान
२०६२।१२।१४–२०६३।०७।२९



प्र.ना.म.नि. दिपेन्द्र बहादुर विष्ट
२०६३।०७।२९–२०६३।०२।१४



प्र.ना.म.नि. निरज पुन
२०६३।०२।१४–२०६३।११।१८



प्र.अ.म.नि. केशव प्रसाद बराल
२०६३।११।१८–२०६५।०६।०१



प्र.अ.म.नि. कृष्ण प्रसाद श्रेष्ठ
२०६५।०७।२५–२०६५।११।०५



प्र.ना.म.नि. कुवेर सिंह राना
२०६५।११।०६–२०६६।०४।२५



प्र.अ.म.नि. प्रकाश कुँवर
२०६६।०४।२६–२०६७।०८।१६



प्र.अ.म.नि. नरेश गुरुङ
२०६७।०८।१७–२०६९।०५।२८



प्र.ना.म.नि. दिनकर शम्शेर ज.ब.रा.
२०६९।०५।२९–२०६९।०८।१३



प्र.अ.म.नि. दिनकर शमशेर जबरा
२०६९।०८।१४–२०७०।०७।२९



प्र.ना.म.नि. विमला थापा शर्मा
२०७०।०८।०१–२०७०।०८।१०



प्र.ना.म.नि. श्याम बहादुर खड्का
२०७०।०८।११–२०७०।०९।१७



प्र.ना.म.नि. सुरेन्द्र बहादुर शाह
२०७०।०९।१७–२०७१।०४।२८



प्र.अ.म.नि. सुरेन्द्र बहादुर शाह
२०७१।०४।२९–२०७२।०८।१६



प्र.अ.म.नि. विज्ञानराज शर्मा
२०७२।०८।१७–२०७३।११।०२



प्र.अ.म.नि. बम बहादुर भण्डारी
२०७४।०५।०९–२०७४।१२।२८



प्र.ना.म.नि. धिरु बस्न्यात
२०७५।०२।११–२०७५।०६।१४



प्र.अ.म.नि. पुष्कर कार्की
२०७५।०६।१५–२०७६।०१।३०



प्र.अ.म.नि. ठुले राई
२०७६।०१।३१–२०७६।०६।१३



प्र.अ.म.नि. पुष्कर कार्की
२०७६।०६।१३–२०७६।१०।२८



प्र.अ.म.नि. हरि बहादुर पाल
२०७६।१२।१२–२०७७।०९।०१



प्र.अ.म.नि. विश्वराज पोखरेल
२०७७।०९।०२–२०७८।०५।२५



प्र.अ.म.नि. प्रद्युम्न कुमार कार्की
२०७८।०५।२८–२०७८।१२।२३



प्र.अ.म.नि. दिवेश लोहनी
२०७९।०२।३०–२०७९।०८।१५



प्र.ना.म.नि. उमेश राज जोशी
२०७९।०८।२१–२०७९।१२।१९



प्र.अ.म.नि. टेक बहादुर तामाङ
२०७९।१२।२७–२०८१।०९।१८



प्र.अ.म.नि. कुवेर कडायत
२०८१।१०।०२–२०८१।१२।०४



प्र.अ.म.नि. राजन अधिकारी
२०८२।०१।१७–२०८२।०६।२२



प्र.अ.म.नि. सुशिल सिंह राठौर
२०८२।०६।२६–हालसम्म





# CRIME: FACTS & FIGURES

# विगत १० आर्थिक वर्षको तुलनात्मक अपराध तथ्याङ्क



# प्रदेशगत तुलनात्मक अपराध तथ्याङ्क






# शीर्षकगत अपराध तथ्याङ्क







लागु औषध




चोरी




सवारी दुर्घटना




बैङ्किङ कसुर




जबरजस्ती करणी




कर्तव्य ज्यान




हातहतियार तथा खरखजाना




मानव बेचबिखन




अपहरण




विद्युतीय तथा साइबर अपराध

# महिला तथा बालबालिका विरुद्धका अपराधको तथ्याङ्क

आ.व. २०७९/०८०
आ.व. २०८०/०८१
आ.व. २०८१/०८२




जबरजस्ती करणी




बहुविवाह




जबरजस्ती करणी उद्योग




बाल यौन दुरुपयोग




बाल विवाह




बोक्सीको आरोप




अप्राकृतिक मैथुन

# मुद्दा दर्ता, फछ्र्यौट र पक्राउको तुलनात्मक अध्ययन




# मुद्दा दर्ता, फछ्र्यौट र पक्राउ

आ.व. २०८१/८२






## बारम्बार घट्ने प्रमुख १० अपराधका मुद्दाहरू

मुद्दा दर्ता संख्या

आ.व. २०८१/८२




## अपराध तथ्याङ्कका आधारमा प्रमुख १० जिल्लाहरू

आ.व. २०८१/८२



## पछिल्लो १० वर्षमा आत्महत्या मुद्दा दर्ता संख्या र वृद्धिदर




### विगत पाँच आ.व. मा आत्महत्या गर्ने प्रमुख माध्यम



## विगत पाँच आ.व. मा आत्महत्या मुद्दा दर्ताको प्रदेशगत तथ्याङ्क




## विगत पाँच आ.व. मा आत्महत्या मुद्दा दर्ता



# अपराध अनुसन्धानमा एक दिन

(आ.व. २०८१/८२ को अपराध तथ्याङ्क अनुसार)

**१६०**
मुद्दा दर्ता सङ्ख्या

**१०५**
मुद्दा फछ्र्यौट सङ्ख्या

**१४**
लागु औषध शीर्षकमा मुद्दा दर्ता सङ्ख्या

**१११**
अभियुक्त पक्राउ सङ्ख्या

**६**
जबर्जस्ती करणी शीर्षकमा मुद्दा दर्ता सङ्ख्या

**१०**
चोरी शीर्षकमा मुद्दा दर्ता सङ्ख्या

**१९**
आत्महत्या शीर्षकमा मुद्दा दर्ता सङ्ख्या

# विगत तीन वर्षमा लागु औषध मुद्दामा पक्राउ विवरण



## विगत ३ वर्षमा लागु औषध मुद्दामा फरार विवरण




## विगत ३ वर्षमा लागु औषध मुद्दा दर्ता सङ्ख्या



# विगत ३ वर्षमा बरामद लागु औषधको परिमाण

| | | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ |
|---|---|---|---|---|
|  | गाँजा | २०६६९ किलो | २६०४५ किलो | ५१७८३ किलो |
|  | चरेश | ६२९ किलो | ५०७ किलो | ८२९ किलो |
|  | हेरोइन | १४ किलो | १४ किलो | ४७ किलो |
|  | अफिम | ३७ किलो | ६२ किलो | १८४ किलो |
|  | कोकिन | १४ किलो | १८ किलो | १८ किलो |
| | पोल्याण्ड | ४ किलो | ० किलो | २२ किलो |
|  | मनोद्विपक पदार्थ | ४१३२८० पिस | ४९०९५३ पिस | ३४२९२९० पिस |
| | अन्य | लागुऔषध खात ५०९ किलो १६० ग्राम, एलएसडी १०,११८ पिस, आईसीई ३.५ ग्राम, एम्फेटामाइन ८७३ ग्राम ४०० मि.ग्राम र अन्य लागुऔषध ४७ पिस | एमफेटामाइन १४ ग्राम र आईसीई २ ग्राम | एमफेटामाइन १ किलो १७६ ग्राम ६२ मि.ग्राम र एलएसडी १९१ पिस |

## आ.व. २०८१/०८२ मा प्रदेशगत हातहतियार तथा खरखजना मुद्दा दर्ता र पक्राउ




## आ.व. २०८१/०८२ मा हातहतियार तथा खरखजना मुद्दा दर्ता तथा पक्राउ



# आ.व. २०८१/०८२ मा बरामद हातहतियार तथा गोलीगट्ठा



## बरामद हातहतियार

| | |
|---|---|
| अमेरिकन पेस्तोल | ६ |
| चाइनिज पेस्तोल | १ |
| पेस्तोल | २२ |
| रिभल्वर | २ |
| कटुवा पेस्तोल | २१ |
| १२ बोर बन्दुक | १ |
| बन्दुक | ६ |
| भरुवा बन्दुक | १५२ |
| एअर गन | ७ |



## बरामद गोलीगट्ठा

| | |
|---|---|
| अमेरिकन पेस्तोल | १९ |
| पेस्तोल | १९० |
| रिभल्वर | ९ |
| कटुवा पेस्तोल | २९ |
| बन्दुक | ३० |
| भरुवा बन्दुक | ३५ |
| अन्य | २३४ |



# PERSPECTIVES

# अपराध अनुसन्धानमा Luminol को महत्त्व र प्रयोग

अपराध अनुसन्धान आफैँमा एक विशिष्ट प्रकृतिको जटिल कार्य हो । उपलब्ध स्रोत साधन र प्रविधिका साथै अपराध अनुसन्धान सम्बन्धी ज्ञान, सिप र अनुभवको अधिकतम प्रयोग गर्दै अनुसन्धान अधिकृत हमेसा अनुसन्धान कार्यलाई प्रमाणमुखी बनाउन तल्लिन रहन्छ र रहनु पर्दछ । परिवर्तित समयमा थपिँदै गएको अनुसन्धानका जटिलताहरूलाई सम्बोधन गर्नका लागि सोही बमोजिम अद्यावधिक ज्ञान, सीप र प्रविधिको प्रयोगको आवश्यकता पर्दछ । यसै अनुसार नेपाल प्रहरीले भर्खरै मात्र पहिलो पटक अपराध अनुसन्धानमा विशेष गरी घटनास्थल अनुसन्धानमा समय सापेक्ष प्रविधिको रूपमा Luminol Reagent को प्रयोग सुरू गरेको छ ।

आपराधिक घटनाको अनुसन्धानमा साक्षी तथा प्रमाणहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । कुनै पनि घटनाका अनिवार्य साक्षी भनेको पीडित, पीडक तथा घटनास्थल हो । पीडित सबै अवस्थामा जीवित वा बोल्न सक्ने अवस्थामा नरहेको हुन सक्छ । पीडक अधिकांश अनुसन्धानमा चुप रहने, असहयोगी हुने वा गलत सूचना दिने वा गुमराहमा राख्ने खालको हुन्छ । तसर्थ घटनास्थल यस्तो अनिवार्य अमुक साक्षी हो जसले घटनालाई प्रत्यक्ष रूपमा देखेको हुन्छ तर आफैँमा बोल्दैन, मौन रहेको हुन्छ । तर घटनास्थल र त्यहाँ उपलब्ध मौन प्रमाणहरूलाई बोल्न लगाउने कार्य एक कुशल अनुसन्धानकर्ताको क्षमतामा निर्भर रहन्छ ।

घटनास्थलमा रहेको प्रमाणहरूको सुक्ष्म खोजीले अपराध अनुसन्धानको परिणाममा निकै महत्त्वपूर्ण भूमिका खेल्दछ । जसको लागि अनुसन्धान अधिकृतले उपलब्ध सम्पूर्ण Tools & Techniques को अधिकतम प्रयोग गरी लगनशीलताका साथ प्रमाणको खोजी गर्नु एउटा पाटो हो भने नाङ्गो आँखाले नदेखिने (Invisible) प्रमाणको पहिचान गर्नु र सङ्कलन गर्नु अर्को महत्त्वपूर्ण पाटो हो ।

घटनास्थलमा रहेका तर हालसम्म हाम्रो अनुसन्धान



**ओम प्रसाद अधिकारी**
प्रहरी नायब महानिरीक्षक

**घटनास्थल यस्तो अनिवार्य अमुक साक्षी हो जसले घटनालाई प्रत्यक्ष रूपमा देखेको हुन्छ तर आफैँमा बोल्दैन, मौन रहेको हुन्छ । तर घटनास्थल र त्यहाँ उपलब्ध मौन प्रमाणहरूलाई बोल्न लगाउने कार्य एक कुशल अनुसन्धानकर्ताको क्षमतामा निर्भर रहन्छ ।**

अधिकृतले पत्ता लगाउन नसकेका देख्न नसकेको अदृश्य प्रमाण (रगत) पत्ता लगाउन नेपाल प्रहरीले भर्खरै मात्र प्रयोगमा ल्याएको नयाँ प्रविधि Chemical Reagent को नाम हो Luminol । Luminol वा त्यसको Advanced Version को रूपमा उपलब्ध Bluestar नामको Reagent ले घटनास्थलमा पुछिएको, धोएको वा पखालिएको कारण अदृश्य रूपमा रहेका रगतका टाटाहरूलाई Visible बनाई प्रमाण सङ्कलनमा सहयोग पुऱ्याउँछ । अपराध अनुसन्धानमा Luminol को महत्त्व र प्रयोगको विषयमा अधिकांश प्रदेश तालिम केन्द्रमा सैद्धान्तिक तथा प्रयोग सम्बन्धी अभ्यास (Demonstration) कक्षाहरू समेत सञ्चालन गरिसकिएको छ । जसबाट देशभरका अधिकांश SOCO र SOCO सहायकहरूले यसबारेमा जानकारी प्राप्त गरी सकेका छन् ।

## Luminol Reagent को परिचय

Luminol एक रसायन हो । यसको रसायनिक सुत्र (Chemical Formula) $C_8H_7N_3O_2$ हो । यसले रगतका स-साना कणहरूसँग पनि रासायनिक प्रतिक्रया गर्ने र नीलो रङ्को प्रकाश उत्पादन गर्ने भएकोले नाङ्गो आँखाले नदेखिने गरी पुछिएको वा पखालिएको घटनास्थल वा अन्य प्रमाणहरूमा नदेखिने अवस्थामा रहेको रगतका कणहरूमा Luminol Reagent छर्किएमा (Spray गरेमा) त्यसले Blood Particle हरूसँग प्रतिक्रिया गरी नीलो चम्किलो प्रकाश उत्पादन गर्दछ र अनुसन्धान अधिकृतलाई प्रमाण पत्ता लगाउन र सङ्कलन गर्न सहज हुन जान्छ । यसलाई सर्वप्रथम सन् १९३७ मा German Chemist Walter Specht ले घटनास्थलमा प्रयोग गरेका हुन् । यसको Advanced Edition को रूपमा Bluestar नामको Chemical Reagent समेत विकसित राष्ट्रहरूले प्रयोगमा ल्याई सकेका छन् ।

### अपराध अनुसन्धानमा यसको महत्त्व

- कुनै घटनास्थल हतियार, कपडा, जुत्ता आदिमा भएको रगत सफा गरिएको, पुछिएको वा पखालेर नदेखिने अवस्थामा छ भने पनि Luminol को प्रयोगले त्यस्तो रगत पुछिएको पखालिएको स्थान देखिने बनाई पत्ता लगाउन मद्दत गर्दछ ।
- अदृश्य अवस्थामा रहेका रगतका दागहरू कुनै सतह, भित्ता, कपडा, वा अन्य स्थानमा छ भने पनि पत्ता लगाउन (locate) र ठुलो क्षेत्रमा समेत अदृश्य रूपमा हुन सक्ने रगतका दागहरूलाई Scanning गरी प्रमाण रहेको स्थान पत्ता लगाउन Luminol को अहम् भूमिका रहन्छ ।

**कुनै घटनास्थल हतियार, कपडा, जुत्ता आदिमा भएको रगत सफा गरिएको, पुछिएको वा पखालेर नदेखिने अवस्थामा छ भने पनि Luminol को प्रयोगले त्यस्तो रगत पुछिएको पखालिएको स्थान देखिने बनाई पत्ता लगाउन मद्दत गर्दछ ।**

- यो सुरक्षित परीक्षण (Non–destructive Testing) भएकोले Blood Group पत्ता लगाउन तथा DNA Profiling गर्न पनि बाधा पुऱ्याउँदैन ।
- घटनास्थलमा सामान्य रूपमा देख्न नसकिने अवस्थामा रहेका रगतका दागहरू पत्ता लगाई प्रमाण पत्ता लगाउन (Evidence Locating) मा सहयोग पुऱ्याउँछ ।
- घटनास्थलको पुनःनिर्माण गर्न सहयोगी हुन्छ ।
- घटनास्थलमा रगत लागेको र अदृश्य रूपमा रहेका पैताला र जुत्ता-चप्पलको छाप (Footprint & Footwear Print) पत्ता लगाई आवतजावतको गतिविधि पत्ता लगाउन मद्दत गर्दछ तथा व्यक्ति पहिचानमा समेत सहयोग पुऱ्याउँछ ।
- रगत छरिएको ढाँचा (Blood Splatter Patterns) अध्ययन गरी घटनामा प्रयोग भएका हातहतियार पहिचानमा सहयोग पुऱ्याउँछ ।
- यसको प्रयोगले पुराना अपराधिक घटनाको अनुसन्धान गर्न र कुनै Lead प्राप्त हुन नसकेको अवस्थामा अनुसन्धान गर्न सहयोग पुऱ्याउँछ ।

घटनास्थलमा Luminol Reagent प्रयोगको प्रकृयागत चरणहरू निम्न बमोजिम रहेका छन् :

१. पहिलो चरणमा आवश्यक सामाग्रीको तयारी गर्नु पर्दछ ।

२. दोस्रो चरणमा घटनास्थलको व्यवस्थापन तथा अवलोकन गर्नु पर्दछ ।

३. तेस्रो चरणमा व्यक्तिगत सुरक्षा सावधानीका साथ Luminol को प्रभावकारी ढङ्गले प्रयोग गर्नु पर्दछ ।

४. चौथो चरणमा भौतिक सबुद नमुना सङ्कलन र अभिलेखन (Documentation) गर्नु पर्दछ ।

५. पाँचौ चरणमा Post Application Procedures लाई प्रकृयागत रूपमा अगाडि बढाउनु पर्दछ ।

**१. पहिलो चरणमा आवश्यक सामग्रीको तयारी अन्तर्गत निम्न सामानहरूको व्यवस्थापन गर्नु पर्दछः**

- आवश्यक्ता अनुसार Luminol Reagent र Hydrogen Peroxide,
- Spray Bottle वा Applicator थान-१,
- व्यक्तिगत सुरक्षा सामाग्री (Personal Protective Equipment) जस्तैः Gloves, Mask, Head Cover, Shoes Cover र Protective Gear,
- Camera with Lowlight Capability and Tripod अर्थात् कम प्रकाश क्षमता भएको क्यामेरा र ट्राइपोड,
- अध्यारोमा फोटोग्राफीको लागि सम्भव भएसम्म रातो वा नीलो फिल्टर भएको प्रकाश (Flash) को व्यवस्था गर्नु पर्दछ ।

**२. दोस्रो चरणमा घटनास्थल व्यवस्थापन तथा अवलोकन अन्तर्गत निम्नानुसारका कार्य सम्पादन गर्नु पर्दछ :**

- सर्वप्रथम घटनास्थलको घेराबन्दी (Cordoning) गरी सुरक्षा गर्नु पर्दछ ।
- घटनास्थलको अवस्थाको बारेमा नोट टिपोट गर्नु पर्दछ ।
- घटनास्थलको फोटोग्राफी गर्नु पर्दछ ।
- दिनको समयमा घटनास्थलमा कुनै पनि प्रकाश नछिर्ने गरी घटनास्थललाई पूर्ण रूपमा अध्यारो बनाउनु पर्दछ वा घटनास्थललाई सुरक्षित राखी रातको समयमा Luminol को प्रयोग गर्नु पर्दछ ।
- यसरी घटनास्थल पूर्ण रूपमा अध्यारो भए पश्चात् Luminol Reagent को प्रयोग प्रकृया अगाडि बढाउनु पर्दछ।

**Luminol Reagent को प्रयोगले घटनास्थलमा अदृश्य रूपमा रहेको र गतका दागहरू स्पष्ट रूपमा संकेत गर्ने र उक्त भौतिक सबुदको परीक्षणले निर्णायक प्रमाण (Conclusive Evidence) को समेत कार्य गर्ने भएकोले Luminol को प्रयोगलाई अपराध अनुसन्धानको क्षेत्रमा एक महत्त्वपूर्ण नवीनतम आयामको रूपमा लिन सकिन्छ ।**

**३. तेस्रो चरणमा व्यक्तिगत सुरक्षा सावधानीका साथ Luminol को प्रभावकारी ढङ्गले प्रयोग गर्नु पर्दछ ।**

- व्यक्तिगत सुरक्षा सामग्रीको उचित ढङ्गले प्रयोग गर्नु पर्दछ ।
- Luminol को प्रत्यक्ष सम्पर्कले आँखा र छालालाई प्रतिकूल असर गर्ने भएकोले आँखा र छालाको प्रत्यक्ष सम्पर्कबाट टाढा रहनु पर्दछ ।
- मास्क लगाउनु पर्दछ र उपयुक्त भेन्टिलेसनको व्यवस्था मिलाउनु पर्दछ ।
- उपलब्ध ११९ ML Luminol Reagent र ७.२५ ग्राम Hydrogen Peroxide लाई एकै ठाउँमा मिश्रण गरेर एउटै बोतलमा राखी हल्का पहेँलो नहुन्जेलसम्म हल्लाउनु पर्दछ । जब यो घोल हल्का पहेँलो रङ्को देखिन्छ, तब यो घोल प्रयोगको लागि उपयुक्त भयो भनी बुझ्न सकिन्छ ।

- यो घोललाई घटनास्थलमा नै निर्माण गर्नु पर्ने हुन्छ किनकि मिश्रण गरेको अधिकतम ४० मिनेट सम्ममात्र यो मिश्रणले प्रभावकारी ढङ्गबाट काम गर्न सक्दछ ।
- अदृश्य रगत हुन सक्ने सम्भावित ठाउँको एकिन गरी Luminol को घोल अर्थात Working Solution लाई छर्किनु (Spray) पर्दछ र सम्भावित ठाउँ एकिन गर्न नसकिएमा सम्पूर्ण घटनास्थललाई लक्षित गरी मिश्रण छर्किनु (Spray) पर्दछ ।

**४. चौथो चरणमा भौतिक सबुद नमुना सङ्कलन र Documentation (Golden Principle) अन्तर्गत निम्नानुसार कार्य गर्नु पर्दछ :**

- लुमिनल प्रयोगको करिब ३० सेकेण्डपछि नीलो चमक आफै हराएर जाने भएकोले छर्किनु (Spray) भन्दा पहिले Tripod सहितको क्यामेरा तयारी हालतमा राख्नु पर्दछ ।
- Luminol प्रयोग गरिएको एरियामा नीलो रङ्को चमक देखिएको छ भने त्यस्तो भाग एकिन गरी संकेत चिन्ह राख्नु पर्दछ र Forensic Evidence Photography को लागि पूर्ण सावधानीका साथ Tripod र क्यामराको प्रयोग गरी तत्काल फोटो लिनु पर्दछ ।
- तत्पश्चात प्रमाण संकलन (Evidence Collection) को सुनौलो सिद्धान्तलाई अनुसरण गर्दै सम्भव भएसम्म रगत देखिएको पुरै वस्तु निकाल्नु पर्दछ र त्यो सम्भव नभए रगत देखिएको भाग काटेर निकाल्नु पर्दछ र त्यो पनि सम्भव नभए खुर्केर वा स्वाब बनाएर सङ्कलन गर्नु पर्दछ । संकलित स्वाबलाई कोठाको तापक्रम (Room Temperature) मा सुकाई Packaging, labeling र Sealing गरी अनुसन्धान अधिकृतको हस्ताक्षर र कार्यालयको छाप समेत लगाउनु पर्दछ ।

**५. पाँचौ चरणमा Post Application Procedures अन्तर्गत निम्नानुसार कार्य गर्नु पर्दछ :**

- घटनास्थलमा Luminol Reagent प्रयोग पश्चात् सङ्कलन गरिएको नमुनालाई सुरक्षित साथ प्रहरी कार्यालयमा ल्याउने र सबुदको श्रंखला (Chain of Custody) कायम गरी परीक्षणका लागि कार्यालयको पत्र (Covering Letter) सहित फोरेन्सिक प्रयोगशालामा पठाउनु पर्दछ ।

## Luminol Reagent का केही सीमाहरू

- Luminol को प्रयोगबाट रगत नलागेको अवस्थामा समेत फलाम (Iron) जन्य सामग्रीहरूमा समेत नीलो प्रकाश सृजना हुन सक्दछ ।
- उज्यालो भएको अवस्थामा Luminol Reagent को प्रतिकृयाबाट उत्पन्न नीलो रङ्को प्रकाश देख्न सकिने हुँदा घटनास्थललाई पूर्ण रूपमा अध्यारो पारेर मात्र यसको प्रयोग गर्नु पर्दछ ।
- Luminol Reagent को प्रयोग अवधि समाप्त (Date Expire) भएको अवस्थामा यसले अपेक्षित परिणाम दिन सक्दैन ।
- Luminol को प्रयोगबाट रगत लागेको ठाउँमा ३० सेकेण्डसम्म मात्रै नीलो प्रकाश सृजना हुन्छ । अतः प्रकाश देखिएको ठाउँको भौतिक सबुद तत्काल उठाई परीक्षण प्रतिवेदन प्राप्त गर्ने प्रयोजनार्थ तत्काल फोरेन्सिक प्रयोगशालामा पठाउनु पर्दछ ।

निष्कर्षमा भन्ने हो भने Luminol Reagent को प्रयोगले घटनास्थलमा अदृश्य रूपमा रहेको रगतका दागहरू स्पष्ट रूपमा संकेत गर्ने र उक्त भौतिक सबुदको परीक्षणले निर्णायक प्रमाण (Conclusive Evidence) को समेत कार्य गर्ने भएकोले Luminol को प्रयोगलाई अपराध अनुसन्धानको क्षेत्रमा एक महत्त्वपूर्ण नवीनतम आयामको रूपमा लिन सकिन्छ ।

# सम्पत्ति शुद्धीकरण अनुसन्धान : अवसर र चुनौती




**कृष्ण प्रसाद पंगेनी**

प्रहरी वरिष्ठ उपरीक्षक

मानव बेचबिखन अनुसन्धान ब्यूरो, बबरमहल


**आर्थिक अपराधहरू अन्तर्देशिय प्रकारका हुने र सम्पत्ति शुद्धीकरण जस्ता कसूरले विश्वकै वित्तीय प्रणालीलाई चुनौती दिने भएको हुँदा विश्व नै यसको निवारणका लागि एकजुट हुँदै गएको छ ।**

## पृष्ठभूमि

सामान्यतया आर्थिक उद्देश्य पूर्ति गर्न वा आर्थिक लाभ प्राप्त गर्न वित्तीय उपकरणहरूलाई प्रयोग गरी गरिने गैरकानूनी कार्यहरूलाई आर्थिक अपराध भनिन्छ । आर्थिक अपराधले समग्र आर्थिक प्रणाली, विकास निर्माण, शान्ति सुरक्षा तथा सुशासनमा असर पार्दछ । विश्वमा औधोगिक क्रान्तिको सफलतापछि आर्थिक अपराधको जन्म भएको र सूचना प्रविधिको द्रुत विकास र आर्थिक उन्नतिसँगै नवीनतम आर्थिक/वित्तीय अपराधहरू देखा पर्न थालेको पाइन्छ । इतिहासलाई नियाल्दा प्राचिनकालमा मेसोपोटामिया, इजिप्ट, भारत र चीनमा कर नतिर्ने, नाप तौलमा छल गर्ने र नक्कली मुद्राको उत्पादन जस्ता कार्यहरू सुरू भएको देखिन्छ । १८ औँ शताब्दीमा विश्वभर कम्पनीहरूले मजदुरलाई न्यूनतम तलबमा अत्यधिक काम गराउने, शेयर बजारमा चलखेल गर्ने, बैंकिङ् प्रणालीको दुरूपयोग गर्ने र नक्कली कागजातद्वारा ऋण लिने जस्ता गतिविधिहरू आर्थिक अपराधको रूपमा देखिन थालेको थियो । त्यसैगरी सन् १९८० को दशकबाट कम्प्युटर र इन्टरनेटको आगमनले साइबर अपराध मार्फत् आर्थिक अपराध नयाँ चरणमा प्रवेश गरेको पाईन्छ भने बैंकिङ् ठगी, कारोबारमा गैर बैंकिङ् प्रणालीको प्रयोग, सम्पत्ति शुद्धीकरण (Money Laundering–ML), आतङ्ककारी कार्य (Terrorist Financing–TF) मा वित्तीय लगानी जस्ता अपराधहरूको सुरूवात भएको अवस्था देखिन्छ । त्यस्तै २१ औं शताब्दीमा विश्व डिजिटल युगमा प्रवेश गरे सँगै धितोपत्र सम्बन्धी कसूर, बैङ्किङ कसूर, अभौतिक मुद्रा (Virtual Assets) सम्बन्धी कसूर, सम्पत्ति शुद्धीकरण (Money laundering), हुण्डी, Online ठगी, संस्थागत ठगी, Ransomware Attack जस्ता आर्थिक अपराधहरूको सुरूवात भएको पाईन्छ । यस अवस्थामा अमेरीकाको Enron Scandal (२००१) र Lehman Brothers Collapse (२००८) साथै जर्मनीको Wirecard Scandal (२०२०) जस्ता घटनालाई आर्थिक अपराधको परिष्कृत

उदाहरणको रूपमा लिन सकिन्छ ।

आर्थिक तथा वित्तीय अपराधको विशेषताहरूलाई हेर्दा यो बहुआयामिक, प्रविधियुक्त, व्यापक र जटिल देखिन्छ । आर्थिक अपराधहरू प्रायःजसो Non Violent and Victimless हुने हुँदा देशको आर्थिक प्रणालीमा यसको जोखिम र क्षतिको मूल्याङ्कन गर्न कठिन हुने तथा विशेष प्रकृतिका आर्थिक अपराध राज्य संयन्त्रका पदाधिकारी र उच्च वौद्धिक वर्गको समेत संलग्नतामा हुने भएकोले यसलाई श्वेतग्रिवी अपराध (White Collar Crime) को रूपमा समेत हेरिने गरिन्छ । आर्थिक अपराधहरू अन्तर्देशीय प्रकारका हुने र सम्पत्ति शुद्धीकरण जस्ता कसूरले विश्वकै वित्तीय प्रणालीलाई चुनौती दिने भएको हुँदा विश्व नै यसको निवारणका लागि एकजुट हुँदै गएको छ । यसकै प्रयास स्वरूप सन् १९८७ मा G7 समूहको सक्रियतामा Financial Action Task Force– FATF स्थापना भएको र यस कार्यदलले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणको निमित्त सूचक तथा अनुपालनाहरू निर्माण गरी आफ्नो ९ वटा क्षेत्रीय संस्थाहरू मार्फत विश्वभरमा कार्यान्वयनको अवस्थाको मूल्याङ्कन, निवारण प्रणाली विकासमा सहयोग र अन्तराष्ट्रिय परिवेशमा सहयोग आदान प्रदान गर्ने गर्दछ ।

नेपाल सन् २००२ मा FATF को क्षेत्रीय संस्था Asia Pacific Group on Money laundering–APG को सदस्य राष्ट्र भई सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्यमा वित्तीय लगानी र आमविनासका हातहतियार निर्माण वा विस्तारमा वित्तीय लगानी निवारणमा सहमत भई अन्तराष्ट्रिय मापदण्ड पूरा गर्न प्रतिवद्ध रहेको देखिन्छ । त्यस्तै, सन् २००४ बाट नेपाल क्षेत्रीय संगठन BIMSTEC को सदस्य राष्ट्र भएकोमा क्षेत्रीय रूपमा नेपालले सम्पत्ति शुद्धीकरण, आतङ्कवाद तथा आर्थिक अपराध निवारण गर्ने प्रतिवद्धता जनाएको छ । BIMSTIC को Convention on Cooperation in Combating International Terrorism, Transnational Organized Crime and Illicit Drug Trafficking, २००९ को नेपाल पक्ष राष्ट्र समेत रहेको छ । यसरी हेर्दा नेपाल अन्तराष्ट्रिय र क्षेत्रीय स्तरमा आर्थिक अपराध निवारण प्रणालीमा स्थापित सदस्य रहेको छ भने राष्ट्रिय स्तरमा आर्थिक अपराध निवारणमा जिम्मेवार भएर लाग्नुपर्ने देखिएको छ ।

**नकरात्मक सूचीबाट बाहिरिन र अन्तर्राष्ट्रिय स्तरमा नेपालको विश्वसनियता कायम राख्दै आर्थिक वृद्धिका लागि रणनैतिक कार्ययोजनाहरू जारी गरी राज्यका सम्पूर्ण नियामक निकाय तथा अनुसन्धानकारी निकायहरू लागी परिरहेका छन् । समसामयिक परिस्थितिलाई नियन्त्रणमा राख्न नेपालले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी तेस्रो रणनीति तथा कार्ययोजना (२०८१/८२ - २०८५/८६) र ग्रे लिष्टबाट बाहिरिने शिघ्र सुधारात्मक क्रियाकलापको विस्तृतिकरण, २०८२ जारी गरी सोही बमोजिमका क्रियाकलापहरूमा केन्द्रित भइरहेको देखिन्छ**

## नेपालको वर्तमान अवस्था

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी विरूद्ध नेपालले ३ 'P' अवधारणाः प्रवर्द्धनात्मक (Promotional), निरोधात्मक (Preventive) र दण्डात्मक (Punitive) नीति बनाई अघि बढेको देखिन्छ । नेपालका प्रचलित कानूनी व्यवस्थाहरू मध्ये विशेष गरी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण नियमावली २०८१, भ्रष्टाचार निवारण ऐन २०५९, पारस्परिक कानूनी सहायता ऐन २०७०, पारस्परिक कानूनी सहायता नियमावली २०७०, सङ्गठित अपराध निवारण ऐन २०७०, बैंकिङ् कसूर तथा सजाय ऐन २०६४, कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) ऐन २०७० जस्ता विशिष्टिकृत कानूनहरू ML/TF निवारणसँग आकर्षित रहेका छन् । सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरको अनुसन्धान सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको क्षेत्राधिकार भित्र रहेकोमा मिति २०८०/१२/३० गते सम्पत्ति शुद्धीकरण (मनी

लाउन्डरिङ्) निवारण ऐन, २०६४ मा भएको संशोधनले सम्बद्ध कसूर अनुसन्धान गर्ने निकायले नै सम्पत्ति शुद्धीकरणको अनुसन्धान गर्ने र आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरमा नेपाल प्रहरीले अनुसन्धान गर्ने व्यवस्था गरेको छ । यस व्यवस्थाले नेपाल प्रहरी लगायतका अनुसन्धानकारी निकायहरूलाई सम्पत्ति शुद्धीकरणको अनुसन्धानमा जिम्मेवार बनाई राज्यले सम्पत्ति शुद्धीकरण निवारण प्रणालीमा जोडेको देखिन्छ ।

नेपालले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी विरूद्ध गरेको प्रयास तथा कार्यहरू प्रर्याप्त नरहेको निष्कर्ष सहित FATF ले नेपाललाई सन् २०२५ फेब्रुवरी २१ मा ग्रे लिष्ट (Jurisdiction Under Increased Monitoring) मा समावेश गरेको छ भने European Union (EU) ले सन् २०२५ जुन १३ मा High–risk third Countries for Money Laundering and Terrorist Financing भनी जोखिमको सूचीमा राखेको छ । यस्ता नकरात्मक सूचीबाट बाहिरिन र अन्तर्राष्ट्रिय स्तरमा नेपालको विश्वसनियता कायम राख्दै आर्थिक वृद्धिका लागि रणनैतिक कार्ययोजनाहरू जारी गरी राज्यका सम्पूर्ण नियामक निकाय तथा अनुसन्धानकारी निकायहरू लागी परिरहेका छन् । समसामयिक परिस्थितिलाई नियन्त्रणमा राख्न नेपालले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी तेस्रो रणनीति तथा कार्ययोजना (२०८१/८२ - २०८५/८६) र ग्रे लिष्टबाट बाहिरिने शिघ्र सुधारात्मक क्रियाकलापको विस्तृतिकरण, २०८२ जारी गरी सोही बमोजिमका क्रियाकलापहरूमा केन्द्रित भइरहेको देखिन्छ । यसरी हेर्दा प्रमुख अनुसन्धानकारी निकायको रूपमा रहेको नेपाल प्रहरीको भूमिका आर्थिक अपराध निवारण प्रणालीमा निकै महत्त्वपूर्ण रहेको छ ।

## सम्पत्ति शुद्धीकरण अनुसन्धान

सम्बद्ध कसूरको अनुसन्धान गर्ने सम्बन्धित निकायले नै सम्पत्ति शुद्धीकरणको अनुसन्धान गर्ने व्यवस्था अनुसार सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्) निवारण ऐन, २०६४ को अनुसूची-१ को ३९ बुँदामा उल्लेख भएका सम्बद्ध कसूरहरू मध्ये नेपाल प्रहरीले अनुसन्धान गर्ने करीब ३० वटा बुँदामा सुचीकृत सम्बद्ध कसूरहरूमा सम्पत्ति शुद्धीकरणको समेत अनुसन्धान गर्ने जिम्मेवारी नेपाल प्रहरीले प्राप्त गरेको छ । अपराध अनुसन्धानमा ऐतिहासिक पृष्ठभूमि बोकेको नेपाल प्रहरीले यस जिम्मेवारीलाई अवसरको रूपमा लिँदै राज्यले अप्ठ्यारो परिस्थितिमा सुम्पिएको जिम्मेवारीलाई आत्मसाथ गरी पूरा गर्नुपर्ने देखिन्छ । त्यस्तै हालको विश्वव्यापिकरण, बढिरहेको श्रम आपर्वासनसँगै जोडिने मानव तस्करी, प्रविधिको बढ्दो प्रयोग, अभौतिक मुद्राको प्रयोग, गैर वित्तीय प्रणालीबाट हुने कारोबार, अन्तर्देशीय अपराध, अपराधमा समाजका प्रभावशाली व्यक्तिहरूको संलग्नता जस्ता विषयहरूले सम्पत्ति शुद्धिकरणको अनुसन्धानमा चुनौती थपिदिएको छ, जसअनुसार नेपाल प्रहरीले यस्ता चुनौतीहरू हटाउँदै अनुसन्धानलाई वस्तुनिष्ठ, प्रमाणमुखी र नवीनतम प्रविधिको प्रयोगतर्फ केन्द्रित गर्नुपर्ने देखिन्छ ।

सम्पत्ति शुद्धीकरण कसूर सामान्यतया स्वतन्त्र कसूर नभई सम्बद्ध कसूरको सह-उत्पादन हो । सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्) निवारण ऐन, २०६४ को दफा ३ ले सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने वा छल्ने, रूपान्तरण गर्ने, हस्तान्तरण गर्ने लगायतका कार्यलाई सम्पत्ति शुद्धीकरण भनी उल्लेख गरेको छ । त्यस्तै, Black's Law Dictionary का अनुसार "अवैध आयको मौलिक श्रोत लुकाएर वैध आम्दानीमा रूपान्तरण गर्ने क्रियालाई सम्पत्ति शुद्धीकरण भनिन्छ" । सामान्यतया सम्पत्ति शुद्धीकरणमा अवैध सम्पत्ति आर्जन (Illicit Origin) लाई शुद्धीकरण गर्ने ३ वटा चरणहरू हस्तान्तरण/रूपान्तरण (Placement, Transformation), तहकीकरण (Layering/Movement), राष्ट्रिय आर्थिक प्रणालीमा एकिकरण (Integration) देखा पर्दछन् । तर नेपालको कानूनले कुनै पनि चरणमा भएको कार्यलाई सम्पत्ति शुद्धीकरण भनी उल्लेख गरेको छ । सम्पत्ति शुद्धीकरणको अनुसन्धानमा सम्पत्तिको स्रोत (Source of Assets) महत्त्वपूर्ण हुने हुँदा उत्पत्तिको स्रोत (Source of Origin) लाई गैर कानूनी हो भनी पुष्टि गर्न अनुसन्धान केन्द्रित गर्नुपर्ने हुन्छ । यसरी अनुसन्धान गर्दा शङ्कित र सम्बन्धित व्यक्तिहरूको सम्पूर्ण सम्पत्तिलाई खोज्नुपर्ने र निजको वैध आयसँग तुलना गर्नुपर्ने हुन्छ । सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी कसूरको अनुसन्धानमा एकरूपता ल्याउन र अनुसन्धान प्रकृयालाई सहज बनाई अनुसन्धानमा सफलता प्राप्त गर्ने उद्देश्य सहित नेपाल प्रहरी प्रधान कार्यालयले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर अनुसन्धान दिग्दर्शन, २०८२ समेत जारी गरेको छ ।

सम्पत्ति शुद्धीकरण कसूरको अनुसन्धानमा ध्यान दिनुपर्ने मुख्य विषयहरू निम्नानुसार रहेका छन् :

- सम्बद्ध कसूर भएको हुनुपर्ने, कानूनले सम्बद्ध कसूर भनी परिभाषित नगरेको कसूरमा सम्पत्ति शुद्धीकरण आकर्षित नहुने,
- नेपाल प्रहरीको अनुसन्धान क्षेत्राधिकार भित्रको सम्बद्ध कसूर हुनुपर्ने, अन्य निकायको क्षेत्राधिकारमा परेमा सोही निकायमा पठाउनुपर्ने,
- सम्बद्ध कसूरबाट कसूरजन्य सम्पत्तिको (Proceed of Crime) आर्जन गरेको हुनुपर्ने, सम्पत्ति प्राप्त नहुने सम्बद्ध कसूरमा सम्पत्ति शुद्धीकरण नहुने,
- त्यसरी प्राप्त सम्पत्तिको कुनै पनि प्रकारको वित्तीय कारोबार गरेको हुनुपर्ने ।

## प्रारम्भिक जाँचबुझ

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा १३ बमोजिम कसैले सम्बद्ध कसूरसँगै सम्पत्ति शुद्धीकरणको उजुरी दिएमा वा ऐनको दफा १० बमोजिम वित्तीय जानकारी इकाईबाट विश्लेषणको सहितको जानकारी प्राप्त भएमा वा सम्बद्ध कसूरको अनुसन्धान गर्दै जाँदा सम्पत्ति शुद्धीकरण समेत हुन सक्ने विवरण फेला परेमा उजूरी प्राप्त गर्ने कार्यालयको प्रमुखले सो सम्बन्धमा प्रारम्भिक जाँचबुझ गर्नु वा गराउनुपर्ने हुन्छ । यसरी प्रारम्भिक जाँचबुझको लागि जाँचबुझ अधिकृतले अधिकतम ४५ दिनको समय प्राप्त गर्ने र जाँचबुझ पश्चात् सम्पत्ति शुद्धीकरणको अनुसन्धान गर्नु पर्ने वा नपर्ने आधार र कारण सहित कार्यालय प्रमुख समक्ष प्रतिवेदन पेस गर्नुपर्ने हुन्छ । यसरी प्रारम्भिक जाँचबुझ गर्दा शङ्कित व्यक्तिको सम्पत्तिको विवरण एकिन गर्नुका साथै निम्न विषयमा विशेष ध्यान दिनुपर्ने हुन्छ :

- सम्बद्ध कसूरको विद्यमानता, नेपाल प्रहरीले अनुसन्धान गर्ने सम्बद्ध कसूर भएको हुनु पर्ने,
- कसूरबाट आर्जित सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्ति रहे नरहेको,
- हस्तान्तरण तथा रूपान्तरण (Placement, Transformation), तहकीकरण (Layering/ Movement), एकिकृत (Integration) गरी वैध प्रणालीमा समावेश गराएको/नगराएको,

**प्रारम्भिक अनुसन्धान समाप्त भएपश्चात् सम्पत्ति शुद्धीकरणको अनुसन्धान सुरु गर्दा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई जानकारी दिने र अनुसन्धान अधिकृतले सम्बद्ध कसूरमा अनुसन्धान गर्दा आरोपित व्यक्तिले सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर गरेको देखेमा सोको समेत एकैसाथ अनुसन्धान गरी सबुद प्रमाण सङ्कलन गर्नुपर्दछ ।**

- कसूरबाट प्राप्त सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान, नि:सर्ग (Disposition), कारोबार (Movement), स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने, छली गरेको वा बदलेको, रूपान्तरण वा हस्तान्तरण भएको अवस्था विद्यमान रहे/नरहेको,
- कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने मनासिव आधार हुँदाहुँदै त्यस्तो सम्पत्ति प्राप्त गरेको, प्रयोग गरेको वा धारण गरेको अवस्था विद्यमान रहे/नरहेको,
- आपराधिक संस्था/समूहको आकार, प्रकृति तथा आपराधिक पृष्ठभूमि, शङ्कितको जीवनशैली, सम्पत्ति तथा सो को विविधता र खर्च गर्ने व्यवहार, आयभन्दा व्यय अस्वभाविक देखिएको/नदेखिएको ।

यसरी प्रारम्भिक जाँचबुझ गर्दा सम्पत्ति शुद्धीकरण तर्फ अनुसन्धान अगाडि बढाउनुपर्ने नदेखिएमा र सो प्रतिवेदनसँग कार्यालय प्रमुख सहमत भएमा जाँचबुझ गर्ने कार्यालयको एक तह माथिको कार्यालयको प्रमुखबाट निर्णय गराई तामेलीमा राख्ने व्यवस्था रहेको छ ।

## सम्पत्ति शुद्धीकरण अनुसन्धान

प्रारम्भिक अनुसन्धान समाप्त भएपश्चात् सम्पत्ति शुद्धीकरणको अनुसन्धान सुरू गर्दा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई जानकारी दिने र अनुसन्धान अधिकृतले सम्बद्ध कसूरमा अनुसन्धान गर्दा आरोपित व्यक्तिले सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर गरेको देखेमा

सोको समेत एकैसाथ अनुसन्धान गरी सबुद प्रमाण सङ्कलन गर्नुपर्दछ । सम्पत्ति शुद्धीकरणको अनुसन्धान गर्दा अनुसन्धान अधिकारीको सामान्य कानूनी कार्यविधि बाहेक निम्नानुसारको जिम्मेवारी पूरा गर्नुपर्ने हुन्छः

- प्रमाण सङ्कलनः वित्तीय विवरणहरू, डिजिटल प्रमाणहरू, बयान वा कागज, चल-अचल सम्पत्तिको विवरण, आयको विवरण, कारोबारका विवरणहरू, पारिवारिक सम्पत्ति विवरण, लगानीहरू आदि,
- शङ्कितको सम्पत्ति विवरण माग गर्ने,
- उल्लेख भएका व्यापार व्यवसायको तथा जीवनयापनको गोप्य अनुगमन,
- सम्पत्ति तथा कोषको रोक्का तथा नियन्त्रण,
- वास्तविक धनी (Beneficial Ownership) पहिचान,
- संलग्न कम्पनी, फर्महरू तथा संस्थाहरूको यकिन पहिचान,
- अभिलेख राखी ऐनको दफा १९(ग) मा भएका विशेष विधिको प्रयोग र राहादानी रोक्का,
- नेपाल बाहिर रहेको सम्पत्ति र अभौतिक मुद्रा प्रयोगको पहिचान र रोक्का,
- आवश्यकता अनुसार विशेषज्ञको सहयोग लिने ।

सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको हदम्याद सामान्यतया प्रारम्भिक जाँचबुझ सुरू भएको अनुसन्धानको मितिबाट १ वर्षको हुन्छ भने विदेशी निकायबाट विवरण प्राप्त गर्नुपर्ने तथा जटिल प्रकारको कसूर भएमा हदम्याद नहुने व्यवस्था रहेको छ । सम्पत्ति शुद्धीकरणको अनुसन्धान गर्दा सकभर सम्बद्ध कसूर साथ-साथै अनुसन्धान गर्ने, सो सम्भव नभएमा सम्बद्ध कसूरको मुद्दा दायर गरी सम्पत्ति शुद्दीकरणको अनुसन्धानलाई यथाशक्य छिटो सम्पन्न गरी प्रतिबेदन पेस गर्नुपर्छ । सम्बद्ध कसूरमा मुद्दा नचलेको वा चलेको भएपनि, मुद्दाको किनारा नभएको अवस्थामा पनि सम्पत्ति शुद्धीकरणको कसूरमा मुद्दा चलाउन सकिनेतर्फ समेत अनुसन्धानकर्ताले ध्यान दिनुपर्ने हुन्छ ।

## अनुसन्धान प्रतिवेदन तयारी

सम्पत्ति शुद्धीकरणको अनुसन्धान समाप्त भएपश्चात् अनुसन्धान प्रतिवेदन तयार गरी जिल्ला सरकारी वकील कार्यालयमा पेस गर्ने प्रयोजनार्थ अनुसन्धान प्रतिवेदन तयार गर्नुपर्ने हुन्छ र सम्बद्ध कसूरको मुद्दा दर्ता भएको सम्बन्धित जिल्ला अदालतमा नै यो मुद्दा दर्ता हुने कानूनी व्यवस्था रहेको छ । अनुसन्धान प्रतिवेदन तयार गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ बमोजिम तोकिएको अनुसूचीको ढाँचामा तयार गर्नु पर्दछ । अनुसन्धान प्रतिवेदन तयार गर्दा निम्न विषयमा विशेष ध्यान दिनुपर्ने हुन्छ :

- सम्बद्ध कसूरको अनुसन्धान गर्दा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर भएको शङ्का गर्नुपर्ने पर्याप्त आधार र प्रमाण नभएमा अनुसन्धान अधिकारीले सोही व्यहोरा खुलाई प्रचलित कानून बमोजिम सम्बद्ध कसूरको मात्र अनुसन्धान गरी प्रतिवेदन तयार गर्ने,
- आपराधिक आयको उत्पत्ति विश्लेषण गर्ने, सम्पत्ति शुद्धीकरण कसूरको चरण (Placement, Layering & Integration) कुन हो उल्लेख गर्ने, कसूरजन्य सम्पत्तिहरूको विवरण राख्दा मूल्याङ्कन गरी एकिन विवरण राख्ने (सम्बन्धित निकायको सहयोग लिन सकिने),
- कसूरबाट आर्जित सम्पत्ति बाहेकका स्रोत नखुलेको अन्य सम्पत्ति भए/नभएको यकिन गर्ने, बिगो कायम गर्दा कारोबार रकम (Transaction Amount) को आधारमा नभई वास्तविक शुद्धीकरण भएको सम्पत्ति र श्रोत नखुलेको सम्पत्ति छुट्याई उल्लेख गर्ने,
- ऐनको दफा २२ बमोजिम जफतको मागदाबी सहित अनुसन्धान प्रतिवेदन तयार गर्दा स्पष्ट हुनेगरी देहाय बमोजिम मागदाबी लिने
  - ऐनको दफा ३४ बमोजिम जफत हुने सम्पत्ति वा साधन,
  - ऐनको दफा २८ को उपदफा (४) बमोजिम जफत हुने सम्पत्ति वा साधन,
  - सम्पत्ति वा कसूरसँग सम्बन्धित साधन निर्दोष तेस्रो पक्षको हक, भोग, स्वामित्व वा हितमा रहेको देखिएमा र सो मूल्य बराबरको अन्य सम्पत्ति कसूरदारसँग रहेको वा कसूरदार वास्तविक धनी भएको पाइएमा निजको सम्पत्ति वा साधन,
- ऐनको दफा ४४ अनुसार अनुसन्धान प्रतिवेदनमा सजायको मागदाबीमा छुट लिनुपर्ने भएमा 'सजाय छुट दिने मागदाबी सम्बन्धी निर्देशिका, २०८०' को कार्यविधि अपनाउने,

- सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरमा कानूनी व्यक्ति वा कानूनी प्रबन्धको प्रयोग भएको वा कानूनी व्यक्ति वा कानूनी प्रबन्ध कसूरमा संलग्न भएमा सोको छुट्टै मागदाबी लिने,
- विदेशमा भए गरेको कसूरका सम्बन्धमा ऐनको दफा ५ मा भएको क्षेत्राधिकार उल्लेख गर्ने, मुद्दा दायर हुनु अगावै वा दायर भएपछि अभियुक्त वा प्रतिवादीको मृत्यु भएमा पनि मुद्दाको अनुसन्धान पूरा गर्ने,
- कुनै सम्पत्ति निःसर्ग (Disposition) गरी सकेको खण्डमा ऐनको दफा १८ (२) बमोजिम रोक्का राखी दफा ३४(२) बमोजिम बिगो कायम गरी जफतको मागदाबी लिने,
- अनुसन्धान प्रतिवेदनमा प्रतिवादीको संख्या एक भन्दा बढी रहेको अवस्थामा कसूरको प्रकृति अनुसार बिगो स्पष्ट हुने गरी छुट्टा छुट्टै मागदाबी लिने,
- कसूरबाट आर्जित सम्पत्तिबाट बढे बढाएको सम्पत्ति एकिन गरी अनुसन्धान प्रतिवेदनमा उल्लेख गरी बिगो कायम गर्ने,
- व्यक्तिको आय-व्यय र सम्पत्ति स्पष्ट छुट्टिने गरी तालिका बनाई अनुसन्धान प्रतिवेदनमा राख्ने, अनुसन्धानमा विशेषज्ञको सहभागिता भएको भए सो समेत खुलाई स्पष्ट उल्लेख गर्ने,
- कुनै विवरणहरू कुनै माध्यमबाट विदेशी निकायसँग माग भएको र सो विवरण प्राप्त नभएको अवस्थामा सो विषय स्पष्ट उल्लेख गर्ने ।

**सम्पत्ति शुद्धीकरणको अनुसन्धान गर्दा सकभर सम्बद्ध कसूर साथ-साथै अनुसन्धान गर्ने, सो सम्भव नभएमा सम्बद्ध कसूरको मुद्दा दायर गरी सम्पत्ति शुद्धीकरणको अनुसन्धानलाई यथाशक्य छिटो सम्पन्न गरी प्रतिबेदन पेस गर्नुपर्छ । सम्बद्ध कसूरमा मुद्दा नचलेको वा चलेको भएपनि, मुद्दाको किनारा नभएको अवस्थामा पनि सम्पत्ति शुद्धीकरणको कसूरमा मुद्दा चलाउन सकिने तर्फ समेत अनुसन्धानकर्ताले ध्यान दिनुपर्ने हुन्छ ।**

## प्रवृत्ति र आयाम (Trend and Typologies)

सम्पत्ति शुद्धीकरणको कसूरको तरिका, प्रवृत्ति र आयामहरू परिवर्तन भइरहने र अन्तर्देशीय अपराधको रूपमा विकसित भएको हुँदा विश्वमा अवलम्बन भएका कसूर गर्न अपनाइने तरिका, अभ्यास र आयामले राष्ट्रिय स्तरमा समेत असर गर्ने हुन्छ । अनुसन्धानकर्ताले सामान्यतया यसरी हेर्दा सम्पत्ति शुद्धीकरणका नयाँ आयाम तथा प्रवृत्तिहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

- **Currency Exchanges/Cash Conversion:** अवैध रूपमा कमाएको रकमलाई कानूनी देखाउन विदेशी मुद्रा सटही केन्द्र वा बैंकमार्फत एक मुद्रा अर्को मुद्रामा परिवर्तन गरिन्छ,
- **Cash Couriers/Currency Smuggling:** नगद रकमलाई लुकाएर सीमापार वा देशबाट बाहिर पठाउनुका साथै मानिसहरूलाई पैसा बोकेर यात्रु बनाएर रकम ओसार्न लगाइन्छ,
- **Structuring (Smurfing):** रिपोर्टिङको सीमा नकटोस् भनी ठुलो अवैध रकमलाई धेरै साना हिस्सामा बाँडेर धेरै व्यक्तिहरू वा खाताहरूको प्रयोग गरी बैंकमा जम्मा गरिन्छ,
- **Use of Financial Products, Services, Credit Cards, Cheques, Promissory Notes:** विभिन्न बैंकिङ उपकरण, डिजिटल कार्ड, चेक, बन्धपत्र प्रयोग गरी अवैध रकमलाई बैंकिङ प्रणालीमा ल्याइन्छ,
- **Purchase of Portable Valuable Commodities:** गहना, हिरा, सुन, बहुमूल्य धातुहरू किनेर रकमलाई सजिलै लुकाउन सकिन्छ, यी सामान सजिलै ओसार्न र बेच्न मिल्ने भएकाले सजिलो हुन्छ,
- **Purchase of Valuable Assets (Real Estate, Vehicles):** घरजग्गा, सवारीसाधन, भवन आदि खरिद गरेर अवैध रकमलाई कानूनी लगानी देखाइन्छ,

- **Commodity Exchanges (Barter)**: नगद प्रयोग नगरी सामानको साटासाट गरेर रकम शुद्धीकरण गरिन्छ,
- **Wire Transfers, Underground Banking (Hawala/Hundi)**: अवैध रकमलाई औपचारिक बैङ्क प्रणाली प्रयोग नगरी हवाला/हुन्डीको माध्यमबाट देश-विदेशमा पठाइन्छ,
- **Trade/Service–based Laundering:** नक्कली बिल बनाउने, Over Invoicing/Under Invoicing गरेर व्यापारमार्फत् कालो रकमलाई वैध देखाइन्छ,
- **Gaming Activities (Casinos, Internet Gambling):** क्यासिनो, अनलाइन जुवा साइटहरूमा रकम राखेर जितेको रकमलाई कानूनी देखाइन्छ,
- **Abuse of Non–Profit Organizations (NPOs):** गैर नाफामूलक संस्था (NGO) खोल्ने र त्यो मार्फत् दाताहरू वा परियोजनामा खर्च वा काम गरेको देखाउने,
- **Investment in Capital Markets:** शेयर बजार, कम वा बढीमा कारोबार, म्युचुअल फण्ड, बन्ड आदिमा लगानी गरेर अवैध रकमलाई वैध आम्दानी बनाइन्छ,
- **Mingling (Business Investment):** वैध व्यवसायमा कालो रकम मिसाएर कारोबारको आम्दानीसँगै लुकाउने,
- **Straw Man:** अरूको नाम प्रयोग गरेर सम्पत्ति किनबेच गर्ने गरिन्छ ताकि वास्तविक मालिक लुकोस्,
- **Shell Companies/Corporate Vehicles:** केवल कागजमा मात्र रहने कम्पनी खोलेर कारोबार नगरी कारोबारबाट नाफा भएको देखाई नाटक गरिन्छ,
- **Use of Offshore Banks/Businesses:** विदेशी बैङ्क वा ट्याक्स हेवनमा कम्पनी खोलेर रकम ट्रान्सफर गरिन्छ,
- **Use of Nominees, Trusts, Family Members:** परिवार वा ट्रस्टको नाममा सम्पत्ति राखेर स्रोत लुकाइन्छ,
- **Use of Foreign Bank Accounts:** विदेशी बैङ्कमा खाता खोलेर अवैध रकम त्यहाँ जम्मा गर्ने र आवश्यक पर्दा झिक्ने,
- **Identity Fraud/False Identification:** नक्कली नागरिकता, पासपोर्ट, कागजात बनाएर अवैध कारोबार गर्ने,
- **Gatekeepers (Lawyers, Accountants, Brokers):** कानूनी र वित्तीय सल्लाहकारलाई प्रयोग गरेर संरचनागत योजना बनाइन्छ,
- **New Payment Technologies & Virtual Assets:** क्रिप्टोकरेन्सी, बिटक्वाइन जस्ता डिजिटल सम्पत्ति प्रयोग गरेर रकम लुकाउने र देश-विदेश सजिलै पठाउने गरिन्छ ।

**आर्थिक अपराध, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानीसँग सम्बन्धित कसूरहरू समग्र आर्थिक प्रणाली, सुशासन, विकास निर्माण तथा शान्ति सुरक्षासँग जोडिने भएको हुँदा यसको निवारणका लागि नेपाल प्रहरीले आफूलाई प्राप्त जिम्मेवारी अनुसार प्रभावकारी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ । अन्तर्राष्ट्रिय स्तरमा बदलिँदो परिवेश र नेपालको अवस्थालाई समेत मध्यनजर गर्दै विभिन्न नकारात्मक सूचीहरूबाट बाहिरिन नेपाल प्रहरी क्रियाशील रहेको व्यहोरा समेत राज्य र आम जनतालाई अनुभूत गराउनुपर्ने देखिन्छ ।**

## जोखिम मूल्याङ्कन र जोखिम केन्द्रित पद्धति (Risk Assessment and Risk Based Approach)

सम्पूर्ण सम्बद्ध कसूरहरूमा सम्पत्ति शुद्धीकरणको अनुसन्धान गर्न विविध कारणले असम्भव रहेको हुँदा

जोखिम मूल्याङ्कन र जोखिमका आधारमा सम्पत्ति शुद्धीकरण कसूर अनुसन्धान गर्ने गरिन्छ । सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र FATF को Immediate Outcome No. १ र ७ ले समेत अनुसन्धानमा जोखिम मूल्याङ्कन र जोखिम केन्द्रित पद्धतिलाई अवलम्बन गर्ने विषयलाई उल्लेख गरेको छ । अनुसन्धान अधिकृतले सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अनुसन्धानमा सम्बद्ध कसूरमध्ये गम्भीर र उच्च जोखिमयुक्त सम्बद्ध कसूरलाई अनुसन्धानको विषयमा प्राथमिकता दिनुपर्ने हुन्छ । यसका लागि अनुसन्धानकारी निकायले जोखिम पहिचान तथा जोखिम मूल्याङ्कन गरी अनुसन्धानमा जोखिम केन्द्रित पद्धति अवलम्बन गर्नुपर्दछ । नेपालको राष्ट्रिय जोखिम मूल्याङ्कन प्रतिवेदन, २०७७ (National Risk Assessment Report, २०२०) ले भ्रष्टाचार, कर छली, हुण्डी, र बैंकिङ् कसूरलाई उच्च जोखिमयुक्त अपराधको सूचीमा राखेको छ त्यस्तै नेपाल प्रहरी प्रधान कार्यालयबाट भएको क्षेत्रगत जोखिम मूल्याङ्कन, २०८० ले बैंकिङ् कसूर, लागुऔषध, ठगी (सहकारी समेत) र संगठित अपराधलाई उच्च जोखिममा राखेको छ । बढीमात्रामा सम्पत्ति प्राप्ति र सम्पत्तिसँग सम्बन्धित सम्बद्ध कसूरहरूमा सम्पत्ति शुद्धीकरणको जोखिम बढी हुने भएको हुँदा नेपाल प्रहरीले अनुसन्धान गर्ने हुण्डी, मानव तस्करी, सहकारी ठगी, ठगी, अनलाईन सट्टेबाजी, अभौतिक मुद्राको प्रयोग, धितोपत्र सम्बन्धी कसूर र लागुऔषध कारोबार जस्ता अपराधहरू सम्पत्ति शुद्धिकरणको विशेष जोखिमका क्षेत्रको रूपमा लिन सकिन्छ । सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी कसूर अनुसन्धान दिग्दर्शन, २०८२ ले सम्बद्ध कसूरको जोखिम उच्च रहने आधार तथा सूचकहरू निम्न हुने उल्लेख गरेको छ जसलाई जोखिमको मूल्याङ्कन गर्न प्रयोग गर्न सकिन्छ:

- कसूर गर्दा लामो समय देखिको योजना रहेको, ठुलो रकम वा ठुलो रकमलाई विभाजन (Structuring or Smurfing) गरी धेरै कारोबार गरेको,
- कसूरबाट आर्जित सम्पत्ति (Proceeds of Crime) को परिमाण उच्च रहेको, वित्तीय प्रणालीको दुरूपयोग गरेको, नवीनतम प्रविधि (Virtual Assets, Virtual Assets/Service Provider) को दुरूपयोग गरेको,
- कानूनी व्यक्तिको दुरूपयोग गरेको, कृत्रिम रूपमा सेल कम्पनी (Shell Company) खडा गरेको, वास्तविक धनी लुकाइएको,
- अन्य देश (Offshore) वा जोखिमयुक्त देशहरू (High Risk Jurisdictions) मा कारोबार गरेको देखिएको, उच्चपदस्थ व्यक्तिहरू संलग्न भएको, कसूरले समाज र आर्थिक प्रणालीमा नकारात्मक प्रभाव पारेको ।

## राष्ट्रिय तथा अन्तराष्ट्रिय समन्वय

आर्थिक अपराध र सम्पत्ति शुद्धीकरण कसूर अनुसन्धान जटिल, अन्तर्देशीय सञ्जाल हुन सक्ने र समय लाग्न सक्ने भएकाले अनुसन्धान अधिकारी र एकल निकायको मात्र प्रयासले सम्भव नहुने हुँदा यसमा राष्ट्रिय तथा अन्तराष्ट्रिय समन्वय तथा सहकार्य आवश्यक पर्ने हुन्छ । अनुसन्धान गर्ने कार्यालयले कसूरको अनुसन्धानको सिलसिलामा आवश्यकता अनुसार कुनै निकाय वा सार्वजनिक संस्थाको सहयोग माग गर्न सक्छ । यसरी सहयोग माग गरेकोमा सहयोग गर्नुपर्ने सम्बन्धित निकायको कर्तव्य हुन्छ । यसैगरी अनुसन्धान गर्न लागेको कसूरको प्रकृतिबाट कुनै निकायमा कार्यरत विशेषज्ञसँग परामर्श गर्नुपर्ने वा त्यस्तो विशेषज्ञलाई समेत अनुसन्धानमा संलग्न गराउनुपर्ने देखेमा सम्बन्धित निकायलाई काजमा पठाईदिन सम्बन्धित निकायसँग अनुरोध गर्न सकिन्छ । यसरी अनुरोध गरेकोमा सम्बन्धित निकायले अनुसन्धान गर्ने कार्यालयलाई विशेषज्ञ उपलब्ध गराउनु पर्दछ । अनुसन्धानको क्रममा कुनै व्यक्ति वा संस्थाको शंकास्पद विवरण, सीमा कारोबार विवरण प्राप्त गर्न र वित्तीय विश्लेषण गर्ने लगायत विषयमा वित्तीय जानकारी इकाई (Financial Intelligence Unit– FIU) सँग समन्वय गर्नुपर्ने हुन्छ र त्यसैगरी अध्यागमन विभाग, नियामक निकायहरू, सूचक संस्थाहरू, स्थानीय तहहरू लगायतसँग समन्वय गर्नुपर्ने हुन्छ । नेपाल बाहिरबाट सूचना प्राप्त गर्नको निमित्त विशेषगरी ३ वटा निकायहरू : पारस्परिक कानूनी सहायताको लागि कानून मन्त्रालयका केन्द्रीय अधिकारी, वित्तीय विवरणका लागि FIU मार्फत EGMONT Group र इन्टरपोललाई प्रयोग गर्नुपर्ने हुन्छ । यी सबै निकायहरूसँगको समन्वयले मात्र सम्पत्ति शुद्धीकरणको अनुसन्धानलाई परिणामयोग्य बनाउने गर्दछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँग समन्वय गरी नेपालले विभिन्न घटनाहरूमा सफल अनुसन्धान गरेको पाइन्छ :

## हत्या तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी

- मिति २०७३ पौष १३ गते जिल्ला बारा करइया गा.वि.स. ८ स्थित सहजनाथ सामुदायिक वनमा २ जना भारतीय नागरिक मृत अवस्थामा फेला परेको, निजहरूको पहिचान हुन नसकेको,
- INTERPOL मार्फत् उल्लेखित घटनासँग सम्बन्धित भई भारतले मृतकहरू मिति २०७३/०६/३० गते बिहारको घोडासान रेल्वे स्टेसनमा भएको प्रेसर कुकर विष्फोटनको घटनामा निज मृतकहरू केही संलग्न रहेको जानकारी दिएको र सो पश्चात् मृतकहरूको पहिचान भएको,
- हत्याको घटनामा नेपालको अध्यागमन विभाग, UAE, भारत र पाकिस्तानी INTERPOL को सहयोगमा प्रतिवादीहरूको Travel History, नेपाल राष्ट्र बैंकसँग वित्तीय कारोबारको विवरण लगायतका प्रमाणहरू सङ्कलन गरी घटनाको परिस्थितिलाई मूल्याङ्कन गरी UAE बाट प्रतिवादी नेपाल डिपोर्ट गरिएको,
- हत्यामा मिति २०७५/०३/२८ गते जिल्ला अदालत बाराबाट मुख्य कसूरदारहरूलाई जन्मकैदको फैसला भएको,
- त्यसैगरी मिति २०७३/११/०८ गते जिल्ला प्रहरी कार्यालय बाराबाट सोही घटनामा आतङ्ककारी कार्यमा वित्तीय लगानीको थप अनुसन्धानको लागि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा मिसिल पठाइएको,
- UAE, पाकिस्तान र भारतसँग समन्वय गरी भएको अनुसन्धानमा शङ्कित व्यक्तिहरूबाट ५ लाख ७५ हजार रूपैँया भारतमा विस्फोट गराउन पाकिस्तानबाट नेपाली व्यक्तिलाई प्राप्त भएकोमा उक्त रकम प्राप्त गर्ने व्यक्तिहरूले सो विस्फोट नगराई पैसा समेत ठगेको कारण निजहरूको नेपालमा ल्याई हत्या भएको खुल्न आएको,
- सोही विषयमा अन्तर्राष्ट्रिय/राष्ट्रिय समन्वय र सहकार्यबाट प्राप्त प्रमाण सहित मिति २०७५/०७/०८ गते विशेष अदालतमा मुद्दा दायर भएको आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी मुद्दा ठहर भई प्रतिवादीहरूलाई १२/१२ वर्ष थप सजाय भई निजहरूको सम्पत्ति समेत जफत भएको ।

## निष्कर्ष

आर्थिक अपराध, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानीसँग सम्बन्धित कसूरहरू समग्र आर्थिक प्रणाली, सुशासन, विकास निर्माण तथा शान्ति सुरक्षासँग जोडिने भएको हुँदा यसको निवारणका लागि नेपाल प्रहरीले आफूलाई प्राप्त जिम्मेवारी अनुसार प्रभावकारी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ । अन्तर्राष्ट्रिय स्तरमा बदलिँदो परिवेश र नेपालको अवस्थालाई समेत मध्यनजर गर्दै विभिन्न नकरात्मक सूचीहरूबाट बाहिरिन नेपाल प्रहरी क्रियाशील रहेको व्यहोरा समेत राज्य र आम जनतालाई अनुभुत गराउनुपर्ने देखिन्छ । आर्थिक अपराध तथा सम्पत्ति शुद्धीकरण सम्बन्धी अपराधहरूमा गैर बैंकिङ् प्रणालीको प्रयोग, अभौतिक मुद्राहरूको प्रयोग, गैर नाफामूलक संस्थाहरूको संलग्नता, अन्तर्राष्ट्रिय कारोबार जस्ता विषयहरूले गर्दा अनुसन्धानमा चुनौती थपिदिएको छ भने यसलाई समाधान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय, अनुसन्धान अधिकृतहरूको क्षमता अभिवृद्धि जस्ता विषयहरूले अहम् भूमिका निर्वाह गर्दछन् । सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा विशेषगरी 5P: Power, Position, Professional, Protection, Proxy को प्रयोग हुन सक्ने हुँदा अनुसन्धान अधिकृतहरू अनुसन्धानका नवीनतम विधितर्फ केन्द्रित हुनुपर्ने देखिन्छ । जोखिमको मूल्याङ्कन गरी जोखिम केन्द्रित पद्दति अवलम्बन गर्न सकेमा मात्र राज्य तथा नेपाल प्रहरीले अपेक्षा गरेको उपलब्धिलाई हासिल गर्दै अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मञ्चहरूमा नेपालले आफ्नो आर्थिक विश्वसनियता वृद्धि गर्न सक्ने देखिन्छ । तसर्थ बढ्दो आर्थिक अपराधहरूको नियन्त्रण तथा निवारणका लागि नेपाल प्रहरीलाई दिइएको जिम्मेवारीलाई अवसरको रूपमा लिँदै राज्यको आर्थिक प्रणालीलाई मजबुत बनाउनको निमित्त सम्पूर्ण अनुसन्धान अधिकृतहरूले नयाँ प्रवृत्तिहरूको विश्लेषण सहित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वयलाई उपयोग गरी आर्थिक अपराध अनुसन्धानलाई प्राथमिकतामा राख्नुपर्ने आजको आवश्यकता छ ।

# Artificial Intelligence in Law Enforcement: Opportunities, Challenges, and Ethical Considerations

## Introduction

Artificial Intelligence (AI) is revolutionizing law enforcement by providing technologies to enhance crime prevention, streamline investigations, and improve public safety. From predictive policing to advanced surveillance, AI enables agencies to process vast datasets, uncover hidden patterns, and respond to threats with unprecedented efficiency. However, these advancements come with ethical, legal, and operational challenges that demand careful oversight. This article explores AI's transformative impact on law enforcement, its applications, benefits, challenges, and the importance of responsible governance, with insights from global practices and Nepal's National AI Policy Draft 2081.

## Applications of AI in Law Enforcement

### Predictive Policing

AI-driven predictive policing analyzes historical crime data, socioeconomic factors, and environmental patterns to forecast potential crime hotspots. Systems like PredPol, used in cities such as Los Angeles, optimize patrol routing and resource allocation, enabling proactive crime prevention. For example, the Los Angeles Police Department reported reduced property crimes in targeted areas due to AI-guided patrols.

### Facial Recognition and Biometric Identification

AI-powered facial recognition systems, such as Clearview AI, match faces from surveillance footage against offender or missing persons databases, even in challenging conditions like poor lighting. Advanced biometric tools, including voice recognition and gait analysis, further enhance identification capabilities, support rapid suspect identification and missing persons searches.



**Rabin Raj Gautam**
Er. Inspector

**Artificial Intelligence (AI) is revolutionizing law enforcement by providing technologies to enhance crime prevention, streamline investigations, and improve public safety. From predictive policing to advanced surveillance, AI enables agencies to process vast datasets, uncover hidden patterns, and respond to threats with unprecedented efficiency.**

### Automated License Plate Recognition (ALPR)

AI-enabled ALPR systems scan license plates in real-time, cross-referencing them with databases of stolen vehicles or wanted individuals. These systems have proven effective in recovering stolen cars and apprehending suspects, as seen in widespread use across U.S. and European law enforcement agencies.

### Digital Evidence Analysis

Machine learning algorithms process vast digital datasets, including social media posts, emails, and multimedia files, to identify patterns and connections. AI can reconstruct deleted files, decrypt communications, or map relationships between suspects, significantly reducing investigation times. For instance, tools like Cellebrite's AI-driven forensics have streamlined evidence analysis in complex cases.

### Natural Language Processing (NLP) for Documentation

NLP tools automate police report generation by transcribing body camera audio, interviews, and officer notes. These systems extract key details, ensure record accuracy, and flag inconsistencies, reducing administrative burdens. The use of NLP, tools like Nuance Dragon Law Enforcement has allowed agencies to improve documentation quality while freeing officers for fieldwork.

### Autonomous Surveillance and Drones

AI-equipped drones and CCTV systems, like China's Sky Eye with over 200 million cameras, enable real-time monitoring and threat detection. These systems track movement patterns, assess behavioral indicators, and alert authorities to suspicious activities, enhancing situational awareness in crowd control and disaster response scenarios.

### Combating AI-Facilitated Cybercrime

The rise of AI-facilitated cybercrime, where criminals exploit advanced AI tools, poses a significant challenge for law enforcement. Malicious actors leverage technologies like deepfakes for impersonation and evidence tampering, AI-driven phishing and social engineering to deceive victims, and adaptive malware to evade cybersecurity measures. Additional threats include automated fraud, cyber espionage, algorithmic trading manipulation, exploitation of IT devices, and AI-generated content for extortion. These crimes are complex, scalable, and often transnational, complicating detection and attribution. To combat these threats, law enforcement agencies are deploying AI-powered detection systems to identify anomalies and deepfake signatures, collaborating with tech experts to develop countermeasures, enhancing officer training in digital forensics, strengthening international legal frameworks, and promoting public awareness to bolster resilience against AI-driven criminal tactics.

**AI systems trained on biased datasets can perpetuate systemic inequalities. For example, predictive policing tools have been criticized for disproportionately targeting minority communities, as seen in Chicago's discontinued Strategic Subject List, which raised concerns about fairness and transparency.**

## Benefits of AI in Law Enforcement

- **Efficiency**: AI optimizes resource allocation, enabling data-driven deployment of personnel and reducing administrative workloads.
- **Speed**: Automated evidence analysis and real-time surveillance accelerate investigations, allowing faster case resolution.
- **Safety**: AI identifies high-risk situations, providing real-time alerts to protect officers and the public.
- **Objectivity**: Well-designed AI systems reduce human bias, promoting equitable enforcement when trained on representative data.

- **Scalability**: AI processes terabytes of data quickly, enabling agencies to handle complex, multi-jurisdictional investigations.

## Challenges and Ethical Concerns

### Algorithmic Bias

AI systems trained on biased datasets can perpetuate systemic inequalities. For example, predictive policing tools have been criticized for disproportionately targeting minority communities, as seen in Chicago's discontinued Strategic Subject List, which raised concerns about fairness and transparency.

### Privacy and Civil Liberties

Extensive use of facial recognition and surveillance, such as China's Sky Eye, raises concerns about mass monitoring and privacy violations. It is crucial that any use of AI in surveillance respects constitutional rights, ensures transparency, and avoids infringing on civil liberties.

### Transparency and Accountability

Many AI systems operate as "black boxes," making it difficult to understand their decision-making processes. This lack of transparency complicates accountability, especially in cases of errors, such as wrongful arrests due to faulty facial recognition.

### Technical Infrastructure

Maintaining AI systems requires significant resources, including server farms, real-time analytics platforms, and specialized expertise. Smaller agencies may struggle to scale these technologies effectively.

### Over-Reliance on Technology

Excessive dependence on AI risks diminishing officers' critical thinking and judgment, potentially leading to errors if systems are trusted without human oversight.

## Case Studies

- **China's Sky Eye System**: With over 200 million CCTV cameras and a database covering 1.4 billion people, this AI-driven system enables rapid suspect identification and crime reduction. However, it has faced international criticism for monitoring ethnic minorities and political dissidents, highlighting privacy concerns.

**By prioritizing robust governance, community engagement, and human oversight, agencies can harness AI's potential while upholding justice and civil liberties. The future of AI in law enforcement lies in collaborative efforts among technologists, policymakers, and communities to ensure innovation serves the public good.**

- **Chicago's Strategic Subject List**: This AI tool aimed to identify individuals at risk of violent crime but was discontinued due to bias concerns and lack of transparency, underscoring the need for ethical AI deployment.
- **London Metropolitan Police's Live Facial Recognition**: Used for arrests, this system has faced legal challenges over privacy violations, prompting calls for stricter regulations.

## Nepal's National AI Policy Draft 2081: A Model for Responsible AI

Nepal's National AI Policy Draft 2081 serves as a forward-thinking blueprint for responsible and ethical use of artificial intelligence. Recognizing AI as a transformative tool for national development, the policy draft focuses on integrating AI into key sectors such as education, healthcare, agriculture, tourism, and public service. It aims to create a secure and inclusive AI ecosystem by addressing existing challenges like lack of skilled manpower, limited access to quality data, and weak legal frameworks. The policy draft envisions the establishment of a National AI Center and an AI Regulation Council to oversee ethical standards, ensure transparency, and promote responsible AI

practices aligned with national sovereignty and global norms.

At the heart of the policy draft is a commitment to ethical innovation and inclusive growth. It promotes AI literacy, research, and entrepreneurship while encouraging public-private partnerships and international cooperation. The draft outlines measures for capacity building, including curriculum development, AI-focused training, and incentives for startups. By emphasizing data protection, fairness, and human oversight, the draft ensures that AI technologies are used in ways that uphold human rights and public trust. In doing so, Nepal positions itself as a model for developing nations striving to balance technological advancement with social responsibility.

## The Path Forward: Ethical and Effective AI Use

To balance AI's benefits with its risks, law enforcement agencies should:

- **Adopt Governance Frameworks**: Establish clear policies, regular audits, and oversight mechanisms to ensure responsible AI use.
- **Engage Communities**: Foster transparency through public input to build trust and address concerns.
- **Mitigate Bias**: Continuously test and correct AI systems to prevent discriminatory outcomes.
- **Prioritize Human Oversight**: Use AI as a decision-support tool, with humans retaining final authority.
- **Develop Infrastructure**: Invest in scalable AI systems and training for technical police units to manage deployments effectively.

## Future Trends

Advanced Operations Centers represent the future of coordinated data-driven policing. These centers leverage AI to monitor real-time data feeds such as surveillance footage, sensor alerts, and emergency calls and make rapid decisions on resource deployment.

Drawing inspiration from Huawei's AI-powered command centers in China, these systems can automatically analyze incidents and dispatch the nearest law enforcement units based on location, traffic conditions, and threat level. By integrating AI with GIS mapping and predictive analytics, such centers enhance situational awareness and streamline responses to everything from traffic violations to public safety threats. This shift from reactive to proactive policing enables faster decision-making, better resource allocation, and a higher level of public safety in both urban and rural areas.

## Conclusion

AI is transforming law enforcement by enabling data-driven policing, faster investigations, and enhanced public safety. However, its adoption must address challenges like bias, privacy, and transparency to maintain public trust. Nepal's National AI Policy Draft 2081 exemplifies a proactive approach to ethical AI governance, offering lessons for global law enforcement. By prioritizing robust governance, community engagement, and human oversight, agencies can harness AI's potential while upholding justice and civil liberties. The future of AI in law enforcement lies in collaborative efforts among technologists, policymakers, and communities to ensure innovation serves the public good.

### References:

1. https://www.cognyte.com/blog/ai-and-crime/
2. https://www.policechiefmagazine.org/
3. https://eucrim.eu/news/europol-report-benefits-and-challenges-of-ai-for-law-enforcement/

# वन्यजन्तु अपराधः दुर्लभ वन्यजन्तुको चोरी शिकार तथा ओसारपसार

## वन्यजन्तु अपराधको पृष्ठभूमि

प्राकृतिक स्रोतका महत्त्वपूर्ण तत्व वन्यजन्तु तथा वनस्पति लगायत जैविक विविधताको संरक्षण र संवर्द्धन समस्त मानव समुदायका लागि अपरिहार्य एवम् चुनौती समेत हो । यिनीहरूको संरक्षण र संवर्द्धन हामी सबैको कर्तव्य हो । विश्वमा बढी हुने कसूरहरूमा वन्यजन्तु कसूर पनि एक हो । गरिबी, अशिक्षा, अन्धविश्वास, परम्परागत रूपमा औषधी बनाउने तथा सोखको रूपमा घरमा सजाउने जस्ता कारण वन्यजन्तुको चोरी शिकार, तस्करी एवम् अवैध व्यापार भइरहेको पाइन्छ । व्यक्ति विरूद्धका कसूरले जस्तो समाजमा प्रत्यक्ष असर नपार्ने हुँदा सार्वजनिक व्यक्तिले वन्यजन्तु कसूरको सूचना तथा जानकारी कमै दिने गरेको पाइन्छ । सामान्यतया अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय कानूनको विपरीत वन्यजन्तु मार्ने, अङ्ग साथमा राख्ने, बिक्री तथा व्यापार गर्ने, प्रयोग गर्ने, ओसारपसार गर्ने लगायतका कार्य वन्यजन्तु कसूर हुन् जसले वन्यजन्तुको संरक्षणलाई र समग्र वातावरणमा नकारात्मक प्रभाव पार्ने हुँदा पनि यस्ता कसूरलाई सजायको दृष्टिले गम्भीर कसूर मानेको देखिन्छ ।

## वन्यजन्तु अपराध नियन्त्रणमा CIB को भूमिका

संगठित तरिकाले अन्तरदेशीय रूपमा वन्यजन्तु कसूर भईरहेको अवस्थामा विशिष्टीकृत अनुसन्धान तहकिकात गर्न वि.सं. २०६७ सालमा स्थापित केन्द्रीय अनुसन्धान ब्यूरो (CIB) मा स्थापना कालदेखि नै वातावरण तथा वन्यजन्तु सम्बन्धी कसूर रोकथाम, नियन्त्रण तथा अनुसन्धान गर्ने निकायहरूलाई अनुसन्धानमा सहयोग गर्दै आएको परिप्रेक्ष्यमा मिति २०६८ जेठ २९ गते बसेको National Wildlife Crime Control Coordination Committee (NWCCCC) को बैठकबाट निर्णय गरी CIB मा वातावरण तथा वन्यजन्तु कसूर रोकथाम, नियन्त्रण, अनुसन्धान, अनुशिक्षण तथा सचेतना गर्ने उद्देश्यले वि.सं. २०६९ चैत्र २ गते पिलर-४ को स्थापना भएको हो ।

### केन्द्रीय अनुसन्धान ब्यूरो (CIB)
### पिलर-४

नेपालमा विभिन्न अपरेशनहरू सञ्चालन गरी अन्तरदेशीय वातावरणीय कसूरको विरूद्धमा कार्य गर्दै चोरी शिकारी नियन्त्रणमा पुऱ्याएको उल्लेखनीय योगदानको कदर स्वरूप नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले अन्तर्राष्ट्रिय पुरस्कार Clark R. Bavin Wildlife Law Enforcement Award 2016 र Asia Environmental Enforcement Awards 2018 बाट सम्मानित भएको छ ।

केन्द्रीय अनुसन्धान ब्यूरोले बिगतका वर्षहरूमा नेपालका विभिन्न जिल्लाहरूबाट भारतीय बावरिया/बन्जारा समूहलाई बाघको छाला, हड्डी तथा बाघ मार्ने पासो सहित पक्राउ गरी कानूनी दायरामा ल्याएपछि हाल सो समूहको सक्रियता देखिएको छैन ।

केन्द्रीय अनुसन्धान ब्यूरोले विभिन्न निकायहरूसँग समन्वय, सहकार्य तथा सह-अस्तित्व कायम गर्दै आइरहेको छ । त्यसैगरी वन्यजन्तु कसूर सम्बन्धी जानकारी दिन Community Police Partnership अन्तर्गत विभिन्न निकायहरूको बिचमा सचेतना कार्यक्रम गर्दै आइरहेको छ । यसरी नेपालमा विभिन्न अपरेशनहरू सञ्चालन गरी अन्तरदेशीय वातावरणीय कसूरको विरूद्धमा कार्य गर्दै चोरी शिकारी नियन्त्रणमा पुऱ्याएको उल्लेखनीय योगदानको कदर स्वरूप नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले अन्तर्राष्ट्रिय पुरस्कार Clark R. Bavin Wildlife Law Enforcement Award 2016 र Asia Environmental Enforcement Awards 2018 बाट सम्मानित भएको छ ।



## नेपालमा भएको वन्यजन्तु अपराधमा आन्तरिक कनेक्शन

चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र विभिन्न मितिमा २० वटा गैडा मारी खाग बिक्री गरेको, ५ वटा गैडालाई गोली हानी घाइते बनाएको र छुट्टै २ वटा गैडाको खाग बिक्री गरेको कसूरमा वारदात मितिदेखि नै फरार रहेका चितवनका राजकुमार प्रजा बैदेशिक रोजगारी भनी मलेशिया गई लुकेर बसेको अवस्थामा Interpol मार्फत रेड नोटिस जारी गरी मिति २०७१।१०।२५ गते नेपाल फिर्ता आएको बखत केन्द्रीय अनुसन्धान ब्यूरोले पक्राउ गरी कानूनी दायरामा ल्याएको थियो ।

मिति २०७४।०६।३१ गते नाईजेरियाबाट ईस्तानवुल (टर्की) हवाई बाटो हुदै अवैध रूपमा नेपालमा पैठारी गरी ओसारपसार गर्दै भारत लगी बिक्री गर्ने उद्देश्यले नेपाल भित्र्याइएका CITES Appendix I मा सूचीकृत जिवित चिम्पाञ्जी-२ ओटा र CITES Appendix II मा सूचीकृत जिवित बाँदर-८ ओटा बरामद (उद्दार) गरी मोहम्मद उष्मान समेत संलग्न ९ जना (नेपाली-५, भारतीय-३ र पाकिस्तानी-१ जना) मानिसहरूलाई पक्राउ गरिएको थियो । प्रस्तुत कसूरमा काठमाडौँ जिल्ला अदालतको मिति २०७६।०५।३० गतेको फैसला बमोजिम सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ बमोजिम कसूर ठहर भएको र संगठित अपराध निवारण ऐन, २०७० बमोजिम कसूर ठहर भएन । जिवित उद्दार गरिएका चिम्पाञ्जी र बाँदरहरू हाल सदर चिडियाखाना जावालाखेल ललितपुरमा सर्वसाधारणलाई अवलोकन गर्न खुला गरिएको छ ।

## वन्यजन्तु अपराधको अनुसन्धान र साझेदारी निकायहरूसँगको सहकार्य

केन्द्रीय अनुसन्धान ब्यूरोले अनुसन्धान तथा कारबाही एवम् अनुशिक्षण कार्यक्रमहरूमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन विभाग र अन्तर्गतका कार्यालयहरू राष्ट्रिय निकुञ्ज कार्यालयहरू, डिभिजन वन कार्यालयहरू, नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल लगायत अन्य सरोकारवाला निकायहरूसँग समन्वय गर्दै आएको छ । यसैगरी अन्तर्देशीय रूपमा वन्यजन्तु अपराध सम्बन्धी सूचना आदान प्रदान एवम् तालिमको लागि





South Asian Wildlife Enforcement Network (SAWEN), INTERPOL–Environment Security Wings र WCCB India सँग पनि केन्द्रीय अनुसन्धान ब्यूरोले समन्वय एवम् सहकार्य गर्दै आएको छ भने वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी अनुशिक्षण तथा सचेतना लगायतमा WWF Nepal सँग समेत समन्वय सहकार्य गर्दै आएको छ ।

## वन्यजन्तु अपराध अनुसन्धानमा देखिएका प्रमुख चुनौतीहरू

- प्रदेश स्तरीय विधिविज्ञान प्रयोगशाला लगायत विशिष्टिकृत अनुसन्धान इकाईहरूको स्थापना हुन नसकेको,
- Internet एवम् Social Media, Online Illegal Wildlife Trade (Cyber Trafficking) को बढ्दो प्रयोग,
- तत्काल घटनास्थलमा बरामद गरिएका सामान सक्कली/नक्कली भनी आखेटोपहार पहिचानमा समस्या,
- नेपाल वन्यजन्तु व्यापारको स्रोत, पारवाहन एवम् ट्रान्जिट प्वाइन्टको रूपमा देखा पर्दै गरेको,
- बरामद आखेटोपहार घटनास्थलसँग जोड्नमा कठिनाई,
- वातावरण तथा वन्यजन्तु अपराध सम्बन्धमा सचेतना तथा प्रशिक्षणको कमी रहेको,
- वन्यजन्तु कसूरमा कसूरदार ठहरिएका व्यक्तिहरूको विवरण नेपाल प्रहरीको Criminal Record System मा अद्यावधिक नभएको ।

## निष्कर्ष

नेपालमा नपाइने वन्यजन्तु तथा वनस्पति कानून विपरीत नेपालमा पैठारी तथा निकासी भएमा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ आकर्षित हुने अन्तरदेशीय कसूरको सन्दर्भमा अर्को देशसँग पारस्परिक कानूनी सहायता, कसूरदार तथा प्रमाण हस्तान्तरण गर्ने कार्यमा सहयोग र समन्वय विस्तार गर्न आवश्यक देखिन्छ । वन्यजन्तु कसूर गरी आर्जन गरेको सम्पत्ति कसूरको अनुसन्धानको क्रममा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी गरेको देखिन आएमा सम्पत्ति शुद्धीकरणतर्फ समेत अनुसन्धान, पटके कसूरदार जस्ता विषयहरू समावेश गरी स्पष्ट गर्नुपर्ने देखिन्छ । साथै नेपाल संकटापन्न, दुर्लभ र महत्त्वपूर्ण वन्यजन्तु तथा वनस्पतिको स्रोत मुलुकको रूपमा रहँदै आएको अवस्थामा यी वन्यजन्तु एवम् वनस्पति लगायत जैविक विविधताको संरक्षण एवम् संवर्धन गर्ने कार्य समेत उत्तिकै महत्त्वपूर्ण रहेको छ ।

हालका दिनहरूमा वन्यजन्तु सम्बन्धी कसूर अन्तरदेशीय संगठित कसूरको रूपमा विकसित भई अर्को देशमा बसेर नेपालमा कसूर गराउन सक्ने अवस्थामा परम्परागत अनुसन्धान प्रणालीले मात्र प्रभावकारी नहुने हुँदा अनुसन्धान नै मुद्दाको न्यायिक निरोपणको मूल आधार भएकोले यसको गहिराइसम्म पुग्न नियन्त्रित अनुसन्धान प्रविधि (Controlled Delivery) र गुप्त अनुसन्धान कारबाही (Undercover Investigation) प्रकृयाको अवलम्बन गर्न सकिने कुरा कानूनी रूपमा व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

# साइबर अपराधको नयाँ आयाम : सोसल मिडिया अनुसन्धान




**नविन्द अर्याल**
**प्रहरी नायब महानिरीक्षक**
**नेपाल प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरो**


## परिचय

वर्तमान समय आधुनिक डिजिटल युगको हो । यो युगमा अबको पुस्ता डिजिटल संसार भन्दा बाहिर गएर आफ्नो दिनचर्या अगाडि बढाउने कल्पना पनि गर्न सकिदैन । एक किसिमले भन्नु पर्दा अहिले हरेक वयस्क व्यक्ति इन्टरनेट र सामाजिक सञ्जालमा निर्भर हुँदै गइरहेको छ भने यसको प्रभाव बालकदेखि वृद्धसम्ममा उत्तिकै रहेको छ । हुन त प्रविधिको विकास मानव जातिको उन्नयनको लागिनै भएको हुन्छ । डिजिटल संसारले आज हरेक व्यक्तिको दैनिकी र सिकाइलाई थप सहज बनाएको छ भने सिङ्गो विश्वलाई एउटा सानो गाउँ जस्तै बनाएको छ । अहिले विश्वको कुनै एक कुनाको घटना एकैक्षणमा विश्वभर जानकारी हुन्छ भने विश्वभर छरिएर रहेका व्यक्ति क्षणभरमा जोडिएर कुराकानी गर्न सम्भव भएको छ यसो हुनुको प्रमुख कारण सामाजिक सञ्जालको विकास र प्रयोग नै हो । इन्टरनेट र सामाजिक सञ्जाल उच्च प्रयोगको फाइदा एकातिर छँदैछ तर यसको कारण सिर्जित अपराध र यसको कारण उत्पन्न समस्याको नियन्त्रण र अपराधको प्रभावकारी अनुसन्धान अहिलेको प्रमुख चुनौती बन्दै गइरहेको छ ।

**इन्टरनेट र सामाजिक सञ्जाल उच्च प्रयोगको फाइदा एकातिर छँदैछ तर यसको कारण सिर्जित अपराध र यसको कारण उत्पन्न समस्याको नियन्त्रण र अपराधको प्रभावकारी अनुसन्धान अहिले को प्रमुख चुनौती बन्दै गइरहेको छ ।**

## साइबर अपराधको वर्तमान अवस्था र चुनौती

सामाजिक सञ्जालको बढ्दो प्रयोग सँगै पछिल्लो समयमा साइबर अपराधका घटना पनि दिनानुदिन बढ्दो अवस्थामा छन् । साइबर ब्यूरोमा प्राप्त उजुरी समेतलाई हेर्ने हो भने पछिल्लो समयमा साइबर अपराधका घटना बढ्दो अवस्थामा देखिन्छ । पछिल्लो तीन आर्थिक वर्षको तथ्याङ्कलाई विश्लेषण गर्ने हो भने आर्थिक वर्ष २०७९/८० मा साइबर ब्यूरोमा साइबर अपराध र सामाजिक सञ्जाल सम्बन्धी ९०१३ उजुरी दर्ता भएका थिए । यसै गरी आर्थिक वर्ष २०८०/८१ मा १९७३० वटा उजुरी प्राप्त भएका थिए भने आर्थिक वर्ष २०८१/८२ मा १८९२६ वटा उजुरी दर्ता भएका थिए । यसरी प्राप्त हुने उजुरीमा फेसबुक एकाउन्ट

ह्याक हुनेदेखि लिएर सामाजिक सञ्जाल मार्फत् चरित्र हत्या,फेक आईडि खोलेर दुःख दिने, विभिन्न सामाजिक सञ्जाल मार्फत् गालीगलौज गर्ने । व्यक्ति तथा संस्थाको डिजिटल सिस्टम तथा वेबसाईट ह्याक एवम् अनधिकृत पहुँच जस्ता उजुरीहरू प्राप्त हुने गरेका छन् । यसैगरी पछिल्लो समयमा साइबर ठगीका घटनामा वृद्धि हुँदै जानुपनि अर्को ठुलो चुनौती रहेको छ । साइबर ठगीका मुख्य घटनामा अनलाइन जागिर, मोबाइल बैंकिङ् सिस्टम साथै ई-सेवा, खल्ती जस्ता वालेट ह्याक भएर पैसा चोरी हुनु, चिठ्ठा, उपहार तथा अपुताली परेको र त्यो प्राप्त गर्न कर तिनुपर्ने भनेर ठगी हुने गरेको देखिन्छ । विभिन्न नक्कली मार्केट प्लेसहरूमा सस्तोमा सामान राखेर प्रचार गरी ठगी हुने लगायतका घटना निरन्तर रूपमा बढ्दो क्रममा छन् । यसै गरेर आफन्तको फेसबुक ह्याक गरेर पैसा मागी ठगी गर्ने लगायतका घटना पनि दिनानुदिन बढ्दो छ भने अनलाईन गेम तथा सट्टेबाजी, क्रिप्टोकरेन्सीको कारोबारको नाममा हुने ठगीको अवस्था पनि उत्तिकै भयावह छ । यसका साथै सामाजिक सञ्जालको माध्यमबाट मालवेयर समेत इन्स्टल गर्न लगाई विभिन्न जटिल प्रविधियुक्त ठगी समेत भइरहेको छ । यसै गरी सामाजिक सञ्जाल लगायत अन्य डिजिटल प्लेटफर्महरूमा भ्रामक तथा मिथ्या सूचना प्रसारण हुने, कृत्रिम बुद्धिमता (Artificial Intelligence) को प्रयोग गरी डिपफेक अडियो/भिडियो निर्माण तथा प्रसारण समेत हुने गरेको छ । यस्ता प्रविधिहरूको प्रयोगले छोटो समयमा धेरै जनमानसहरूमा नकारात्मक सन्देश पुऱ्याउने गरेकोले विभिन्न जातजाति, धर्म, सम्प्रदायहरू बीच मतभेद समेत सिर्जना गर्ने गरेको छ । यसरी डिजिटल माध्यम र सामाजिक सञ्जालको द्रुततर विकास, यसको बढ्दो प्रयोग, यसबाट सिर्जना हुने समस्या, सुरक्षित रूपमा सामाजिक सञ्जालको प्रयोगबारे राम्रो ज्ञान नहुनु साथै साइबर अपराधको बारे प्रर्याप्त ज्ञानको कमी आदि कारणले गर्दा अहिले साइबर अपराधको जोखिम र चुनौती बढ्दै गइरहेको छ । यसैगरी सामाजिक सञ्जालको सुरक्षित प्रयोग बारे जानकारी नहुनु, साइबर अपराध सम्बन्धी कानूनी ज्ञानको अभाव जस्ता कारणपनि साइबर अपराधका घटना दिनानु दिन बढ्दै गइरहेका छन् । अर्कोतर्फ सामाजिक सञ्जालको नियमन गर्न नसक्नु पनि साइबर अपराध नियन्त्रणको अर्को चुनौती बन्न पुगेको छ ।

**अपराधमा प्रयोग हुने सामाजिक सञ्जालको मुख्य कार्यालय नेपालमा नहुनुको साथै यसको सम्पर्क कार्यालय नेपालमा नहुनु, नेपालमा दर्ता नहुनु, सम्बन्धित राष्ट्रहरूसँग सूचना आदान प्रदान गर्न आवश्यक पारस्परिक सन्धि नहुनु जस्ता कारण पनि साइबर अपराधमा प्रमाण सङ्कलनमा चुनौती सिर्जना हुने गरेको छ ।**

## साइबर अपराध र यसको प्रमाण सङ्कलन

साइबर अपराधको रोकथाम र अनुसन्धान जति कठिन छ यसको प्रमाण सङ्कलन र सुरक्षा पनि उत्तिकै चुनौतीपूर्ण छ । सामाजिक सञ्जाल तथा इन्टरनेटको प्रयोगबाट हुने अपराधको रोकथाम तथा प्रमाण सङ्कलनमा चुनौती उत्पन्न हुने प्रमुख कारणमा पहिलो यो अपराधको कुनै सीमा हुँदैन भने अर्को चुनौती भनेको यस प्रकारको अपराध प्रायः डिजिटल माध्यमबारे राम्रो जानकार व्यक्तिले गर्ने गरेको पाइएको छ । यसैगरी यस प्रकारको अपराधमा प्रयोग हुने सामाजिक सञ्जालको मुख्य कार्यालय नेपालमा नहुनुको साथै यसको सम्पर्क कार्यालय नेपालमा नहुनु, नेपालमा दर्ता नहुनु, सम्बन्धित राष्ट्रहरू सँग सूचना आदान प्रदान गर्न आवश्यक पारस्परिक सन्धि नहुनु जस्ता कारण पनि साइबर अपराधमा प्रमाण सङ्कलनमा चुनौती सिर्जना हुने गरेको छ ।

यसका बाबजुद पनि हामीले साइबर अपराधको रोकथाम र नियन्त्रणको लागि प्रमाण सङ्कलन गर्नु पर्दा मुख्य रूपमा निम्न विषयवस्तुमा ध्यान दिनु पर्दछ ।

१. **सामाजिक सञ्जालको पहिचानः** सामाजिक सञ्जालमार्फत् हुने साइबर अपराधको प्रभावकारी अनुसन्धानको लागि सबैभन्दा पहिला प्रयोगमा रहेको सामाजिक सञ्जाल र सोको आईडि सक्कली हो की नक्कली हो त्यसको पहिचान गर्नु जरूरी हुन्छ । उक्त आईडी पहिचान गरिसके पश्चात उक्त आईडिको

डिटेलको लागि सम्बन्धित सामाजिक सञ्जालको कार्यालयलाई पत्राचार गरी उक्त आईडिको विवरण प्राप्त गर्न सकिन्छ। प्राप्त विवरणको आधारमा शङ्कित व्यक्तिको पहिचान गरी कानूनी दायरामा ल्याउन सकिन्छ ।

२. **इन्टरनेटसँग सम्बन्धित प्रमाणको पहिचानः** साइबर अपराधको अनुसन्धानको क्रममा कुनै अपराधसँग सम्बन्धित आईपि एड्रेस प्राप्त भएमा उक्त आईपि एड्रेस कुन ईन्टरनेट सेवा प्रदायक संस्थाको हो र कुन प्रयोगकर्ताको हो पत्ता लगाउन सम्बन्धित Internet Service Provider (ISP) मार्फत् विवरण प्राप्त गरी थप अनुसन्धान गर्न सकिन्छ ।

३. **डिभाईसको पहिचानः** साइबर अपराधको अनुसन्धानमा अर्को महत्त्वपूर्ण प्रमाण भनेको अपराधमा प्रयोग भएको डिभाइस पनि हो । अपराधमा प्रयोग भएको कुनै शङ्कित डिभाईस छ भने प्रयोगशालामा त्यसको प्राविधिक परिक्षण मार्फत पनि संलग्नको पहिचान गरी कानूनी दायरामा ल्याउन सकिने भएकोले त्यस्तो डिभाईसको पहिचान अर्को महत्त्वपूर्ण पाटो रहन्छ ।

यसरी समग्र रूपमा भन्नुपर्दा साइबर अपराधमा प्रयोग हुने प्रमुख तत्वमा इन्टरनेट, सामाजिक सञ्जाल र उपकरण (कम्प्युटर, मोबाइल इत्यादि) हुन् । त्यसकारण यस्तो प्रकारको अपराधमा प्रयोग हुने यी ३ तत्वको प्रभावकारी अनुसन्धान र परिक्षण मार्फत नै अपराधको पुष्टि र त्यसलाई स्थापित गर्न सकिने भएकोले यी तीन वटा तत्वलाई केन्द्रविन्दुमा राखेर प्रमाण सङ्कलन गर्नु आवश्यक छ ।

## अनुसन्धानमा कानूनी व्यवस्था र चुनौती

साइबर अपराधको प्रभावकारी अनुसन्धानको लागि नेपालमा छुट्टै कानूनी व्यवस्था छैन । साइबर अपराधको अनुसन्धानको लागि अहिले भएको कानून भनेको विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ हो । यो कानून अन्तर्गत कसूरदारलाई ५ वर्षसम्म कैद र २ लाखसम्म जरिवानाको व्यवस्था गरेको छ । वर्तमान कानूनमा भएको व्यवस्था र कतिपय अपराधलाई स्पष्ट रूपमा उल्लेख नगरिदिंदा पीडितले उचित न्याय नपाएको अवस्था रहेको छ । यसको लागि यथाशिघ्र यस सम्बन्धी प्रभावकारी कानून निर्माण गरी लागु गर्नु टड्कारो आवश्यकता रहेको छ ।

## सुरक्षित रहने उपाय

सामाजिक सञ्जालको सुरक्षित प्रयोग र साइबर अपराधको जोखिमबाट बच्नु आम सामाजिक सञ्जाल प्रयोगकर्ताको लागि उत्तिकै महत्त्वपूर्ण रहेको छ । अपराधको परिणाम नबुझ्रेर गरिने कार्यबाट सजग रहदै सुरक्षित रहन निम्न उपायहरू अवलम्बन गर्न सकिन्छ ।

- सामाजिक सञ्जाल प्रयोग गर्दा सुरक्षित र बलियो पासवर्डको प्रयोग गर्ने र उक्त पासवर्ड कुनै पनि बहानामा कसैलाई पनि सेयर नगर्ने ।
- सामाजिक सञ्जालमा अश्लिल र आपत्तिजनक सामग्री पोस्ट सेयर र कमेन्ट नगर्ने ।
- सामाजिक सञ्जाल प्रयोग गर्दा टु फ्याक्टर अथेन्टिकेसनको प्रयोग गर्ने ।
- सामाजिक सञ्जालमा अपरिचित र अनावश्यक व्यक्तिलाई साथी नबनाउने ।
- मोबाइलमा आएको OTP वा कुनैपनि कोड अरूलाई सेयर नगर्ने ।
- आफ्नो बैंक खाता, एटिएम कार्ड, सिमकार्ड आदि कसैलाई पनि प्रयोग गर्न नदिने ।
- सामाजिक सञ्जालमा आएको अनलाईन जागिर र घरमै बसेर पैसा कमाउने प्रलोभनमा नपर्ने ।
- अनलाईनमा सस्तोमा सामान पाईने विज्ञापनको पछाडि लागेर पूर्व भुक्तानी गर्दा विचार पुऱ्याउने ।
- चिठ्ठा, उपहार र अपुतालीको नाममा कर तिर्नुपर्ने भन्दै लाखौं ठगिएको हुनाले यस्ता कुराको पछि नलाग्ने ।
- साथै साइबर स्पेसमा हुने हरेक कुराको डिजिटल फुट प्रिन्ट बन्ने र सधैका लागि त्यो रहने भएकोले अपराधबाट बच्न पनि कठिन छ भन्ने बुझ्नु समेत जरूरी रहेको छ

# फौजदारी न्यायको मेरुदण्डः अनुसन्धान र अभियोजनको अन्तरसम्बन्ध



**गोविन्द खनाल**
सहन्यायाधिवक्ता

**नेपालको कानूनी व्यवस्थामा वि.सं. २०१७ सालदेखि अभियोजनात्मक प्रणाली अवलम्बन गरिएको छ । अभियोजनात्मक प्रणाली भन्नाले गम्भीर प्रकृतिका केही मुद्दाहरूमा राज्यले नै सरोकार देखाई पक्षका रूपमा सम्बद्ध अदालत समक्ष सजाय माग गर्दै उपस्थित हुने, प्रतिरक्षा गर्ने, गराउने व्यवस्था अभियोजनात्मक प्रणाली हो ।**

## विषय प्रवेश

अनुसन्धान कुनै पनि तथ्य, घटना वा अवस्थाको वैज्ञानिक परीक्षण हो । जसको उद्देश्य सत्यतथ्य पत्ता लगाउनु हुन्छ। राज्यले व्यक्ति, समाज र राज्यलाई अहित हुने तथा असर पर्ने कार्यलाई कानूनद्वारा अपराध घोषित गरी सजायको समेत व्यवस्था गरेको छ । अपराध अनुसन्धान, अपराध, यसको प्रकृति र त्यसको उत्तरदायित्व व्यक्ति अर्थात् संलग्न अपराधीहरू पत्ता लगाउने उद्देश्यले आधिकारिक निकायबाट गरिने चरणबद्ध कार्य हो । जस अन्तर्गत सो अपराधसँग सम्बन्धित तथ्यहरूको सङ्कलन, संरक्षण र परीक्षण जस्ता कार्य गरिन्छ । अर्को शब्दमा भन्दा अपराधको अनुसन्धान आधिकारिक निकायबाट अपराध घटेको स्थानको सावधानीपूर्वक अभिलेखीकरण गरी त्यहाँ उपलब्ध तथ्यहरू तथा भौतिक प्रमाणहरू पत्ता लगाएर तिनको सङ्कलन र तार्किक सम्बन्ध स्थापना गर्ने कार्य हो ।

समाजमा गम्भीर असर पार्ने अपराधका हकमा राज्यको तर्फबाट नै अनुसन्धान तहकिकात तथा अभियोजन गरी अपराधीलाई सजाय दिलाउने गर्दछ । फौजदारी न्याय भन्नाले अपराध सम्बन्धी कानूनी प्रक्रिया र व्यवस्थालाई बुझिन्छ, जस अन्तर्गत अपराध गर्ने व्यक्तिलाई अनुसन्धान, अभियोजन र अदालतको निर्णयमार्फत कानून अनुसार सजाय वा निर्दोष ठहर गरिन्छ ।

नेपालको फौजदारी न्याय प्रणालीमा पहिलो पटक संहिता कानूनमा फौजदारी न्यायका सामान्य सिद्धान्तलाई आत्मसात् गर्दै लिखित र दफावार रूपमा उल्लेखन गरेको छ । संहितामा उल्लिखित सिद्धान्तहरूले फौजदारी कसूर बापत दायित्व निर्धारण, दायित्व निर्धारणका अपवाद अर्थात् प्रतिरक्षात्मक अवस्था, त्यसको सीमा, स्वच्छ सुनुवाइ एवम् पीडित तथा बाल न्यायका मान्यता समेतलाई फौजदारी कानूनको प्रयोग र व्याख्या गर्दाका क्रममा के कसरी आत्मसात् गर्ने भन्ने सन्दर्भमा मार्गनिर्देश गरेका

छन्[1] । फौजदारी न्यायका मुख्य उद्देश्यहरू निम्न छन् :

- समाजमा शान्ति, सुरक्षा र कानूनको शासन कायम गर्नु
- अपराधीलाई सजाय दिनु र पुनः अपराध नगर्न प्रेरित गर्नु
- पीडितलाई न्याय दिलाउनु
- अपराधको पुनरावृत्ति रोक्नु

राज्यको तर्फबाट चलाइने फौजदारी मुद्दालाई सरकार वादी फौजदारी मुद्दा भनिन्छ । फौजदारी न्यायप्रणाली निम्न बमोजिम रहेका छन्[2] :

- Inquisitorial system
- Adversarial system
- Mixed system
- Indigenous system

नेपालको कानूनी व्यवस्थामा वि.सं. २०१७ सालदेखि अभियोजनात्मक प्रणाली अवलम्बन गरिएको छ । अभियोजनात्मक प्रणाली भन्नाले गम्भीर प्रकृतिका केही मुद्दाहरूमा राज्यले नै सरोकार देखाई पक्षका रूपमा सम्बद्ध अदालत समक्ष सजाय माग गर्दै उपस्थित हुने, प्रतिरक्षा गर्ने, गराउने व्यवस्था अभियोजनात्मक प्रणाली हो । यो प्रणालीलाई नेपालको संविधान र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले पनि स्पष्ट गरेको छ। नेपालको फौजदारी न्याय प्रणालीको प्रयोग र अभ्यास देहायको पद्धति रहेको पाइन्छ :

## अपराध अनुसन्धान पद्धति

### (क) अभियोजनात्मक पद्धति (Adversarial)

- Common law अपनाउने मुलुकमा अपनाइन्छ,
- अपराध अनुसन्धानको जिम्मा कार्यपालिका अन्तर्गतका प्रहरीले गर्दछन्,
- विशेष प्रकारका मुद्दाको अनुसन्धान छुट्टै अधिकृतबाट हुन्छ,
- अभियुक्तको कसूर प्रमाणित सरकारी पक्षले गर्दछन्,
- अभियुक्तलाई चुप लाग्ने अधिकार हुन्छ,
- शंकाको सुविधा अभियुक्तले पाउँछ,
- अदालत Umpire का रूपमा रहन्छ,
- आरोप प्रमाणित नभएसम्म अभियुक्त निर्दोष मानिन्छ,
- अभियोग प्रमाणित गर्ने भार वादी पक्षमा हुन्छ ।

### (ख) अन्वेषणात्मक पद्धति (Inquisitorial)

- Civil law system मा प्रयोग हुन्छ,
- निर्दोषिताको प्रमाण कसूरदार स्वयंमा रहन्छ,
- अपराध अनुसन्धान न्यायिक प्रहरीद्वारा हुन्छ,
- निर्दोषिता प्रमाणित नभएसम्म अभियुक्त दोषी मानिन्छ,
- अदालतको भूमिका Umpire मात्र नभई अनुसन्धानकर्ता र न्यायकर्ताका रूपमा रहन्छ[3] ।

**नेपालमा केही सामान्य प्रावधानबाहेक अभियोजनात्मक पद्धति पाइन्छ :**

- गहन तथा गम्भीर प्रकृतिका समाज, राष्ट्रको शान्ति, सुव्यवस्थामा नै खलल पुर्‍याउने अपराधहरू सरकार वादी भएर चल्ने,
- २००७ साल अगाडि विशेष संयन्त्र स्थापना थिएन,
- नेपाल सरकारको पूर्ण दायित्व,
- जाहेरवालाद्वारा प्रमाण जुटाइन्थ्यो,
- सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ पश्चात् अपराध अनुसन्धान र अभियोजनको जिम्मा संयुक्त रूपमा प्रहरी र सरकारी वकीलमा रहेको थियो,
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले कसूर अनुसन्धानको जिम्मेवारी प्रहरी कर्मचारी र अभियोजनको जिम्मा सरकारी वकीललाई दिई दुवैको कार्य विभाजन गरेको छ ।

### अवयवहरू (Component of Criminal Justice of Administration)

- प्रहरी
- सरकारी वकील
- कानून व्यवसायी
- अदालत

१ सबैका लागि न्याय (२०८०) पुस्तकमा सम्पादित लेख मुलुकी फौजदारी संहिताका आधारभूत पक्ष तथा विशेषता एवम् नेपालको फौजदारी न्याय प्रशासनको आधारभूत संरचनाका लेखक श्री लोकराज पराजुली, नेपाल निजामती कर्मचारी संगठन, सर्वोच्च अदालत, द्वारा प्रकाशित, सोपान प्रेस प्रालि, काठमाडौ, पेज ८२५ ।

२ खनाल गोविन्द (२०७९) न्याय प्रशासन, पैरवी प्रकाशन, काठमाडौ, पेज ३११ ।

३ खनाल गोविन्द (२०६६) न्याय व्यवस्थापनका विविध पक्षहरू, पैरवी प्रकाशन, काठमाडौ, पेज २८४

- विशेषज्ञ
- साक्षी/प्रमाण, प्रतिवादी
- न्यायका सरोकारवाला
- अन्तराष्ट्रिय संस्थाहरू ।

**फौजदारी न्याय प्रशासनका चरणहरू**

- अनुसन्धान र अभियोजन,
- प्रमाणको मूल्याङ्कन,
- फैसला/पुनरावेदन,
- फैसला कार्यान्वयन ।

**अनुसन्धानले कसूरसँग सम्बन्धित निम्न प्रश्नहरूको उत्तर खोज्न मद्दत गर्दछ :**

- कसूर भएको हो, होइन ?
- कसूर भएको भए कस्तो प्रकृतिको कसूर भएको हो र अपराधमा कस्तो साधन प्रयोग भएको थियो ?
- सो कसूरबाट को-को व्यक्ति पीडित भएका छन् ?
- सो कसूरसँग सम्बन्धित प्रमाणहरू के,-के छन् ?
- सो कसूर को-को भई घटाएका हुन् ?
- शङ्कित व्यक्ति नै कसूरदार हो, होइन ?

अतः कसूर अनुसन्धानभित्र घटनास्थलको फोटो लिने, स्केच खिच्ने, सम्बद्ध चिजहरू बरामद गर्न अपराध देख्ने, जान्नेहरूको बयान लिने तथा बरामद भौतिक प्रमाणहरूको वैज्ञानिक परीक्षण गर्ने कार्यसमेत पर्दछन् ।

**फौजदारी न्यायका सामान्य सिद्धान्तहरू**

- सामान्य रूपमा लागु हुने सिद्धान्त र व्यवस्थाहरू अपराध संहिताको भाग १ को परिच्छेद २, ३, ४११ बमोजिमका सिद्धान्त र व्यवस्थाहरू यस ऐन र अन्य ऐन अन्तर्गतका कसूरका सम्बन्धमा सामान्यतः लागु हुनेछन् ।
- फौजदारी न्यायका सामान्य सिद्धान्तहरू (अपराध संहिता, २०७४ को परिच्छेद २, दफा ६-३२)
- आपराधिक षड्यन्त्र, उद्योग, दुरूत्साहन र मतियार (अपराध संहिता, २०७४ को परिच्छेद ३, दफा ३३-३७)
- कसूरको गम्भीरता बढाउने तथा घटाउने अवस्थाहरू (अपराध संहिता, २०७४ को परिच्छेद-४, दफा ३८-३९)
- सजाय र अन्तरिम क्षतिपूर्ति सम्बन्धी व्यवस्था (अपराध संहिता, २०७४ को परिच्छेद-४, दफा ४०-४८)

**कसूर भनेको के हो ?**

- फौजदारी कानून उल्लंघन गर्ने कार्य,
- प्रचलित कानून बमोजिम गरेमा वा नगरेमा सजाय हुने कार्य, कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २(थ),
- 'कसूर' भन्नाले अपराध संहिता वा अन्य ऐन बमोजिम सजाय हुने काम,

**फौजदारी कसूरहरू**

- अनुसूची-१ मा उल्लिखित प्रहरी कर्मचारीले अनुसन्धान गरी सरकारी वकीलले अभियोजन गर्ने,
- अनुसूची-२ मा उल्लिखित अधिकारप्राप्त कार्यालय वा अधिकारीबाट अनुसन्धान गरी सरकारी वकीलले मुद्दा दर्ता गर्ने,
- अनुसूची-३ मा उल्लिखित उजुरी वा प्रतिवेदनको रूपमा सरकारी निकायका अधिकारीले दर्ता गर्ने,
- अनुसूची-४ मा उल्लिखित हकदैया भएको वा सरोकारवाला व्यक्तिले मुद्दा दायर गर्ने कसूर ।

**मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद २ र ३ को दफा ४ देखि ४४ मा सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनसम्बन्धी व्यवस्था गरिएको छ ।

## विधिशास्त्रीय मान्यता (Jurisprudential Perspectives)

विधिशास्त्र (Jurisprudence) ले न्याय, कानून र कानूनी विषयहरूको सिद्धान्तगत अध्ययन गर्ने हो । अनुसन्धान र अभियोजनको सम्बन्धलाई विभिन्न विद्वानहरूले फरक-फरक तरिकाले विश्लेषण गरेका छन्।

## Due Process Model – Herbert L. Packer

न्याय प्रणालीमा प्रत्येक अभियुक्तलाई निष्पक्ष सुनुवाइ र मौलिक हकहरूको संरक्षण गर्नुपर्छ । अनुसन्धान र अभियोजनको प्रक्रिया कानूनी मर्यादा र मानवीय अधिकार अनुकूल हुनुपर्छ । अनुसन्धान र अभियोजन दुवै पक्षले व्यक्तिगत स्वतन्त्रता, गोपनियता र निष्पक्ष सुनुवाइको सम्मान गर्नुपर्छ । नेपालको संविधानमा उल्लिखित सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक र निष्पक्ष

सुनुवाइको हकसँग यो सिद्धान्त मेल खान्छ।

### Crime Control Model – Herbert L. Packer

अपराध नियन्त्रणलाई प्राथमिकता दिनुपर्छ। अनुसन्धान र अभियोजनको सम्बन्ध अपराधीलाई छिटो सजाय दिनका लागि सक्रिय हुनुपर्छ। अनुसन्धानले प्रमाण सङ्कलन गर्नु, अभियोजनले तुरून्त मुद्दा दायर गर्नु हो। प्रभावकारी सहकार्यबाट दोषीलाई सजाय र निर्दोषलाई संरक्षण गर्नु हो। निर्दोषलाई फसाउने कार्य मानवअधिकार उल्लङ्घन हो भन्ने मान्यतालाई जोड दिन्छ ।

### प्राकृतिक न्यायको सिद्धान्त (Natural Law Theory)

अनुसन्धान र अभियोजन सधै कानून, नैतिक मूल्य र मान्यतामा आधारित हुनुपर्छ । सत्य, न्याय र नैतिकताको खोजी नै यसको मूल लक्ष्य हो । यदि अनुसन्धान पक्षपाती छ भने अभियोजन निष्पक्ष हुन सक्दैन । दुवै प्रक्रिया नैतिकता र विवेकमा आधारित हुनुपर्छ भन्ने मान्यता यस सिद्धान्तले राख्छ ।

### Legal Positivism – H.L.A. Hart

कानून नियमहरूको संरचना हो । जसले सामाजिक व्यवहार नियमन गर्छ । अनुसन्धान र अभियोजन संविधान र ऐन कानूनद्वारा निर्देशित हुनुपर्छ । अनुसन्धानकर्ताले प्रमाण सङ्कलन गर्नुपर्छ । अभियोजनकर्ताले कानूनी प्रक्रिया पूरा गरी मुद्दा दर्ता प्रक्रिया अगाडि बढाउनुपर्छ भन्ने मान्यता यस सिद्धान्तले राख्छ ।

### फौजदारी न्याय र सजायसम्बन्धी सामान्य सिद्धान्तहरु

- कानूनले कसूर नमानेको कुरा कसूर नहुने (Nemo poena sine lege)
- फौजदारी कानून पश्चात्यदर्शी नहुने (Expasto facto)
- दुई खतराको सिद्धान्त (Double Jeapordy) आपराधिक मनसायबिना गरेको कार्य अपराध हुँदैन
- कानूनको अनभिज्ञता क्षम्य हुँदैन
- अपराधीसँगै अपराधको मृत्यु हुन्छ
- स्वच्छ सुनुवाइबाट वञ्चित नगरिने[४]
- अभियुक्तको कसूर वादीले प्रमाणित गर्नुपर्दछ
- शंकाको सुविधा अभियुक्तले पाउँछ ।

## नेपालको संविधानअन्तर्गत फौजदारी न्यायका सिद्धान्तहरू

### १. गिरफ्तारीको कारण थाहा दिनुपर्ने, कानून व्यवसायीको सल्लाह पाउने

कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन । पक्राउ परेको व्यक्तिलाई पक्राउ परेको समयमा नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहने र त्यस्तो व्यक्तिलाई आफ्नो कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हकबाट वञ्चित गरिने छैन भनी ग्यारेन्टी गरेको छ ।

### २. कानूनले तोकेको अवधिभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने

पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको समयबाट बाटोको म्यादबाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा राखिने छैन भनी संवैधानिक ग्यारेन्टी गरेको छ ।

### ३. अतीत प्रभावी कानून बनाउन र प्रयोग गर्न निषेध

तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन ।

### ४. एउटै अपराधमा दोहोरो सजाय गर्न निषेध

कुनै व्यक्तिविरूद्ध अदालतमा एकै कसूरमा एकपटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन भनी संवैधानिक सुनिश्चितता गरेको छ ।

### ५. आफ्नोविरुद्ध साक्षी हुन कर नलाग्ने

कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरूद्ध साक्षी हुन कर लगाइने छैन भनी उल्लेख गरेको छ । जीवन नेपाली वि. नेपाल सरकार भएको मुद्दामा सावितीलाई मात्रै आधार मानी दोषी करार गर्न नमिल्ने सिद्धान्त प्रतिपादन गरेको छ ।

---

४ भट्टराई श्यामकुमारवाट सम्पादन भएको न्याय प्रशासनका आयामहरू (२०७५) नारायण प्रसाद पौडेल लेखक भएको लेखको शीर्षक फौजदारी न्यायका सामान्य सिद्धान्तहरू) सोपान मासिक, काठमाडौ, पेज १६०

### ६. यातना दिन तथा अमानवीय वा अपमानजनक व्यवहार गर्न नहुने

अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन । त्यो कार्य कानूनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरेबमोजिम क्षतिपूर्ति दिइनेछ[५] ।

### ७. कुनै पनि व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ[६] ।

संयुक्त राज्य अमेरिकी सर्वोच्च अदालतले सन् १९६६ मा व्यक्तिको वैयक्तिक स्वतन्त्रताको व्याख्या गर्दै कुनै पनि व्यक्तिलाई राज्यले आफ्नो नियन्त्रणमा लिंदा निम्न चार स्वतन्त्रतामा आघात नपुग्ने गरी कार्य गर्नुपर्ने गरी फैसला गरेको पाइन्छ । जसलाई Mirinda Warning का रूपमा पनि चिन्ने गरिन्छ। उक्त चार स्वतन्त्रताका विषयहरू[७] :

- तपाईलाई चुप लाग्ने अधिकार छ ।
- तपाईले व्यक्त गरेका कुराहरू तपाईको विरूद्ध अदालतमा पेस हुनेछन् ।
- तपाईलाई कानून व्यवसायी राख्ने अधिकार छ ।
- यदि तपाई कुनै कानून व्यवसायी राख्न सक्नु हुन्न भने बयान लिनुभन्दा पहिले नै राज्यले तपाईका लागि कानून व्यवसायी राखी दिन सक्दछ भनी स्पष्ट गरेको छ ।

## मुलुकी अपराध संहितमा उल्लिखित फौजदारी न्यायका सामान्य सिद्धान्त

फौजदारी न्यायका सामान्य सिद्धान्तको वारेमा मुलुकी अपराध संहितमा उल्लेख गरेको छ । उक्त सिद्धान्तलाई देहायबमोजिम प्रस्तुत गर्न सकिन्छ[८]

- कानून बमोजिमको काम कसूर नहुने
- कानून बमोजिम बाहेक सजाय नहुने
- तथ्यको भ्रममा परी गरेको काम कसूर नहुने
- एउटै कसूरमा दोहोरो सजाय नहुने
- स्वच्छ सुनुवाइबाट वञ्चित नहुने
- आफ्नो बिरूद्ध साक्षी हुन कर नलाग्ने
- कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने
- बालबालिकाले गरेको काम कसूर नहुने
- होस ठेगानमा नरहेको व्यक्तिले गरेको काम कसूर नमानिने
- मञ्जुरी लिई गरेको काम कसूर नहुने
- भलाइका लागि मञ्जुरी लिई गरेको काम कसूर नहुने
- भलाईका लागि संरक्षकको मञ्जुरी लिई गरेको काम कसूर नहुने
- भलाईका लागि मञ्जुरी नलिई गरेको काम कसूर नहुने
- मञ्जुरी लिएर गरेको भए पनि कसूर मानिने
- मञ्जुरी
- असल नियतले दिएको जानकारीबाट क्षति पुगेमा कसूर नहुने
- डर त्रासमा परी गरेको काम कसूर नहुने
- अन्य हानि, नोक्सानीबाट बचाउन असल नियतले गरेको काम कसूर नहुने
- निजी रक्षाको लागि गरेको काम कसूर नमानिने
- निजी रक्षाको अधिकारमा बन्देज
- ज्यान लिने अधिकार नहुने
- मामुली हानी, नोक्सानी भएकोमा कसूर नहुने
- बालबालिकाबाट गराएको कसूरमा उमेर पुगेकोलाई सजाय हुने
- निरपेक्ष दायित्व (स्ट्रीक्ट लायबिलिटी) हुने कसूरमा आपराधिक मनसाय परीक्षण नहुने
- संगठित संस्थाबाट भएको कसूरमा काम गर्ने गराउनेको आपराधिक दायित्व हुने
- समूहबाट भएको कसूरमा सबै सदस्यलाई सजाय हुने
- अपराध पीडितलाई मुद्दाको कारबाहीको जानकारी र क्षतिपूर्ति पाउने हक हुने

## सरकारी वकीलको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७८/०७९-२०८२/०८३)

अभियोजनमा सुधार र व्यावसायिकता विकास भन्ने मूल नाराका साथ तर्जुमा गरी कार्यान्वयनमा रहेको यस

---

५ नेपालको संविधानको धारा-२२

६ नेपालको संविधानको धारा-२२

७ खनाल गोविन्द (२०८०) न्याय र न्यायधीश, पैरवी प्रकाशन, काठमाडौ, पेज ३३८

८ मुलुकी अपराध संहिता, २०७४ को दफा ६ देखि ३२ सम्म

योजनाले निर्धारण गरेका पाँच लक्ष्य मध्ये पहिलो लक्ष्य नै अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउने रहेको छ।

- वस्तुगत एवम् विश्वसनीय प्रमाणका आधारमा अभियोजन गर्ने,
- अभियोजन परीक्षणलाई प्रभावकारी बनाउने,
- अभियोजनमा हुन सक्ने कमजोरी, असर र सुधारका सम्बन्धमा अध्ययन गर्ने ।
- अध्ययनले सुझाए बमोजिम अभियोजनमा सुधारका कार्यक्रम लागु गर्ने,
- जनशक्तिको क्षमता विकास गर्ने,
- अभियोजनका सवालमा सरोकारवालासँगको समन्वय र सहयोगलाई प्रभावकारी बनाउने,
- अभियोजन अभिलेख लगायत मिसिल व्यवस्थापन चुस्त दुरूस्त बनाउने ।

### अनुसन्धान र अभियोजनको अन्तरसम्बन्ध

अनुसन्धानको गुणस्तरमा अभियोजनको सफलता निर्भर हुन्छ । यदि अनुसन्धानमा प्रमाण अधुरो वा अवैध रूपमा संकलित भए, अभियोजन असफल हुन सक्छ । अभियोजनको कानूनी मार्गदर्शन अनुसन्धानमा आवश्यक पर्छ । अभियोजन पक्षले अनुसन्धानमा कानूनी दृष्टिले के, के प्रमाण चाहिन्छ भन्ने निर्देशन दिन सक्छ । निरन्तर समन्वय जरूरी हुन्छ ताकि अनुसन्धानले प्रमाण सङ्कलन गर्दा अदालतमा स्वीकार्य हुने ढङ्गले काम होस् । दुवै पक्षको उद्देश्य एउटै हुन्छ न्याय दिलाउने, तर भूमिकामा फरक हुन्छ।

### अनुसन्धान र अभियोजनको अन्तरसम्बन्धका आधारहरू

| पक्ष | अनुसन्धान | अभियोजन | अन्तरसम्बन्ध |
|---|---|---|---|
| मुख्य उद्देश्य | घटनाको तथ्य, प्रमाण र अभियुक्त पहिचान गर्ने | अदालतमा अभियोग पेस गरी दोषी ठहर गर्ने | अनुसन्धानबाट प्राप्त तथ्य र प्रमाणको आधारमा अभियोजन हुने |
| मुख्य जिम्मेवारी | प्रमाण सङ्कलन, साक्षीको बयान,<br>प्रत्यक्ष र अप्रत्यक्ष प्रमाण सुरक्षित गर्ने | अभियोगपत्र तयार पार्ने, अदालतमा प्रमाण पेस गर्ने,<br>वहस पैरवी र प्रतिरक्षा गर्ने | अनुसन्धानको परिणामले नै अभियोजनको कानूनी रणनीति तयार हुन्छ |
| अङ्ग/ निकाय | प्रहरी, अनुसन्धान निकाय CIAA, CIB आदि | सरकारी वकील कार्यालय र अन्य निकायहरू | दुवै पक्ष र नियकाले निरन्तर समन्वय गर्नुपर्छ |
| समयावधि | अपराध पत्ता लाग्ने समयदेखि अनुसन्धान प्रतिवेदन तयार हुनेसम्म | अभियोग दर्ता भएपछि मुद्दाको अन्तिम फैसला हुनेसम्म | अनुसन्धान पछि अभियोजन सुरू हुन्छ, तर आवश्यक परे अनुसन्धान पूरक रूपमा पनि हुन सक्छ |
| कानूनी आधार | मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता, विशेष ऐनहरु | मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता, अभियोजन सम्बन्धी अन्य कानून | कानूनको प्रयोग र पालनामा अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकील आपसमा अन्तरनिर्भर हुन्छन् |
| अन्तिम नतिजा | प्रमाण सहितको अनुसन्धान प्रतिवेदन तयार | अभियोगपत्र दर्तासँगै अदालतको फैसला र सोको कार्यान्वयनसम्म | अनुसन्धानले अभियोजनलाई सफल बनाउँछ, अभियोजनले अनुसन्धानको परिणामलाई न्यायमा परिणत गर्छ |

नेपालमा अनुसन्धान र अभियोजन कानूनतः एकै सिक्काका दुई पाटा हुन् । अनुसन्धानले सत्य, तथ्य र प्रमाण सङ्कलन गर्छ । अभियोजनले ती प्रमाणलाई कानूनी रूपमा प्रस्तुत गरी अपराधीलाई सजाय दिलाउने प्रयास गर्छ। अनुसन्धान कमजोर भए अभियोजन सफल हुँदैन । अभियोजनमा कमजोरी आयो भने अनुसन्धानको मेहनत खेर जान्छ। त्यसैले दुवै प्रक्रियाबीच घनिष्ठ सहकार्य, स्पष्ट वैधानिक आधार, आपसी समन्वय र उत्तरदायित्व आवश्यक हुन्छ । यस आधारमा मात्र फौजदारी न्याय प्रणाली प्रभावकारी, विश्वासिलो र न्यायसंगत बन्न सक्छ ।

## सफल अभियोजनका लागि अनुसन्धानमा ध्यान दिनु पर्ने मुख्य पक्षहरू

- घटना घटनासाथ प्रमाण नष्ट नहोस् भनी तुरुन्त अनुसन्धान सुरु गर्ने ।
- भौतिक सवुद, दस्तावेज र डिजिटल प्रमाण सुरक्षित तरिकाले सङ्कलन गरी सबुदको श्रृंखला (Chain of Custody) कायम राख्ने ।
- प्रत्यक्षदर्शी, पीडित तथा अन्य सम्बन्धित व्यक्तिहरूको बयान समयमै र स्पष्ट रूपमा लिने ।
- अनुसन्धानका क्रममा अभियुक्त, पीडित र साक्षीको संवैधानिक तथा कानूनी अधिकारको उल्लङ्घन हुन नदिने ।
- आवश्यकता अनुसार फोरेन्सिक, डिजिटल अनुसन्धान, वा विषयगत विशेषज्ञको सहयोग लिने ।
- अनुसन्धानका हरेक चरणको तथ्याङ्क, बयान र प्रमाण व्यवस्थित र बुझिने ढङ्गले अभिलेख राख्ने ।
- Elements of Offence पूरा हुने आधारमा अनुसन्धान गर्ने ।
- मुद्दा दर्ता हुनु अघि नै सरकारी वकील वा अभियोजन पक्षसँग आवश्यक सल्लाह र समन्वयलाई निरन्तरता दिने ।
- अनुसन्धानमा कुनैपनि पूर्वाग्रह वा बाह्य प्रभावबाट प्रभावित नभई निष्पक्ष र स्वतन्त्ररूपमा सम्पन्न गर्ने ।
- कानूनले तोकेको समयसीमा र प्रक्रियागत मापदण्डको पालना गरी अनुसन्धान सम्पन्न गरी अनुसन्धान प्रतिवेदन पेस गर्ने ।

**यदि अनुसन्धानमा प्रमाण अधुरो वा अवैध रूपमा संकलित भए, अभियोजन असफल हुन सक्छ । अभियोजनको कानूनी मार्गदर्शन अनुसन्धानमा आवश्यक पर्छ । अभियोजन पक्षले अनुसन्धानमा कानूनी दृष्टिले के, के प्रमाण चाहिन्छ भन्ने निर्देशन दिन सक्छ । निरन्तर समन्वय जरूरी हुन्छ ताकि अनुसन्धानले प्रमाण सङ्कलन गर्दा अदालतमा स्वीकार्य हुने ढङ्गले काम होस् । दुवै पक्षको उद्देश्य एउटै हुन्छ न्याय दिलाउने, तर भूमिकामा फरक हुन्छ ।**

## अनुसन्धान प्रतिवेदन र अभियोग पत्रको तयारीमा सहकार्य

फौजदारी न्याय प्रक्रियामा अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकील बीचको सहकार्य अत्यन्त नजिक र घनिष्ठ हुनुपर्छ । अनुसन्धान प्रतिवेदनमा मात्र आधारित भए अभियोग पत्र तयार नगरी प्रमाण विश्लेषण तथा कसूरको मात्रा र अभियोजनकर्ताको भूमिका महत्त्वपूर्ण हुन्छ । यसमा ध्यान दिनुपर्ने मुख्य पक्षहरू यसप्रकार छन् :

### अनुसन्धानको प्रारम्भिक चरणमै समन्वय गर्ने

- अनुसन्धान सुरु भएपछि अभियोजन निकायलाई घटनाको प्रारम्भिक तथ्य, कानूनी तत्त्व, सम्भावित मुद्दाको प्रकृति र प्रमाणको अवस्थाबारे जानकारी गराउने।
- प्रारम्भिक कानूनी राय (Legal Opinion) लिने ताकि अनुसन्धान सही कानूनी दिशामा अघि बढोस्।

### प्रमाणको उचित व्यवस्थापन गर्ने

- संकलित प्रमाणको Chain of Custody कायम राखेर अभियोजन निकायलाई बुझाउने।

- फरेन्सिक रिपोर्ट, डिजिटल डाटा, र प्रत्यक्षदर्शी बयानहरू अभियोग पत्र तयार गर्न सहज हुने ढङ्गले व्यवस्थित गर्ने ।

### साक्षीको उपस्थिति र तयारीमा समन्वय र सहकार्य गर्ने

- मुख्य साक्षीहरू पहिचान गरी अभियोजनकर्तासँग बसी बयानको साझा सूची तयार गर्ने।
- बयानका महत्त्वपूर्ण बुँदाहरू पहिचान गर्न अभियोग पत्र अध्ययन गरी स्पष्ट हुने साथै अनुसन्धान प्रतिवेदनलाई पनि आधार लिने ।

### अनुसन्धान प्रतिवेदनको संरचना र ढाँचा स्पष्ट राख्ने

- घटनाको विवरण (समय, स्थान, कसरी भयो)
- प्रमाणहरूको सूची र परीक्षण नतिजा के प्राप्त भयो ?
- कसूरदारको पहिचान, बयान र अभियोग माग दावीसँग मेल भयो भएन ?
- कसूरको तथ्य र कानूनी आधार तयार भयो/भएन ?
- अनुसन्धानको निष्कर्ष र सिफारिसका आधारहरू ।

### अभियोग पत्र तयार गर्दा कानूनी दृष्टिकोण स्पष्ट हुने

- अनुसन्धान प्रतिवेदनका तथ्य र प्रमाणलाई कानूनी दफासँग मिलाएर अभियोग पत्र तयार गर्ने
- कसूरदार विरुद्ध प्रमाणित हुने सम्भावना बलियो बनाउन अनुसन्धान र अभियोजन निकायले एक–अर्कासँग राय परामर्श लिने ।

### निरन्तर सम्पर्क र अभिलेख अद्यावधिक गर्ने

- अनुसन्धानको प्रत्येक चरणको प्रगति अभियोजनकर्तालाई अद्यावधिक गर्ने
- अदालतमा अभियोग पेस हुनुअघि अनुसन्धान प्रतिवेदन र तयार गरिएको अभियोग पत्रको तादातम्यता खोजी गर्ने

## समस्या र नयाँ चुनौतीहरू

- कसूरको सूचना प्राप्ति र दर्ता सम्बन्धमा समस्या हुनु
- प्रारम्भिक अनुसन्धान र सोको प्रतिवेदन तथा निर्देशनमा समस्या देखिनु
- जरूरी पत्राउ पुर्जी र म्याद थप सम्बन्धमा समस्या हुनु
- बस्तुगत, वैज्ञानिक, विश्वसनीय प्रमाणको सङ्कलनमा समस्या हुनु
- कानून बमोजिम र कानूनको उचित प्रयोगमा समस्या हुनु
- लैङ्गिक संवेदनशीलता र बाल न्याय कार्यविधिको पालनामा समस्या हुनु
- अनावश्यक व्यक्तिलाई अभियोजन प्रस्ताव हुनु
- गोलमटोल अनुसन्धान र गोश्वारा अभियोजन प्रस्तावसहितको अनुसन्धान प्रतिवेदन हुनु
- अभियुक्तले अदालतमा लिएको फरक जिकिरका सम्बन्धमा अनुसन्धान नहुनु
- साक्षीसँगको सम्पर्क, सुरक्षा र सुविधाको सम्बन्धमा समस्या हुनु
- फैसला कार्यान्वयनमा पीडितको सहयोग नहुनु
- कानूनी सामग्रीको अध्ययन र पालना कमजोर हुनु
- विषयगत प्रशिक्षण र कार्य उत्प्रेरणा नहुनु
- उत्तराधिकार योजनासहित निरन्तर सिकाइ नहुनु
- समन्वय र सहयोगमा कमी हुनु
- आचरण र नैतिकता कमजोर हुनु
- प्रारम्भिक अनुसन्धान प्रतिवेदनको प्राप्ति र अभिलेखीकरणलाई व्यवस्थित गर्न नसकिएको
- जाहेरी तामेलीमा राख्ने कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन नसकेको,
- म्याद थप अनुमति माग्दा हिरासतमै राख्नु पर्ने आधार कारण खुलाउने गरेको नपाइएको
- अनुसन्धानमा बाल तथा लैंगिक न्यायका संवेदनशील पक्ष तथा गोपनीयताका सवालमा प्रभावकारी निर्देशन हुन नसकेको
- शङ्कितको बयान गराउँदा वा अन्य व्यक्तिको कागज गराउँदा घटना सबै तथ्य र विस्तृत सूचना खुलाउन नसकिएको कारण अभियोजनमा असर पुगेको
- अनुसन्धान अधिकारीले राय माग्ने र सरकारी वकीलले राय परामर्श दिने अभ्यास प्रभावकारी हुन नसकेको
- सरकारी वकीलले अन्तिम समयमा निदेशन दिँदा निर्देशनको पालना निष्प्रभावी भएको
- विज्ञको राय स्पष्ट नहुने र विशेषज्ञले र विशेषज्ञले एकिन गरिदिनु पर्ने विवादित प्रश्न अनुसन्धानले स्पष्ट गर्न नसकेको,

- कसूरको प्रकृति र सार्वजनिक हित समेतलाई विचार गरी धरौटी जमानत वा तारेखमा राखी अनुसन्धान गर्ने अभ्यास प्रभावकारी नहुँदा त्यसको प्रत्यक्ष असर अभियोजनको गुणस्तरमा परेको,
- एकभन्दा बढी कसूरदार संलग्न भएको वारदातमा प्रत्येक कसूरदारको कसूरमा भूमिका नखुलाई गोलमेटोल एवम् गोश्वारा अभियोग दावी लिने गरिएको,
- कसूरमा क्षति भएको विगो एकिन नगर्ने र कोबाट कति विगो भराउनु पर्ने हो दावी पनि स्पष्ट नहुने
- सामान्य विवाद वा सानातिना कसूर जस्तो परिवार भित्र अनिवार्य आवश्यकता परी सवारी चलाउँदा नियन्त्रण वाहिरको परिस्थितिमा भएको दुर्घटना वा सार्वजनिक हितका लागि भएको घटनामा अभियोजन नगर्ने हुनु पर्नेमा त्यसो हुन नसकेको,
- बालन्याय कार्यविधिको अनुसन्धान र अभियोजनका दुवै चरणमा पूर्ण अनुसरण नगर्दा अभियोजन आलोच्य हुने गरेको,
- कसूरको परिभाषा, थप सजाय र हदम्याद समेतमा संहिता कानूनको ब्याख्या, प्रयोग र बुझाइमा विविधता देखिएको
- डिजिटल अपराधको वृद्धि - साइबर क्राइम, अनलाइन ठगी, ह्याकिङ, र डिजिटल प्रमाण सङ्कलन जस्ता नयाँ डिजिटल अपराधको लागि विशेष ज्ञान र प्रविधिको आवश्यकता रहेको ।
- विशेषगरी डिजिटल र इलेक्ट्रोनिक प्रमाण (जस्तैः CCTV फुटेज, च्याट हिस्ट्री) समयमै सुरक्षित नगर्दा प्रमाणको छिटो नष्ट हुने खतरा रहेको।
- मानव तस्करी, मनी लन्डरिङ, अवैध कारोबार जस्ता अपराधमा अन्तर्राष्ट्रिय कानूनी सहयोग (MLA) र समन्वयको जटिलता रहेको ।
- संवेदनशील मुद्दामा साक्षीलाई हुने धम्की वा लोभमा पर्न सक्ने खतरा हुने गरेको ।
- प्रत्यक्ष प्रमाण अभावमा मोबाइल, इमेल, सामाजिक सञ्जाल जस्ता प्रमाणको भरपर्नु पर्ने अवस्था रहेको ।
- अनुसन्धान समयमा नहुने र अन्तिममा हुने, समयको अभावले मुद्दा कमजोर हुने ।
- मिडिया ट्रायल र सामाजिक सञ्जालको चापका कारण अनुसन्धान र अभियोगमा निष्पक्षता कायम राख्न समस्या र जटिलता रहेको ।

**अनुसन्धानले सत्य, तथ्य र प्रमाण सङ्कलन गर्छ । अभियोजनले ती प्रमाणलाई कानूनी रूपमा प्रस्तुत गरी अपराधीलाई सजाय दिलाउने प्रयास गर्छ । अनुसन्धान कमजोर भए अभियोजन सफल हुँदैन । अभियोजनमा कमजोरी आयो भने अनुसन्धानको मेहनत खेर जान्छ । त्यसैले दुवै प्रक्रियाबीच घनिष्ठ सहकार्य, स्पष्ट वैधानिक आधार, आपसी समन्वय र उत्तरदायित्व आवश्यक हुन्छ ।**

- अनुसन्धानकर्तालाई नयाँ प्रविधि, फरेन्सिक, वा अन्तर्राष्ट्रिय कानूनबारे पर्याप्त तालिमको पर्याप्तता नहुनु
- संवेदनशील मुद्दामा राजनीतिक वा बाह्य हस्तक्षेपका कारण अनुसन्धान वा अभियोजनको स्वतन्त्रता प्रभावित हुनु ।
- प्रहरी, फरेन्सिक प्रयोगशाला, इमिग्रेशन, र अन्तर्राष्ट्रिय निकायबीच प्रभावकारी सहकार्य गर्न समस्या हुने गरेको ।

## आगामी बाटो (Way Forward)

अनुसन्धान र अभियोग पत्रको तयारीमा देखिएका चुनौतीहरू समाधान गर्न र प्रभावकारी न्यायिक परिणाम सुनिश्चित गर्न निम्न कदमहरू लिन सकिन्छ :

- अनुसन्धान प्रतिवेदन प्रणाली डिजिटल बनाउने
- जाहेरी दर्ता पारदर्शी राख्ने प्रविधि प्रयोग गर्ने
- बालबालिकासँगको अनुसन्धानमा बालमैत्री संरचना बनाउने
- अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलबीच अनिवार्य समन्वय र बैठकमार्फत् समस्या समाधान गर्ने
- विज्ञको रायलाई वढी वस्तुनिष्ठ र प्रभावकारी बनाउने
- कसूरदारको भूमिका छुट्याएर अभियोग दर्ता गर्ने

अभ्यास अनिवार्य गर्ने

- स्पष्ट विवरण सहित अभियोगमा विगो माग गर्ने
- निर्देशन कार्यान्वयन गर्ने
- सानातिना तथा समाजिक न्याय सम्बन्धी मुद्दा व्यवस्थापनका लागि वैकल्पिक प्रणाली अपनाउने
- संहिता कानूनको एकरूपता कायम राख्न नेपाल प्रहरी प्रधान कार्यालय र महान्यायाधिवक्ताको कार्यालयबाट भएका निर्देशन पालना गर्ने
- भौतिक सबुद सङ्कलनमा जोड दिने
- वैज्ञानिक साधन र पर्याप्त स्रोतको व्यवस्थापन गर्ने
- मुद्दाको सफलता र असफलतामा अनुसन्धान अधिकारीको मूल्याङ्कन हुनुपर्ने
- अनुसन्धान र अभियोजनको मूल्याङ्कन र. मुद्दा असफल हुनुका कारण खोजी गर्नुपर्ने
- अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीललाई साइबर अपराध, डिजिटल प्रमाण सङ्कलन, र फरेन्सिक परीक्षणका क्षेत्रमा विशेष तालिम दिने
- डिजिटल डाटा सुरक्षित राख्न सुरक्षित सर्भर, क्लाउड ब्याकअप र Chain of Custody प्रणाली मजबुत पार्ने
- संवेदनशील मुद्दामा साक्षीको शारीरिक, कानूनी, र मनोवैज्ञानिक सुरक्षा सुनिश्चित गर्ने
- बहिरक्षेत्रीय अपराधका लागि Mutual Legal Assistance (MLA) र अन्तर्राष्ट्रिय प्रहरी संगठनसँग सक्रिय समन्वय गर्ने
- अनुसन्धान र अभियोग तयारीका सबै चरणमा कानूनी समयसीमा पालना गर्न प्राविधिक निगरानी प्रणाली लागु गर्ने
- अनुसन्धानकर्ता प्रहरी, फरेन्सिक, इमिग्रेशन र अभियोजनकर्ता सरकारी वकीलबीच साझा डाटाबेस र कार्यदल (Task Force) गठन गर्ने
- अनुसन्धान र अभियोग प्रक्रियामा राजनीतिक वा बाह्य हस्तक्षेप रोक्ने कानूनी प्रावधान कार्यान्वयन गर्ने
- संवेदनशील मुद्दामा मिडिया र सामाजिक सञ्जालको सूचना प्रवाहलाई तथ्य आधारित र जिम्मेवार बनाउन मार्गनिर्देशन तय गर्ने
- नयाँ प्रकारका अपराध र प्रविधिलाई सम्बोधन गर्न कानून संशोधन वा नयाँ कानून निर्माण गर्ने
- अनुसन्धान र अभियोगको गुणस्तर मूल्याङ्कन गर्ने स्वतन्त्र निकाय वा आन्तरिक अडिट प्रणाली स्थापना गर्ने
- अनुसन्धान निकाय, अभियोजन निकाय र न्यायिक निकायबीच सूचना प्रविधिमा आधारित एकीकृत तथ्याङ्क प्रणाली विकास गरी कार्यान्वयन गर्ने ।

## अनुसन्धान सम्बन्धी न्यायिक दृष्टिकोण

### रघुनाथ अग्रवालविरुद्ध जि.प्र.का. काठमाडौंसमेत

वस्तुतः अभियुक्त पक्राउ भएपछि अनुसन्धानको लागि प्रहरी हिरासतमा रहने हुन्छ । अनुसन्धानबाट कसूर गरेको नदेखिएमा हिरासतमा रहेको अभियुक्त उपर मुद्दा नचल्ने भई प्रहरी हिरासतमा रहेको अभियुक्त अनुसन्धानको तहबाट हिरासतबाट छुट्न सक्ने हुन्छ भने अनुसन्धानपछि सबुद प्रमाणको आधारमा प्रहरी हिरासतमा रहेको अभियुक्त उपर मुद्दा नचल्न पनि सक्छ । बन्दीलाई सुरुमा पक्राउ गरी प्रहरी हिरासतमा राख्दा अनुसन्धानको लागि हिरासतमा राखिएको र पक्राउ भएको २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराएको नदेखिएकोले सो थुना गैरकानूनी हुन्छ ।

### केशव भन्ने शेरबहादुरको हकमा माया पाठकविरुद्ध गृह मन्त्रालयसमेत[1]

तहकिकातको लागि थुनामा राख्न चाहने प्रहरी कर्मचारीले सोको कारण खुलाउनुपर्ने र निजबाट गरिएको तहकिकात सन्तोषजनक भए नभएकोसमेत अनुमति दिने अधिकारीले हेरी थुनामा राखी तहकिकात गर्ने गरी अनुमति दिएमा आफ्नो पर्चामा पनि कारण खुलाउनुपर्ने देखिन आउँछ । केबल अनुसन्धान गर्नका लागि मात्र थुनामा राख्न पाउने नभई थुनामा नराख्ने हो भने अनुसन्धान नै अवरूद्ध हुने जस्ता कुनै कारण वा अवस्था आफ्नो पर्चामा वा अनुमति दिंदाको आदेशमा सम्बन्धित अधिकारीले खुलाउनुपर्ने कानूनी बाध्यता देखिन आउँछ ।

१ ने.का.प., २०५३, नि.नं. ६१८२, पृ ३३४

**नीलम पौडेल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत**[2]

अभियुक्तले आफ्नोविरुद्ध साक्षी हुन कर नलाग्ने अधिकार परित्याग (Wave) नगरी त्यो अधिकार प्रयोग गरेमा अदालत वा Prosecution ले त्यसको उल्टो वा विपरीत अर्थ गरी अभियुक्तका सम्बन्धमा केही जवाफ नदिएकाले निर्दोष मान्न नमिल्ने हुँदा उल्टो अर्थ गरी दोषी ठहर गर्न नमिल्ने । अदालतमा अभियोगपत्र दायर भएपछि मुद्दा हेर्ने अधिकारीसमक्ष पनि अभियुक्तले आफू मौन रहने वा Guilty Plea वा Not Guilty Plea लिने हक उपभोग गर्न सक्छ । उसलाई बाध्य गरी जवाफ लिन नसकिने ।

**चन्द्रबहादुर नेपाली वि.म.प.स. समेत**[3]

आफ्नोविरुद्ध आफै साक्षी हुनु नपर्ने संवैधानिक प्रत्याभूतिले कुनै पनि व्यक्तिले स्वेच्छाले बाहेक आफ्नोविरुद्ध बोल्न बाध्य हुँदैन । अभियोग लागेको व्यक्तिले स्वेच्छाले कुनै कुरा भन्दछ भने सो कुरा निजको समर्थन वा विरूद्धमा प्रमाण लाग्न सक्छ । कुनै व्यक्ति केही पनि नबोली चुप बस्दछ भने पनि उसलाई बोल्नैपर्ने भनी भन्न मिल्दैन । उसले नबोलेका आधारमा मात्र उसलाई दोषी बनाइँदैन ।

**बद्रीबहादुर कार्कीको मुद्दामा**[3]

महान्यायाधिवक्तालाई संविधानले नेपाल सरकार र अन्तर्गत निकायको कानूनी सल्लाहकार तथा प्रमुख अभियोजनकर्ताका हैसियतमा अनुसन्धान निर्देशित गर्ने अधिकारीको रूपमा पनि स्थापित गरेको छ । समग्रमा भन्नुपर्दा महान्यायाधिवक्ता अनुसन्धान र अभियोजनको नेतृत्वकर्ता हो । महान्यायाधिवक्ता कानूनको ज्ञाता र व्यावसायिक व्यक्ति भएको कुरा सर्वोच्च अदालतबाट पनि स्थापित गरिएको छ ।

२ ने.का.प. २०६७, अंक १०, नि.नं. ८४७३, पृ. १६४१

३ ने.का.प. २०५८, अंक ५/६, नि.नं. ७००१, पेज २३९

## अभियोजन सम्बन्धी न्यायिक दृष्टिकोण

**नेपाल सरकार विरुद्ध जसमान लिम्बु र रामप्रवेश कुमार लोनिया**[4]

धेरैजना व्यक्ति संलग्न रहेको वारदातमा एकभन्दा बढी व्यक्ति मुख्य अभियुक्त (Principal Offender) हुन सक्ने र सहायक अभियुक्त (Accessory Offender) पनि धेरै जना हुन सक्ने कुरालाई फौजदारी विधिशास्त्रले आत्मसात गरेको पाइने । एक जना भन्दा बढी व्यक्ति सामूहिक रूपमा संलग्न रहेको अवस्थामा हरेक व्यक्तिको आपराधिक कार्यको विश्लेषण गरी दायित्व निर्क्योल गर्नुपर्ने । फौजदारी कसूरमा अभियोग दाबी प्रमाणित गर्दा प्रतिव्यक्ति प्रति प्रमाणबाट पुष्टि हुनुपर्दछ ।

**खुलबहादुर कुँवर विरुद्ध जिल्ला प्रहरी विशेष अदालत काठमाडौ समेत**[5]

निर्दोष हुँदाहुँदै पनि राज्यका निकायहरूको लापरवाहीपूर्ण काम कारबाहीको परिणाम स्वरूप अनाहकमा कैदमा बस्नु परेको दुर्भाग्यपूर्ण अवस्थामा निवेदकलाई राज्यले क्षतिपूर्ति दिनुपर्ने ।

४ ने.का.प. २०६९ अकं १ नि .नं. ८७५८ र ने.का.प. २०७६ अकं २ नि .नं. १०१९७

५ ने.का.प. २०७६ अकं ४ नि .नं. १०२५०

**राजेन्द्र महर्जन विरुद्ध नेपाल सरकार**[6]

अभियोगपत्रमा प्रतिवादीको पहिचान एकिन हुने तीन पुस्ते सहितका सबै विवरण नाम, उपनाम प्रष्टसँग उल्लेख हुनको लागि महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयमा निर्देशनात्मक आदेश जारी हुने ।

**नेपाल सरकार विरुद्ध मगरे खाँ समेत**[7]

फौजदारी न्यायको मान्य सिद्वान्त अनुसार Evidence Oriented Investigation र Evidence Supported Prosecution गर्ने वर्तमान प्रणालीमा सुधार गर्नु भनी प्रहरी महानिरीक्षक र महान्यायाधिवक्तालाई ध्यानाकर्षण गराउने ।

**नेपाल सरकार विरुद्ध मनकुमारी नेपाली**[8]

प्रमाणहरूको मालाकार कडीबाट त्यस्तो बयान व्यहोरा समर्थित नहुँदासम्म साबिती बयानले कुनै प्रमाणिक महत्त्व राख्दैन भन्ने कुरालाई अनुसन्धान र अभियोजन पक्षले बुझ्न जरूरी हुने ।

६ ने.का.प. २०६३ अकं ११ नि .नं. ७७८८

७ ने.का.प. २०६६ अकं १० नि .नं. ८२४३

८ ने.का.प. २०६८अकं १२ नि .नं. ८७२६

## नेपाल सरकार वि. सफिक महमद खान समेत[९]

हलुको अनुसन्धानले न्याय व्यवस्था माथिको आस्था र विश्वासमा प्रश्न उठ्ने संभावना रहने हुँदा अभियोजन पक्ष सदैव चनाखो रहनुपर्ने ।

## नेपाल सरकार वि. साबुद्विन मियाँ[१०]

अलग अलग रूपमा अभियोजन गरी मुद्दा दायर गर्नुपर्नेमा एउटै अभियोजन गरेको यस्तो प्रकारको त्रुटि हुन नदिन र अभियोजनको प्रभावकारितामा जोड दिन तालुक कार्यालयले विशेष ध्यान दिनु भनी महान्यायाधिवक्ताको कार्यालयका नाउँमा ध्यानाकर्षण गराउने ।

## नन्दकली बुढामगर वि. प्र.जि.अ. माधवप्रसाद ओझा

मानिसको हत्या हुँदा पनि अनिश्चित कालसम्म अनुसन्धानका नाममा अनुसन्धान नटुङ्ग्याउने हो भने अभियोजन नगर्ने हो भने संविधान प्रदत्त मानव अधिकारको संरक्षण र सम्मानको कुरा निरर्थक हुने । संविधान तथा विधिबाट शासित हुने मुलुकमा त्यस्तो कुरा स्वीकार्य हुन नसक्ने ।

## अधिवक्ता अमृत प्रसाद श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत[११]

गलत अनुसन्धान र अनुचित अभियोजनका कारण आरोपित व्यक्तिले थुनामा बस्नु परेको र मुद्दा अन्तिम हुँदा सफाइ पाएमा थुनामा बसेको अवधिको राज्यद्वारा न्यायोचित क्षतिपूर्तिको व्यवस्था सहितको कानून निर्माण गर्नु भनी निर्देशनात्मक आदेश जारी हुने ।

## सुन्तली धामी (शाह) विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

महान्यायाधिवक्ताले गरेको निर्णय सरकारी निकायको लागि मात्र अन्तिम हुन सक्छ । धारा १३५ ले महान्यायाधिवक्तालाई उल्लिखित अधिकार दिएको भए तापनि धारा १३५ ले धारा ११७ को यस अदालतको असाधारण अधिकारलाई सिमित गर्न वा कटौति गर्न वा नियन्त्रण गर्न नसकने ।

## विशाल भन्ने खड्क बहादुर गुरुङ वि. जिल्ला प्रहरी कार्यालय नवलपरासी समेत[१२]

बालबालिकाको परिचय गोप्य राख्नु पर्ने, बालबालिका र वयस्कलाई अलग अलग अभियोजन तथा सुनवाइ हुनुपर्ने, बालबालिकाको मुद्दा बाल इजलासबाटै हेरिनुपर्ने बाध्यात्मक कानूनी प्रावधानको अनदेखा गरी कानून प्रतिकूल काम कारबाही गर्ने अधिकृत तथा निर्णयकर्ताका हकमा विभागीय कारबाही गर्न प्रहरी प्रधान कार्यालय, महान्यायाधिवक्ताको कार्यालय, सर्वोच्च अदालत प्रशासन, न्यायपरिषद्, न्याय सेवा आयोगमा लेखी पठाउनु ।

## तिर्थराज दाहाल विरुद्ध काठमाडौं जिल्ला अदालत[१३]

फरक फरक कसूरमा फरक फरक अनुसन्धान अधिकारीले अनुसन्धान गर्ने, अवधिसमेत फरक फरक तोकिएको विषयमा एउटै अभियोगपत्र एकै पटक अभियोजन हुनु पर्ने भन्ने तर्क उपयुक्त देखिन नआउने ।

## रमेश साह विरुद्ध नेपाल सरकार[१४]

अनुसन्धान गर्दा शङ्कित व्यक्तिका विरुद्ध यथार्थ र वास्तविक प्रमाण सङ्कलन गरिनुपर्छ । झुट्टा प्रमाण सृजना गरिनु हुँदैन । झुट्टा प्रमाणको सृजना गरी गरिएको अभियोजन तथा कारबाही प्रकृयाबाट व्यक्तिको स्वच्छ सुनुवाईको हक निष्प्रभावी हुने।

## सुरेश कुमार महतो विरुद्ध नेपाल सरकार

अभियोगको मागदावी खण्डमा प्रतिवादीहरूको नाम उल्लेख हुनुपर्ने, यी, यी प्रतिवादीहरूले यो, यस्तो खालको कसूर गरेको हो, यस्तो भूमिका र यस्तो दावी रहेको छ भनी स्पष्ट रूपमा खुलाएर अभियोग पेस गर्नुपर्ने ।

---

९ सर्वोच्च अदालत बुलेटिन, २०७५ चैत्र २ पृष्ठ ३३

१० ने.का.प. २०७२ अकं ५ नि .नं. ९३९९

११ ने.का.प. २०७५ अकं १ नि .नं. १०००६

१२ (०७८-WH-०९९१) आदेश मितिः २०७९।३।१६

१३ ने.का.प. २०७६ अकं ८ नि .नं. १०३२८

१४ ने.का.प. २०७९ अकं ५ नि .नं. १०८७२

## व्याख्या र विश्लेषण

- कसूरको अनुसन्धान नै अभियोजनको आधार हो । अभियोजन न्याय निरूपणको प्रवेशद्वार हो । अनुसन्धान बलियो र बैज्ञानिक हुन सकेमा मात्र अभियोजन दरो हुन्छ । अभियोजन दरो भएमा उचित रूपमा न्याय निरूपण भै पीडितले न्याय र अभियुक्तले सजाय पाउँछ । विधिको शासन स्थापित हुन सक्छ । यसमा राज्यको लगानी विधिको शासनको लागि हो भन्ने बुझ्नु पर्छ ।

- कसूरको अनुसन्धानको लागि प्रविधिको प्रयोग महत्त्वपूर्ण र विश्वसनीय हुन्छ । अपराध अभिलेख (Criminal Record) संग्रह गर्न तथा आवश्यक परेका बखत खोज्न र प्रयोग गर्न प्रविधिको उपयोग गर्न सकिन्छ । राष्ट्रिय परिचयपत्र तथा अन्य सरकारी अभिलेखलाई अपराध अभिलेख संग्रहसँग आवद्धता गराई कसूरको अनुसन्धानलाई प्रभावकारी वनाउन सकिन्छ ।

- सूचनाको आदान प्रदान गर्न, प्राप्त प्रमाणको परीक्षण र विश्लेषण गर्न, कसूरदार विरूद्ध नियमित निगरानी गर्न, औंठा छाप वा डिएनए वा अनुहार तथा आँखाको माध्यमबाट बायोमेट्रिक पहिचान (Biometric Identification) गर्न, वारदातस्थल तथा कसूरदार भएको स्थल पत्ता लगाउन वा कसूरजन्य सामग्रीको भण्डार गरेको वा प्रमाण रहेको स्थान पत्ता लगाउन, शङ्कित तथा अन्य व्यक्तिबीचमा भएको सञ्चार र सूचना प्राप्त गर्न, सामाजिक सञ्जाल (Social Media) को विश्लेषण गर्न प्रविधिको प्रयोगसँगै अहिले कृत्रिम बुद्धिमता (AI) को प्रयोगबाट समेत सहयोग पुग्ने देखिन्छ ।

- विधिविज्ञान प्रयोगशालाबाट अपेक्षित समयभित्र परीक्षण प्रतिवेदन प्राप्त हुन नसक्दा निर्दोषहरू अनावश्यक रूपमा थुनामा बस्नुपर्ने र प्राप्त प्रमाणको उचित भण्डारण नहुदाँ वा प्रमाण सङ्कलनमा त्रुटि हुदाँ कसूरदार उम्कने अवस्थाको सृजना हुने जोखिम भएको छ ।

- कसूरको अनुसन्धानकर्ताले प्रयोग गर्ने प्रविधिभन्दा कसूरदारले प्रयोग गर्ने प्रविधि उच्चस्तरको भएमा कसूरको अनुसन्धान स्वभाविक रूपमा कमजोर हुन्छ । यसैले कसूरको अनुसन्धान गर्ने निकायलाई प्रविधिको प्रयोग गर्न सक्षम बनाउनु पर्छ । विधिविज्ञान प्रयोगशालामा सबै प्रकारको प्रमाणको परीक्षण गर्न सक्षम बनाउने कुरामा राज्यको लगानी जरूरी छ। कसूरदारले सम्भव भएसम्म उच्च प्रविधिको प्रयोग गर्ने हुदाँ त्यसको निराकरणका लागि राज्यसँग त्यसभन्दा उन्नत प्रविधि, यसको प्रयोग र प्राप्त सूचना तथा जानकारीको विश्लेषण गर्न सक्ने क्षमता भएको जनशक्ति आवश्यक हुन्छ ।

- पीडितलाई न्याय दिलाउनको लागि कतिपय अवस्थामा वास्तविक पीडितको पहिचान गर्नु पनि महत्त्वपूर्ण हुन्छ । आमरूपमा जाहेरवालालाई पीडित मानेर कसूरको अनुसन्धान प्रकृया अगाडि बढाइन्छ । कतिपय अवस्थामा जाहेरवाला आफैँ कसूरदार भएको समेत देखिएको छ । कसूर प्रारम्भ गर्न सहयोग गर्ने वा उक्साउने तथा कसूरमा संलग्न हुँदै जाँदा अन्तिममा आफू फस्छु भन्ने देखेमा दोष जति अर्कालाई थुपारेर जाहेरी दिन दौडिने प्रवृत्ति प्रति कसूरको अनुसन्धानकर्ता तथा अभियोजनकर्ता सचेत हुन आवश्यक छ । कसूरजन्य कार्यमा योगदान गर्ने पीडित र वास्तविक पीडितको बीचमा भिन्नता छुट्टाउनु पर्छ । छद्मरूपी पीडितलाई थोरै भए पनि दण्ड दिनु आवश्यक हुन्छ। यस्तोमा कसूरजन्य कार्यमा संलग्न छद्मरूपी पीडित अर्थात कसूरदारलाई क्षतिपूर्ति नदिने वा विगो नभराउने गरी क्षतिपूर्ति सम्बन्धी कानूनी व्यवस्थामा सुधार गर्न आवश्यक भएको छ ।

- हाम्रो कानूनले पीडितलाई स्वच्छ सुनुवाईको अधिकार, भेदभाव विरूद्धको अधिकार, गोपनीयताको अधिकार र न्यायिक काम कारबाही सम्बन्धी सूचनाको अधिकार दिएको छ । यसरी नै सम्पत्ति फिर्ता पाउने अधिकार, तल्लो तहको निर्णय विरूद्ध सरकारले निवेदन वा पुनरावेदन नगरेमा आफै निवेदन वा पुनरावेदन दिने अधिकारको समेत ग्यारेन्टी गरेको छ । यस बाहेक कसूरको कारण पीडितलाई पुगेको प्रत्यक्ष वा अप्रत्यक्ष क्षति वापत क्षतिपूर्तिको

अधिकारको ग्यारेन्टी गरेको छ । तर कानूनमा उल्लिखित अधिकारको प्रयोग न्यून रूपमा भएको देखिन्छ । कतिपय अवस्थामा पेशीको जानकारी नहुने साथै जाहेरवाला वा पीडितलाई वकपत्रमा खबर नहुने जस्ता कारणबाट मुद्दामा सरकारी पक्ष कमजोर हुने र अभियोग दावीको कसूर ठहर नहुने अवस्था सृजना भएको छ । यस्तो अवस्था आउन नदिन अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकील सचेत हुनु पर्दछ ।

- जाहेरी दरखास्त अपराधको सूचना मात्र हो। अनुसन्धानबाट आएको निष्कर्षलाई आधार मानेर अनुसन्धान प्रतिवेदन तयार गर्ने र प्रमाणद्वारा पुष्टि भएको तथ्य तथा कानून बमोजिम अभियोजन गर्नु पर्ने हुन्छ । तर जाहेरीलाई अकाट्य अन्तिम आधिकारिक प्रमाणको रूपमा लिने प्रवृत्ति निरन्तर कायम छ । अनुसन्धानपछि जाहेरी दिन लगाउने र जाहेरीमा व्यहोरा मिलाई दिने कुराले मुद्दा बलियो नभई कमजोर बनाएको देखिन्छ । यस्तोमा जाहेरवालाको भनाइ नै जस्ताको तस्तै राख्ने कार्य गरिनु पर्दछ ।

- कसूरको अनुसन्धान गर्ने कार्य कानूनद्वारा तोकिएको प्रहरी अधिकृतबाट हुनु पर्दछ । अनुसन्धानको कतिपय कार्यमा कानूनद्वारा तोकिएको तहभन्दा तल्लो तहको प्रहरीबाट कार्य सम्पादन हुँदा अनुसन्धान कमजोर भएको पाइएको छ ।

- शङ्कितलाई २५ दिनसम्म थुनामा राख्न पाइन्छ भन्ने कुरा अनुसन्धानकर्ताको निशर्त अधिकार हैन । त्यसैले शिघ्र अनुसन्धान गरी अभियोजन गर्नु पर्दछ। तीन वर्ष वा सो भन्दा कम सजाय हुने मुद्दामा हिरासतमा नराखी तारेखमा राखेर अनुसन्धान गर्ने पद्धतिलाई क्रमशः अगाडि वढाउनु पर्दछ । जरूरी पक्राउ पुर्जीको प्रयोग अनपेक्षित रूपमा बढी भएको छ । यसलाई हामीले सच्याउदै जानु पर्दछ । कतिपय मुद्दामा हिरासतमा राख्ने म्याद थप गर्न जाँदा सो दिनसम्म गर्न बाँकी अनुसन्धानको सूची पेस नहुदाँ म्याद थप नभएको अवस्था देखिन्छ। संगठित अपराध पुष्टि हुने आधार नहुदाँ नहुदै पनि अनुसन्धान बाँकी रहेको नाममा साठी (६०) दिनसम्म थुनामा राख्ने उद्देश्यले संगठित अपराध मुद्दा जोडिने प्रवृत्तिको अन्त्य हुनुपर्छ ।

**कसूरको अनुसन्धान नै अभियोजनको आधार हो । अभियोजन न्याय निरूपणको प्रवेशद्वार हो । अनुसन्धान बलियो र बैज्ञानिक हुन सकेमा मात्र अभियोजन दरो हुन्छ । अभियोजन दरो भएमा उचित रूपमा न्याय निरूपण भै पीडितले न्याय र अभियुक्तले सजाय पाउछ । विधिको शासन स्थापित हुन सक्छ । यसमा राज्यको लगानी विधिको शासनको लागि हो भन्ने बुझ्नु पर्छ ।**

- वारदात भएको लामो समयपछि घटनास्थल प्रकृति मुचुल्का तयार गर्नु वा पीडितको शारीरिक परीक्षण गराउनुको कुनै अर्थ हुँदैन । जबरजस्ती करणी लगायतका मुद्दामा वारदात भएको लामो समयपछि जाहेरी दरखास्त परेको अवस्थामा शारीरिक परीक्षणबाट वा घटनास्थल प्रकृति मुचुल्का तयार गरिएको कार्यबाट कुनै परिणाम आएको देखिँदैन । कतिपय मिसिलमा घटनास्थल प्रकृति मुचुल्का पुरै बनावटी रूपमा तयार भएको देखिन्छ। यसले मुद्दा बलियो हुँदैन । एउटा मुद्दामा मादक पदार्थ खाएर मानिस मारी फरार भएको अभियुक्त सात वर्षपछि पक्राउ परेकोमा मादक पदार्थ सेवनको परीक्षण गरेको र सो दिनमा मादक पदार्थ सेवन गरेको देखिएको रिपोर्ट मिसिल संलग्न गरिएकोमा यस प्रतिवेदनको कारण सरकार मुद्दामा पराजित मात्र भएन उल्टै अनुसन्धान र अभियोजनको विश्वसनियतालाई धुमिल बनाएको उदाहरण पाइएको छ ।

- कसूरको अनुसन्धानका क्रममा कल डिटेल तथा संचार सम्पर्क भएका एवम् बैङ्किङ कारोबार भएका कागजको दर्जनौं पेज मिसिलमा संलग्न हुने

गर्दछ । तर त्यस्तो कागजको कुन अंश के कुन प्रयोजनको लागि हो भन्ने खुलाएको पाइँदैन । कागज प्रमाण सङ्कलन हुने तर विश्लेषण नहुने अवस्थामा मुद्दामा न्याय गर्न सकिएको पाईदैन ।

- जाहेरीमा अपाङ्गता भएको वा मानसिक सन्तुलन विग्रिएको भन्ने दावी लिइन्छ । तर त्यसलाई पुष्टि गर्ने अपाङ्ग परिचयपत्र वा प्रमाण संलग्न हुदैनन् । करणी सम्बन्धी कसूरका मुद्दामा समयमा उमेर खुल्ने जन्मदर्ता प्रमाणपत्र वा अन्य लिखत कागज खोजिँदैन । पछि अदालतबाट नाबालक कायम हुने अवस्थाले मिसिलमा नाम परिवर्तन गर्नु पर्ने मात्र नभई मुद्दा हेर्ने अदालत नै फेर्नु पर्ने अवस्था देखिएको छ ।

- अहिले कतिपय मुद्दामा पीडितलाई क्षतिपूर्ति भराउनु पर्दा वा जरिवाना वापतको रकम असुल गर्नु पर्दा अनुसन्धानका क्रममा सम्पति पत्ता लगाउने काम हुन नसक्दा समस्या भएको छ । यस्तोमा शङ्कित व्यक्तिसँग सुरू बयान लिदा नै सम्पत्तिको विवरण लिने वा राष्ट्रिय परिचयपत्र नम्बर समावेश गर्ने प्रणाली स्थापित गर्नु पर्दछ । शङ्कितको सम्पत्ति वा खाता रोक्का राखेकोमा दावीभन्दा बढी रकम वा सम्पत्ति फिर्ता वा फुकुवा नगरेको कारण अर्को अपराध हुने अवस्थालाई अन्त्य गर्न सहयोगी भूमिका निर्वाह गरिनु पर्दछ ।

- लागु औषध मुद्दामा लागु औषध सेवन गरे नगरेको भन्ने कुरा समयमा नै तत्काल जाँच नहुँदा लागु औषधको कारोबारी पनि लागु औषधको परिमाण न्यून भएको भन्ने आधारमा अदालतबाट सेवनको मात्र कसूरदार ठहर हुने अवस्था देखिनु पक्कै राम्रो होइन ।

- आत्महत्या दुरूत्साहनको घटनामा मृतकले सुसाईड नोटमा नाम उल्लेख गरेका सबै व्यक्तिलाई मुद्दा चलाउनु किमार्थ उचित हुँदैन । बैंकले कर्जाको किस्ता माग गरेको जस्तो कानूनको कार्यान्वयनमा संलग्न भएको आधारमा सो कुरा चित्त बुझेन भनी कसैले आत्महत्या गरेको विषयलाई आत्महत्या दुरूत्साहन मान्न मिल्दैन ।

- ज्यान मार्ने उद्योग मुद्दामा कसूर स्थापित हुन सक्ने वस्तुनिष्ठ आधार र प्रमाण नभए पनि अभियोजन गर्ने परिपाटीले त्यस्ता मुद्दाका कसूरदारले सफाई पाउने वा मुद्दा कुटपिटमा परिणत हुने गरेको देखिन्छ । सम्पति शुद्धीकरणका मुद्दामा सम्बद्ध कसूरको प्रभावकारी अनुसन्धान नहुदाँ सम्पत्ति शुद्धीकरणको कसूर ठहर नहुने अवस्था छ ।

- जाहेरवालाले जति भनेको छ त्यति नै अङ्क विगो दावी गर्ने, लेनदेनको हिसाब एकीन नगरी कारोबार को पुरै अङ्कलाई विगो कायम गर्ने जस्तो हचुवा प्रवृत्तिमा पूर्णविराम लगाउनु पर्ने अवस्था आएको छ । विगो वा क्षतिपूर्ति रकम एकिन गर्ने वस्तुनिष्ठ आधार खोजी गरिनु पर्दछ।

- प्रहरीबाट भएको अनुसन्धानमा देखिएका त्रुटिहरूलाई औल्याउन सक्ने र अनुसन्धानलाई ठिक दिशामा लैजान मार्ग निर्देश गर्ने सरकारी वकीलको खाँचो छ। सरकारी वकीलले अनुसन्धानमा त्रुटि हुन नदिन समयमा नै समन्वय गरेमा अभियोजन निर्णय पनि त्रुटिरहित हुन्छ । प्रहरी पहिलो अनुसन्धानकर्ता मात्र नभई निर्णयकर्ता पनि हुन् । त्यसैले सही र त्रुटिरहित अनुसन्धान गर्नुपर्छ।

## निष्कर्ष

फौजदारी न्यायको मेरूदण्ड अनुसन्धान र अभियोजन हो। अनुसन्धानले अपराधको तथ्य र प्रमाण जुटाउँछ। यो प्रक्रिया प्रहरी वा सम्बन्धित निकायले गर्छ। प्रमाणसहितको प्रारम्भिक प्रतिवेदन तयार भएपछि अभियोजन सुरू हुन्छ। अभियोजनकर्ताले अदालतमा मुद्दा दर्ता गरी दोषी ठहर गर्न प्रस्ताव गर्छ। अनुसन्धान र अभियोजन एकअर्कामा निर्भर हुन्छन् । असल अनुसन्धान बिना अभियोजन कमजोर हुन्छ । अभियोजनले अनुसन्धानको परिणामलाई न्यायमा परिणत गर्छ । दुवै चरणले न्याय प्रणालीलाई मजबुत बनाउँछन् । यसैले अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलको समन्वयले फौजदारी न्यायको सफलता सुनिश्चित गर्छ। अनुसन्धान र अभियोजन दुईवटा फरक चरण भए पनि आपसमा निकै नजिकको सम्बन्ध राख्छन । अनुसन्धानकर्ता प्रहरीले अपराधको तथ्य, प्रमाण र अभियुक्त पहिचान गरी प्रमाणसहितको अनुसन्धान प्रतिवेदन तयार गर्छ । यसै

अनुसन्धान प्रतिवेदनको आधारमा अभियोजनकर्ता सरकारी वकीलले अदालतमा मुद्दा दर्ता गरेर दोषी ठहर गराउन काम गर्छ । दुवै प्रक्रिया न्यायिक प्रणालीको हिस्सा हुन् र सफल अभियोजनका लागि दुवै पक्षबीच सहकार्य अनिवार्य हुन्छ । अनुसन्धानकर्ता प्रहरीले सही र पर्याप्त प्रमाण जुटाउँदा मात्रै अभियोजन प्रभावकारी हुन सक्छ र यसले न्याय सुनिश्चित गर्छ।

फौजदारी न्यायको मेरूदण्ड अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलको अन्तरसम्बन्ध नै हो । जसले अपराधको वास्तविकता खोजी र कानूनी प्रक्रिया पूरा गर्ने काम गर्छ। अनुसन्धानले अपराध भएका घटना, प्रमाण र अभियुक्तलाई पहिचान गरी सत्यतथ्य सङ्कलन गर्छ । यो प्रक्रिया प्रहरीले वा अनुसन्धान गर्ने निकायले गर्छ । जसले प्रमाण सहितको प्रतिवेदन तयार गर्छ। अनुसन्धानकर्ता प्रहरीको गुणवत्ताले नै अभियोजनकर्ता सरकारी वकीलको सफलता निर्धारण गर्छ । वस्तुनिष्ठ एवम् वैज्ञानिक प्रमाण र तथ्य बिना अभियोजन प्रभावकारी हुन सक्दैन । अभियोजनकर्ता सरकारी वकीलले अदालतमा अभियुक्तको विरूद्ध कानूनी कारबाही सुरू गर्नु हो । यसले अनुसन्धानको आधारमा दोषीलाई कानूनी रूपमा सजाय दिलाउन प्रस्ताव गर्छ । अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलबीच निरन्तर समन्वय र सहकार्य आवश्यक हुन्छ । अनुसन्धानकर्ता प्रहरीले सङ्कलन गरेको प्रमाणलाई अभियोजनकर्ता सरकारी वकीलले अदालतमा पेस गरी कानूनी बहस र प्रतिरक्षा गर्छ । अभियोजनकर्ता सरकारी वकीलको मुख्य काम कसूरदारलाई अदालतमा दोषी सावित गराउनु हो । दुवै प्रक्रिया न्याय प्रणालीको महत्त्वपूर्ण अङ्ग हुन । एउटा र अर्को बिना पूरै हुन सक्दैन । यदि अनुसन्धान कमजोर भयो भने अभियोजन पनि कमजोर हुन्छ । दोषीले सजाय पाउँदैन । त्यसैले अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलबीच असल तालमेल, पारदर्शिता, जवाफदेहिता, मूल्य र मान्यतयुक्त आचरण हुनुपर्छ । यसले न्यायको छिटो र निष्पक्ष कार्यान्वयनमा मद्दत पुऱ्याउँछ । अन्ततः अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलको असल र प्रगाढ अन्तरसम्बन्धले नै फौजदारी न्याय प्रणालीलाई बलियो बनाउँछ । समाजमा कानूनको शासन र असल शासन कायम हुन्छ। यसले पीडितलाई न्याय दिलाउन र अपराधीलाई सजाय गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ । न्याय प्रणालीले दोषीलाई सजाय र निर्दोषलाई न्याय सुनिश्चित गर्न दुई पक्षको समन्वय, सहकार्य र सहयोग अनिवार्य छ । फौजदारी न्यायको मेरूदण्डका रूपमा अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलको अन्तरसम्बन्ध र समन्वयले नै न्यायिक प्रक्रिया सफल बन्ने आधारशिला तयार हुन्छ।

**अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलबीच असल तालमेल, पारदर्शिता, जवाफदेहिता, मूल्य र मान्यतयुक्त आचरण हुनुपर्छ । यसले न्यायको छिटो र निष्पक्ष कार्यान्वयनमा मद्दत पुऱ्याउँछ । अन्ततः अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलको असल र प्रगाढ अन्तरसम्बन्धले नै फौजदारी न्याय प्रणालीलाई बलियो बनाउँछ । समाजमा कानूनको शासन र असल शासन कायम हुन्छ । यसले पीडितलाई न्याय दिलाउन र अपराधीलाई सजाय गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ । न्याय प्रणालीले दोषीलाई सजाय र निर्दोषलाई न्याय सुनिश्चित गर्न दुई पक्षको समन्वय, सहकार्य र सहयोग अनिवार्य छ ।**

# डिजिटल फुटप्रिन्ट र साइबर फोरेन्सिकको प्रमाणिक महत्त्व र अदालती स्वीकार्यता


## सारांश

सूचना प्रविधिको क्षेत्रका पछिल्ला अत्याधुनिक आविष्कारहरूले अपराध गर्ने परम्परागत भौतिक ढाँचा तीव्र गतिमा भर्चुअल मोडेलमा रूपान्तरित हुँदैछ । यसले अपराध डोमेनमा नवीन विधिशास्त्रीय दृष्टिकोण अभ्युदय गराएको छ । दिनानुदिन घटित हुने अचम्मलाग्दा नौला प्रकृतिका आपराधिक कार्यहरूले अपराध गर्ने तौरतरिका (Modus Operandi) मा नाटकीय परिवर्तन ल्याएको छ । फलस्वरूप अपराधमा डिजिटल क्रान्ति अदालत र कानून कार्यान्वयन निकायहरूको लागि थप चुनौतीपूर्ण बनेको छ । फौजदारी र देवानीमात्र नभई रिट क्षेत्र लगायतका मुद्दाहरूमा डिजिटल र इलेक्ट्रोनिक प्रमाणको आक्रमक उपस्थिति छ । सदीयौँदेखि अभ्यासरत प्रमाण मूल्याङ्कनका स्थापित मूल्य र मान्यताहरू भर्चुअल प्रविधितर्फ ध्रुविकृत हुँदै गइरहेका छन् । प्रस्तुत लेखमा डिजिटल प्रमाणको प्रारम्भिक निदान, सङ्कलन, नियन्त्रण, संरक्षण र प्रयोगशाला परीक्षणदेखि अदालतमा स्वीकार्यताको लागि विशेषज्ञको बकपत्र सम्मका डिजिटल फोरेन्सिक विज्ञानका सम्पूर्ण चरणहरूको गहन विश्लेषण गर्ने प्रयास गरिएको छ । यो कार्यविधि कानूनको महत्त्वपूर्ण पाटो भएकोले यस अन्तर्गत प्रमाण मूल्याङ्कनका सुरूदेखि अन्त्यसम्मका सम्पूर्ण प्रकृयाहरूलाई सिलसिलेवार रूपमा निर्देशित र नियन्त्रित गर्ने प्राविधिक र कानूनी पक्षहरूको विश्लेषण, हिरासतको शृंखला (Chain of Custody) जस्ता यावत चरणहरू अध्ययन गरिन्छ । यसमा अमेरिका, बेलायत र सिङ्गापुर लगायत डिजिटल र इलेक्ट्रोनिक प्रमाणको अखण्डता र विश्वासनियताको सर्वोत्कृष्ट प्रत्याभूति भएका विकसित मुलुकहरूले अपनाएका अन्तर्राष्ट्रिय मापदण्डहरूको पनि तुलनात्मक विश्लेषण गरिएको छ । यो विश्लेषणले सम्बद्ध मुलुकहरूको कानून र अदालतद्वारा व्याख्या गरिएका न्यायिक दृष्टिकोण र सोको दायरालाई अध्ययन गर्दछ । यस लेखमा नेपालको न्यायपालिकाले इलेक्ट्रोनिक र डिजिटल प्रमाण ग्रहणको सम्बन्धमा अनुपालन गरेका





**डा. श्रीकृष्ण भट्टराई**


**प्रविधिमा आएको निरन्तर प्रगतिले शासकीय स्वरूप, व्यापार, व्यवसाय र मानव अन्तर्क्रियाको आधारभूत संरचनामा आमूल परिवर्तन ल्याएको छ । यसको परिणामस्वरूप अपराध गर्ने तरिकामा पनि परिवर्तन भएको छ । निश्चित भौगोलिक क्षेत्राधिकार र स्थानमा खुम्चिदै आएको भौतिक विश्व अनन्त, अदृश्य र जटिल अभौतिक डिजिटल संसारमा विस्तार भएको छ ।**

अभ्यासहरूको अध्ययन र अनुसन्धान गर्छ । साथै, विद्युतीय कारोबार ऐन, २०६३, फौजदारी कार्यविधि संहिता, २०७४ र प्रमाण ऐन, २०३१ का सम्बन्धित प्रावधानहरूमा केन्द्रित रही यी अन्तर्राष्ट्रिय मापदण्डहरूसँग नेपालले अवलम्बन गरेको कानूनी र न्यायिक अभ्यासको संपरीक्षण गर्दछ । यसले नेपालको डिजिटल फोरेन्सिक इकोसिस्टमले सामना गर्नु परेका प्रमुख चुनौतीहरू; जस्तै डिजिटल फोरेन्सिक प्रयोगशाला र अन्तराष्ट्रिय मान्यताप्राप्त गुणस्तर मापदण्डहरूको अभाव एवम् संस्थागत स्वतन्त्रता र प्राविधिक विश्वासनीयता दुवैको सुनिश्चितता गर्ने स्थायी संयन्त्रको बारेमा अध्ययन गर्छ । अन्त्यमा आसन्न डिजिटल जोखिम सामना गर्न नेपालको न्यायपालिकालाई सक्षम र सबल बनाउने कार्यमा उपयोगी व्यवहारिक सुझावहरू सहित यो लेखको समापन हुन्छ, जसमा प्रभावकारी कानूनी परिवर्तनहरू, संस्थागत क्षमता निर्माण र विश्वव्यापी रूपमा स्वीकृत मापदण्डहरू अवलम्बन गर्नुपर्ने कुराहरू समावेश हुनेछन् ।

**मुख्य शब्दहरू :** डिजिटल फुटप्रिन्ट, हिरासतको शृंखला, इलेक्ट्रोनिक प्रमाण अखण्डता, फोरेन्सिक गुणस्तरियता, ISO/IEC-१७०२५ मान्यता, डौबर्ट मानक, फोरेन्सिक उपकरण प्रमाणीकरण, ब्लकचेन फोरेन्सिक, क्लाउड फोरेन्सिक, मेमोरी फोरेन्सिक, स्टेगानोग्राफी र क्रिप्टो विश्लेषण, सर्वोत्तम प्रमाण नियम, प्रमाणीकरण र ह्यास मानहरू (MD5, SHA-256), लोकार्डको एक्सचेन्ज सिद्धान्त, फोरेन्सिक इमेजिङ र बिट-स्ट्रिम प्रतिलिपि, साइबर फोरेन्सिक रिपोर्टिङ ।

## १. परिचय

प्रविधिमा आएको निरन्तर प्रगतिले शासकीय स्वरूप, व्यापार, व्यवसाय र मानव अन्तर्क्रियाको आधारभूत संरचनामा आमूल परिवर्तन ल्याएको छ । यसको परिणामस्वरूप अपराध गर्ने तरिकामा पनि परिवर्तन भएको छ । निश्चित भौगोलिक क्षेत्राधिकार र स्थानमा खुम्चिँदै आएको भौतिक विश्व अनन्त, अदृश्य र जटिल अभौतिक डिजिटल संसारमा विस्तार भएको छ । समकालीन फौजदारी र देवानी मुद्दाको अनुसन्धानको एक महत्त्वपूर्ण भागको रूपमा रहेको डिजिटल प्रमाण अब साइबर आक्रमण र अनलाइन धोखाधडी (Online Fraud) देखि लिएर हत्या र मानव बेचबिखनजस्ता परम्परागत आपराधिक वारदातले छोडेका डिजिटल ट्रेसहरूसम्म विस्तारित भएको छ[१] । यस्ता डिजिटल प्रमाणहरूको पहिचान, संरक्षण, सङ्कलन तथा परीक्षण गर्ने र प्रतिवेदन प्रस्तुत गर्ने वैज्ञानिक प्रविधिलाई डिजिटल फोरेन्सिक भनिन्छ । फलस्वरूप यो प्रविधि, विज्ञान र कानूनबीच सम्बन्ध गाँस्ने एक महत्त्वपूर्ण कडी बनेको छ[२] । एकल किस्ट्रोक (Keystroke), मेटाइएको (Deleted) फाइल, वा इन्क्रिप्टेड (Encrypted) सन्देशले निष्पक्ष फैसला (Fair verdict) र गम्भीर अन्याय (Serious Injustice) बीच ठुलो भिन्नता ल्याउन सक्छ । त्यसैले प्रमाणको अखण्डता र विश्वासनीयता अत्यन्त महत्त्वपूर्ण हुन्छ ।

यो लेखले डिजिटल फोरेन्सिकको प्राविधिक-कानूनी गतिशीलताको परीक्षण गर्दछ, जहाँ इलेक्ट्रोनिक प्रमाण अधिग्रहणदेखि मुद्दा फैसलाको चरणसम्म नाजुक प्रमाणिक जीवनचक्रमार्फत यात्रा गर्छन् । ब्लकचेन कारोबार, मेटाडेटा र फोरेन्सिक तस्बिरसहित डिजिटल अवयव (Artefacts) को अखण्डताको लागि हिरासतको शृंखला (Chain of Custody), क्रिप्टोग्राफिक ह्यासिङ (Cryptographic Hashing – MD5/SHA–256), र फोरेन्सिक सुदृढताको कडा अनुपालन आवश्यक छ । वारदात पहिचान, बिट-स्ट्रिम प्रतिकृति (Bit–stream Replication) र उपकरण प्रमाणीकरणद्वारा डिजिटल पदचिन्ह (Traces) हरू ग्राह्य प्रमाणमा रूपान्तरण गरिन्छ, जुन अदालतको ग्रहण र मूल्याङ्कनपश्चात् प्रामाणिकता र विश्वासनीयताको विषय बन्छन् । यस अध्ययनको छनौटमा परेका मुलुकहरूका क्षेत्राधिकारहरूको तुलनात्मक अध्ययन गर्दा डिजिटल प्रमाणको सन्दर्भमा फरक तर सफल रणनीतिहरू अपनाएको पाइन्छ । सिङ्गापुरको प्रमाण ऐनको दफा ३५ अन्तर्गत व्यावहारिक ढाँचा प्रयोग गरी फोरेन्सिक छविहरूलाई मौलिकसँग दाँजेर जाँच गरिन्छ । संयुक्त राज्य अमेरिकाले प्रमाणको सङ्घीय नियम र डौबर्ट विश्वासनियता मापदण्डहरू (Daubert Reliability Standards) अन्तर्गत लचिलो प्रमाणीकरण विधि प्रयोग गर्दछ र बेलायतले लेखापरीक्षण मार्गहरूलाई

१ U.S. Dept. of Justice, Nat'l Inst. of Justice, Electronic Evidence: A Guide for Law Enforcement 5 (2002).

२ Eoghan Casey, Digital Evidence and Computer Crime: Forensic Science, Computers and the Internet 1 (2d ed. 2004).

जोड दिने प्रिस्क्रिप्टिभ एक्पो मार्गदर्शनहरू (Prescriptive ACPO Guidelines) प्रयोग गर्दछ ।

माथिको विश्लेषणको आधारमा नेपालको साइबर फोरेन्सिक प्रणाली अझै पनि शैशवावस्थामा रहेको मान्नुपर्छ । फौजदारी कार्यविधि संहिता, २०७४, प्रमाण ऐन, २०३१ र इलेक्ट्रोनिक कारोबार ऐन, २०६३ मा इलेक्ट्रोनिक प्रमाणको लागि व्यापक प्रावधानहरू छुटेका छन् । ISO/IEC-१७०२५ मान्यताको अभाव, अमान्य फोरेन्सिक उपकरणहरू र स्वतन्त्र फोरेन्सिक प्रयोगशाला जस्ता संस्थागत अवरोधहरूले प्रमाणको विश्वासनीयतालाई कमजोर बनाएको छ ।

अहिलेको डिजिटल युगमा नेपालको फोरेन्सिक विधिशास्त्रलाई स्थापित र सुदृढ बनाउन प्रस्तुत लेखको अन्त्यमा छुट्टै डिजिटल/इलेक्ट्रोनिक प्रमाण ऐन जारी गर्नुपर्ने वा प्रमाण सम्बन्धित विभिन्न कानूनी व्यवस्थाहरूको संहिताकरण, स्वतन्त्र राष्ट्रिय डिजिटल फोरेन्सिक प्रयोगशालाको स्थापना, प्रयोशालाहरूको गुणस्तर मान्यताको अनिवार्यता र साइबर मुद्दाहरूको अनुसन्धान, अभियोजन र सुनुवाइमा साइबर विज्ञ अनुसन्धानकर्ता, अभियोजनकर्ता र अदालतमा साइबर विज्ञ न्यायाधीश सहितको छुट्टै साइबर इजलास गठनसहितका व्यापक सुधारका उपायहरू सिफारिस गरिएको छ ।

## २. साइबर फोरेन्सिक्सका आधारभूत सिद्धान्तहरू : प्रमाणको निदानदेखि मूल्याङ्कनसम्म

साइबर फोरेन्सिक्सलाई डिजिटल फोरेन्सिक विज्ञान भनिन्छ । यो केवल प्रविधिको प्रयोगमात्र नभई एक संरचित र कानूनी रूपमा मन्यताप्राप्त अनुसन्धानको पद्धति हो ।

पेस गरिएका प्रमाणहरूको विश्वासनीयताको लागि हिरासतको शृंखलाको कार्यविधि परिपालनको सुनिश्चितताको लागि यसले प्रमाण मूल्याङ्कनका स्थापित मान्यताहरू अनुसरण गर्दछ । फोरेन्सिक प्रकृयाका मुख्य चरणहरूमा डेटा विश्लेषण, फोरेन्सिक रिपोर्टिङ, घटना पहिचान र प्रमाण सङ्कलन समावेस हुन्छन्[३] । अदालतमा डिजिटल प्रमाणहरूको ग्राह्यताको सुनिश्चितताको लागि यी चरणहरू अनिवार्य रूपमा पालना गरिएको प्रमाणित हुनुपर्छ । यो केवल प्रकृयागत कुरामात्र नभई कार्यविधि कानून र अनुसन्धानकर्ताको नैतिक कर्तव्य पनि हो ।

### क) डिजिटल प्रमाणको निदान र दस्तावेजीकरण

डिजिटल फोरेन्सिकको पहिलो चरण भनेको डिजिटल प्रमाणको सम्भावित स्रोतहरू पहिचान गर्नु र बुझ्नु हो । संवेदनशील डिजिटल डेटा सजिलै परिवर्तन, क्षति, नाश वा मेटिनसक्ने भएकोले तोकिएको प्रकृया वा कार्यविधिको परिपालना अत्यन्त महत्त्वपूर्ण हुन्छ । अनुसन्धानकर्ताले अपराधको प्रकृति र सम्भावित प्रमाण डिजिटल सूचनासँग सम्बन्धित हुनसक्छ भन्ने ज्ञान राख्नु आवश्यक छ । स्थानीय भण्डारण ड्राइभहरू (Local Storage Drives), भर्चुअल मेसिनहरू, क्लाउड प्रणालीहरू, अनसाइट (On–site) सर्भरहरू, अन्तिम बिन्दु (Endpoint) उपकरणहरू र मोबाइल उपकरणहरू जस्ता विभिन्न डिजिटल स्थानहरूमा डेटा भण्डारण गर्न सकिन्छ[4] । यसको उद्देश्य अनुसन्धानसँग सम्बन्धित सबै सान्दर्भिक उपकरणहरू, डेटा स्रोतहरू र नेटवर्क बिन्दुहरू राम्ररी पहिचान गर्नु हो ।

यो एउटा महत्त्वपूर्ण चरण हो जहाँ वारदातस्थल अनुसन्धानकर्ता (SOCO[५]) लाई डिजिटल वातावरणको ज्ञान हुनुपर्छ । उदाहरणका लागि संदिग्ध व्यक्तिको कम्प्युटरमा मेटाइएका डेटा वा लिखतहरू, वित्तीय अभिलेखहरू र इमेल सञ्चारहरू सबै ठगी मुद्दाको अनुसन्धानमा प्रयोग हुन सक्छन् । हत्याको घटनामा पीडितको फोनबाट कल लगहरू, टेक्स्ट[६]/सेक्सटिङ सन्देसहरू, GPS[७] डेटा, र सामाजिक सञ्जाल गतिविधि प्रयोग गरेर वारदातको सही समय पत्ता लगाउन सकिन्छ । यस चरणको दौरान कुन जानकारी आवश्यक

३ United Nations Office on Drugs and Crime (UNODC), Digital Forensics, UNODC e4j Cybercrime Module 4, https://www.unodc.org/e4j/es/cybercrime/module-4/key-issues/digital-forensics.html (last visited Aug. 14, 2025).

४ Nat'l Inst. of Standards & Tech., Guide to Computer Security Log Management, NIST Special Publication 800-92, 1 (2006), https://csrc.nist.gov/publications/detail/sp/800-92/final (last visited Aug. 14, 2025).

५ Scenes of Crime Officer

६ मोबाइल फोनमार्फत यौनजन्य सन्देश, तस्बिर वा भिडियोहरू पठाउने, प्राप्त गर्ने वा स्थानान्तरण गर्ने कार्यलाई सेक्सटिङ भनिन्छ ।

७ भू-उपग्रहमा आधारित "ग्लोबल पोजिसनिङ सिस्टम नेभिगेसन प्रणाली ।

छ, कहाँ फेला पार्न सकिन्छ र यसलाई प्राप्त गर्न कस्तो कार्यविधि र कानूनी अनुमति आवश्यक छ भनेर पत्ता लगाउन प्रारम्भिक लेखाजोखा गरिन्छ । यो सामान्यतया पूर्व-अनुसन्धान योजनामा अभिलेखीकरण गरिन्छ जसले अनुसन्धानको लागि आवश्यक दायरा, विधि र स्रोतहरू तय गर्दछ ।

### ख) फोरेन्सिक सङ्कलन र संरक्षण : स्वीकार्यताको पूर्वशर्तको रूपमा हिरासतको शृंखला (Chain of Custody)

प्रमाणको सही पहिचानपश्चात् साइबर फोरेन्सिक कार्यविधिको दोस्रो एवम् सबैभन्दा नाजुक र महत्त्वपूर्ण चरण भनेको डिजिटल अवयव (Artefacts) हरूको सङ्कलन र संरक्षण हो । डिजिटल डेटा स्वभावैले अस्थिर र अदलबदलको लागि अत्यन्तै संवेदनशील हुन्छ । प्रणाली बुटिङ (System Booting) जस्ता नियमित घटनाले पनि मेटाडेटा, प्रणाली फाइलहरू वा समय छाप (Timestamp) हरूमा परिवर्तन ल्याउन सक्छ । यो भौतिक रूपमा सुरक्षित गर्न सकिने मूर्त वा दृश्य प्रमाणभन्दा विपरीत अवस्था हो । यस चरणको आधारभूत लक्ष्य भनेको फोरेन्सिक रूपमा ध्वनि डेटा अधिग्रहण गरेर बिट-स्तर इमेजिङ (Bit–label Imaging) मार्फत प्रमाणको मूल स्वरूपलाई परिवर्तन वा क्षय हुन नदिई प्रमाणको अखण्डतालाई सम्पूर्ण रूपमा अक्षुण्ण राखेर यसमा हुन सक्ने जोखिम कम गर्नु हो[८] ।

एसएसडि[३०], एचडिडि[९] वा छुट्याउन मिल्ने (Detachable) ड्राइभजस्ता लक्षित भण्डारण मिडियाको सहयोगद्वारा फोरेन्सिक इमेजिङ वा डिस्क क्लोनिङ (Disk Cloning) प्रकृया पूरा गरिन्छ । प्रमाणको अखण्डताको प्रत्याभूतिको लागि फोरेन्सिक विश्लेषकहरूले हार्डवेयर-आधारित (Hardware–based) लेखन ब्लकहरू (Write Blocks) परीक्षण विधि प्रयोग गर्छन्, जसले अधिग्रहणको समयमा स्रोत मिडिया अक्षुण्ण वा फेरबदल गर्न नसकिने तर पढ्न-मात्र सकिने अवस्थामा भएको सुनिश्चित गर्छ । त्यसपछिको प्रकृया भनेको एक Sector–by–Sector बिट-स्ट्रिम (Bit–stream) प्रतिलिपि सिर्जना गर्नु हो – जसलाई फोरेन्सिक छवि भनिन्छ । यसमा सक्रिय डेटा साथै अविभाजित (Unallocated) ठाउँ, छिद्र (Slack) ठाउँ, लुकेका विभाजनहरू (Hidden Partitions) र मेटाइएका फाइलहरूको टुक्रा वा अवशेषहरू समावेस हुन्छन् । प्राप्त छविको अखण्डता र वैधता पुष्टि गर्न MD5[१०] वा SHA–256[११] जस्ता क्रिप्टोग्राफिक प्रविधिहरू प्रयोग गरेर मूल मिडिया र फोरेन्सिक प्रतिकृति दुवै ह्यास (Hash) गरिन्छ । डिजिटल फिङ्गरप्रिन्टको रूपमा मिल्दो ह्यास मानहरूले फोरेन्सिक छवि सक्कलको दुरुस्त, अपरिवर्तित प्रतिलिपि भएको गणितीय रूपमा प्रमाणित गर्न सकिने प्रमाण प्रदान गर्दछ[१२] । यो क्रिप्टोग्राफिक औँलाछाप (Cryptographic Fingerprint) नै डिजिटल प्रमाणको सर्वस्वीकार्यताको महत्त्वपूर्ण आधार हो ।

प्राविधिक सङ्कलन कार्यविधिको अविछिन्न हिरासतको शृंखला एक अनिवार्य कानूनी र कार्यविधिगत आवश्यकता हो । इलेक्ट्रोनिक र भौतिक प्रमाण दुवैको हिरासत, नियन्त्रण, स्थानान्तरण, विश्लेषण र निपटानको अनुक्रम यस कालक्रमिक (Chronological) दस्तावेजमा अभिलिखित गर्नुपर्छ । प्रमाणहरू ह्यान्डल गर्ने प्रत्येक व्यक्ति, तिनीहरूको कार्यहरू, समय र उद्देश्यसहित हिरासतको शृंखला अभिलेखमा स्पष्ट खुलाउनु पर्छ । यदि यो शृंखला टुटेको भेटियो भने त्यस्तो प्रमाण अविश्वासनीय हुन्छ वा अदालतमा पेस गर्न ग्राह्य हुँदैन[१३] । अदालतमा पेस गरिएको प्रमाण मूल (Original) रूपमा अधिग्रहण (Confiscate) गरिएको र यसलाई छेडछाड गरिएको

८ पूर्व-पाद टिप्पणी ४

९ HDD भनेको Hard Disk Drive को संक्षित रूप हो । यो एक डेटा भण्डारण उपकरण हो जसले चुम्बकीय प्लाटरहरू प्रयोग गरेर डिजिटल डेटा भण्डारण र पुनः प्राप्त गर्दछ ।

१० "मेसेज डाइजेस्ट" एल्गोरिथम ५, वा MD5, एक लोकप्रिय क्रिप्टोग्राफिक ह्यास प्रकार्य हो जसले कुनै पनि आकारको इनपुट डेटा लिन्छ र १२८-बिट ह्यास परिणाम आउटपुट गर्दछ, जसलाई सन्देश डाइजेस्ट पनि भनिन्छ ।

११ SHA-256 को अर्थ "Secure Hash Algorithm 256-bit" हो, जुन डेटा अखण्डता, प्रमाणीकरण र डिजिटल हस्ताक्षरहरूको लागि एक लोकप्रिय ह्यास प्रकार्य हो, जुन SHA-2 परिवारको सदस्य हो । इनपुटमा सानो परिमार्जनले पनि गलत वा उल्लेखनीय रूपमा फरक परिणाम दिन्छ ।

१२ Eoghan Casey, Digital Evidence and Computer Crime: Forensic Science, Computers and the Internet (3rd ed. 2011)

१३ Orin S. Kerr, The Fourth Amendment and the Law of Cybercrime, 103 Nw. U. L. Rev. 1, 15 (2009), https://scholarlycommons.law.northwestern.edu/cgi/viewcontent.cgi?article=7456&context=jclc (last visited Aug. 14, 2025).

छैन भनेर पुष्टि गर्न हिरासतको शृंखला सावधानीपूर्वक दस्तावेजीकरण गर्नुपर्छ ।

### ग) मूल्याङ्कन र विश्लेषण : डिजिटल पुस्तेवारीको अनावरण

सङ्कलित फोरेन्सिक छवि (Image) हरूबाट अप्रशोधित डेटासेटहरूलाई ग्राह्य इलेक्ट्रोनिक प्रमाणमा रूपान्तरण गरी सम्भावित डिजिटल अवयव (Artefacts) पत्ता लगाउन अनुसन्धानकर्ताहरूले फाइल कार्भिङ (File–carving), समयरेखा पुनर्निर्माण (Timeline Reconstruction), क्रिप्टो विश्लेषण, र मेटाडेटा सह-सम्बन्ध (Correlation) जस्ता उन्नत विश्लेषणहरू प्रयोग गर्छन् :

- **फाइल कार्भिङ (File Carving)**: यो फाइलको हेडर, फुटर, उद्गम र अन्त्य सङ्केत गर्ने अद्वितीय सार्थरूप (Signature) पत्ता लगाएर मेटाइएका फाइलहरू पुनः प्राप्ति (Recover) गर्न अपनाइने विधि हो ।
- **समयरेखा विश्लेषण (Timeline Analysis)**: परीक्षकहरूले फाइल सिर्जना गरिएको मितिहरू, परिमार्जन गरिएको समय, वेब ब्राउजर इतिहास र प्रणाली लगहरू (System Logs) सहित धेरै स्रोतहरूबाट टाइम स्ट्याम्पहरू तुलना गरेर वारदातको कालक्रम स्थापित गर्छन् । यसले प्रयोगकर्ताको गतिविधिहरू र घटनाहरूको क्रम निर्धारण गर्न मद्दत गर्न सक्छ ।
- **विशेष शब्दावली खोजी (Keyword Searching)**: स्वचालित फोरेन्सिक उपकरणहरूले अपराध–सम्बन्धित शब्दावलीहरूको नाम वा मितिसहित विशेष शब्दहरू वा वाक्यांशहरू खोज्छन्, जुन विशेषज्ञको बकपत्रमा सवाल जवाफको लागि उपयोगी हुन सक्छ ।
- **लग विश्लेषण (Log Analysis)**: यसले डेटा स्थानान्तरण वा अनधिकृत पहुँचजस्ता कुनै पनि असामान्य गतिविधि पत्ता लगाउन एप्लिकेसन (Apps) र प्रणाली लगहरू (System logs) को सावधानीपूर्वक परीक्षण गर्दछ ।
- **स्टेगानोग्राफी र क्रिप्टो विश्लेषण (Steganography and Cryptanalysis)**: असामान्य वा बढी जटिल परिस्थितिमा परीक्षकहरूले सूचना प्राप्त गर्न इन्क्रिप्सन तोड्ने (Encryption Break) अर्थात क्रिप्टोविश्लेषण (Cryptanalysis) तथा अन्य फाइलहरूमा लुकेको (Concealed) डेटा अर्थात स्टेगानोग्राफी (Stenography) पत्ता लगाउने प्रविधिहरू अपनाउनु पर्ने हुनसक्छ ।

सम्पूर्ण फोरेन्सिक अनुसन्धान प्रकृयाले एक विधिगत र पुनरूत्पादन योग्य दृष्टिकोण अनुसरण गर्छ, जुन प्रायः एक्पो सिफारिसहरू (ACPO Recommendations[१४]) र लोकार्डको एक्सचेन्ज सिद्धान्त (Locard's[१५] Exchange Principle[१६]) जस्ता स्थापित मानकहरूद्वारा निर्देशित हुन्छ । फोरेन्सिक सुदृढता र प्रमाणिक अखण्डताको प्रत्याभूतिको लागि परीक्षकले गर्ने प्रत्येक कार्यलाई Chain –of–Custody log मा मिहेनतका साथ अभिलिखित गरिन्छ र लेखा परीक्षणहरूद्वारा ब्याकअप गरिन्छ । प्रत्येक निष्कर्षले सहकर्मी समीक्षा (Peer–review) र वैज्ञानिक प्रमाणीकरणको मार्गदर्शनहरू पालना गर्नुपर्छ र यो पुनर्परीक्षणयोग्य (Repeatable), प्रमाणित गर्न सकिने (Verifiable) र प्रतिरक्षा गर्न सकिने (Defendable) हुनुपर्छ । डिजिटल प्रमाणले परीक्षणको क्रममा डौबर्ट आपत्ति (Daubert[१७] Objections) र कानूनी परीक्षणको सामना गर्न सक्छ भन्ने कुरा सुनिश्चित गर्न यो स्तरको कठोरता आवश्यक छ, जहाँ पद्धति र परीक्षकको विश्वासनीयता र योग्यतामाथि नियमित रूपमा प्रश्न उठाइन्छ।

---

१४ "प्रमुख प्रहरी अधिकारीहरूको संघ" (Association of Chief Police Officers – ACPO) डिजिटल प्रमाणको लागि ACPO असल अभ्यास दिशानिर्देशको लागि सल्लाहको स्रोत हो, जसले अपराध अनुसन्धानमा डिजिटल प्रमाण कसरी ह्यान्डल गर्ने भन्ने बारे निर्देशनहरू प्रदान गर्दछ ।

१५ फ्रान्सेली अपराधविद् डा. एडमन्ड लोकार्डलाई फोरेन्सिक विज्ञानका अग्रणीहरू मध्ये एक मानिन्छ ।

१६ फोरेन्सिक विज्ञानको आधारभूत मन्त्र मानिएको लोकार्डको एक्सचेन्ज सिद्धान्त अनुसार कुनै दुई वस्तुहरू सम्पर्कमा आउँदा सामग्रीहरू आदानप्रदान हुन्छन् । फोरेन्सिक अनुसन्धान क्षेत्रका स्रोतहरूका अनुसार "प्रत्येक सम्पर्कले एउटा निशान छोड्छ" ।

१७ अमेरिकी सर्वोच्च अदालतको Daubert v. Merrell Dow Pharmaceuticals, Inc. मुद्दामा भएको फैसला अनुसार डौबर्टको आपत्तिहरू विशेषज्ञको कार्यप्रणाली र निष्कर्षहरूको वैधता र प्रयोज्यतामा केन्द्रित विशेषज्ञ साक्षी गवाहीको स्वीकार्यतामाथि कानूनी चुनौतीहरू हुन् ।

### घ) अदालतमा फोरेन्सिक प्रतिवेदन प्रस्तुतीकरणः प्राविधि र न्यायको सङ्गम

अन्तिम चरणमा परीक्षणबाट प्राप्त सम्पूर्ण सूचनाहरूलाई विस्तृत फोरेन्सिक प्रतिवेदनमा सङ्कलन गरिन्छ । जुरी प्रणाली अङ्गिकार गरेका मुलुकहरूमा उच्च प्राविधिक ज्ञान नभएका जुरी सदस्यहरू, न्यायाधीशहरू र कानून व्यवसायीहरूका लागि यो प्रतिवेदनले मुख्य स्रोत सामाग्रीको रूपमा काम गर्दछ । प्रतिवेदन वस्तुनिष्ठ, सिधा र संक्षित हुनुपर्छ । यसले अनुसन्धानको लक्ष्य, विधि र स्रोतहरू, साथै सङ्कलन गरिएका प्रमाणहरू र निष्कर्षहरू रेखाङ्कित गर्नुपर्छ[१८] ।

फोरेन्सिक प्रतिवेदन तयार गर्दा क्लिष्ट शब्दजाल (Jargon) बाट टाढा रही कठिनतम् प्राविधिक विचारहरू समेत सिधा भाषामा वर्णन गर्नुपर्छ । प्रतिवेदनमा कुनै पनि कानूनी निष्कर्षहरू व्यक्त नगरी प्रमाणको महत्त्वलाई संक्षित रूपमा व्याख्या गर्नुपर्छ (उदाहरणका लागि, "प्रयोगकर्ताले कसूर गरेको देखिन्छ" लेख्नुको सट्टा "प्रयोगकर्ताले कुनै खास वेबसाइट पहुँच पुऱ्याएको देखिन्छ" भन्ने शब्दावली उत्तम हुन्छ) । लगहरू (Logs), समयरेखाहरू (Timelines) र स्क्रिनसटहरू (Screenshots) प्रासङ्गिकता प्रष्ट्याउने उदाहरणहरू हुन्, जुन प्रतिवेदनमा समावेश गरिनुपर्छ । प्रतिवेदन तयार गर्ने फोरेन्सिक विशेषज्ञलाई साक्षीको रूपमा बकपत्र गर्न बारम्बार अदालतमा उपस्थित हुनुपर्ने दायित्व हुन्छ । डिजिटल प्रमाणको वैधतालाई सुदृढ पार्न विशेषज्ञ आफ्नो रायको प्रतिरक्षा गर्न र क्रस-परीक्षण (Cross–examination) को क्रममा आफ्नो निष्कर्षहरू व्याख्या गर्न सक्षम हुनुपर्छ ।

## ३. डिजिटल फोरेन्सिकको विधिशास्त्रीय मान्यता

डिजिटल प्रमाण कैद भएका हार्डड्राइभ (Hard Drive) वा फ्ल्यास ड्राइभ (Flash Drives) हरू सङ्कलन वा नियन्त्रणमा लिएको बिन्दुदेखि अदालतमा प्रमाणको रूपमा पेस हुने चरणसम्म कडाइका साथ पालना गरिने उचित कार्यविधि (Due Process), निष्पक्षता (Impartiality) र विश्वासनीयता (Dependability) को कानूनी मार्गदर्शनहरू (Guidelines) को समुच्चा समूहले विश्वासनीयताको प्रत्याभूति गर्दछ । विभिन्न कानून प्रणालीहरूमा रहेका भिन्नताहरूको बाबजुद पनि हरेक मुलुकका अदालतमा प्रमाण स्वीकार्यताको आधारभूत नियमहरूको हकमा अधिकांश क्षेत्राधिकारहरूमा धेरै समानता पाइन्छ ।

### क) स्वीकार्यताको सामान्य नियमहरू

चाहे डिजिटल वा भौतिक जुनसुकै पनि प्रमाण स्वीकार गर्नुअघि अदालतले तीन आधारभूत तत्वहरू अर्थात् प्रासङ्गिकता, प्रामाणिकता र विश्वासनीयताको पूर्वपरीक्षण गर्नुपर्छ[१९] ।

i) **सान्दर्भिकता (Relevance)**: मुद्दामा ठहर गर्नुपर्ने कुरा, तथ्य वा विषयवस्तुसँग प्रमाणको प्रत्यक्ष सम्बन्ध हुनुपर्छ । यसले फैसलामा पुग्नको लागि पेस गरिएका प्रमाण वा तथ्यलाई प्रमाणित वा खण्डन गर्नुपर्छ ।

ii) **प्रामाणिकता (Authentication)**: प्रमाणको कार्यविधिगत पक्ष अदालतमा यसको स्वीकार्यताको लागि अहम् हुन्छ । खासगरी पेस भएको डिजिटल प्रमाण निश्चित फाइल, मिडिया वा रेकर्ड नक्कली, परिमार्जित, प्रतिलिपि वा कपि भर्सन नभई उत्पत्तिको स्रोत (जस्तै प्रतिवादीको कम्प्युटर) बाट अधिगृहित (Confiscated) वास्तविक डेटा वा सूचना हो भन्ने पुष्टि हुनुपर्छ । डिजिटल प्रमाण स्वीकार गर्न अनुमति दिने सबैभन्दा कठिन चरण यही हो ।

iii) **विश्वासनीयता (Reliability)**: प्रमाण भरपर्दो र विश्वासनीय हुनुपर्छ । यसको लागि डेटा सङ्कलन, भण्डारण र निष्पक्ष र वैज्ञानिक रूपमा उपयुक्त तरिकाले डिजिटल प्रमाण परीक्षण गरिएको थियो भनेर प्रमाणित गर्नु अनिवार्य हुन्छ । यही घडीमा फोरेन्सिक अनुसन्धान पद्धतिको नजिकबाट परीक्षण हुन्छ[२०] ।

### ख) सर्वोत्तम प्रमाणको सिद्धान्तः मौलिकतामा प्रश्न

सर्वोत्तम प्रमाणको नियम (Best Evidence Rule) कमन ल प्रणाली वा सिभिल ल प्रणाली लगायत जुनसुकै कानूनी प्रणालीमा अपनाउने मुलुकहरूमा प्रमाण कानूनको

---

१८ U.S. Dep't of Justice, Nat'l Inst. of Justice, Forensic Examination of Digital Evidence: A Guide for Law Enforcement 30 (2004), https://www.ojp.gov/pdffiles1/nij/199408.pdf (accessed Aug. 15, 2025).

१९ Jonathan D. Frieden & Leigh M. Murray, The Admissibility of Electronic Evidence Under the Federal Rules of Evidence, 17 Rich. J.L. & Tech. 2, 10 (2011), https://scholarship. richmond.edu/cgi/viewcontent.cgi?article=1337&context=jolt (last visited Aug. 15, 2025).

२० FED. R. EVID. 901(a), https://www.law.cornell.edu/rules/fre/rule_901 (accessed Aug. 15, 2025).

विश्वव्यापी सिद्धान्त हो[२१] । प्रमाणको स्रोतमा वा यसमा अन्तर्निहित तत्वको सत्यता वा विश्वासनीयतामा प्रश्न उठेको अवस्थामा त्यस्तो प्रमाणको "मूल स्रोत" वा "सक्कल लिखत" वा "उत्पादित वस्तु" नै दशीको रूपमा पेस गरी त्यसको निप्टारा गर्नुपर्छ भन्ने सर्वोत्तम प्रमाणको सिद्धान्तले जोड दिन्छ । डिजिटल वा इलेक्ट्रोनिक प्रमाणको हकमा यो मापदण्ड अझ अहम् हुन्छ । मूल लिखत (Original Document) वास्तविक संसारमा एकल वस्तु हो । डिजिटल डोमेनमा "मूल" फाइल केवल बिटहरू (Bits) को सङ्ग्रह हो जुन अटुट र निरन्तर रूपमा पुनरोत्पादित हुन सक्छन् । तर व्यवाहारिक रूपमा फोरेन्सिक छविको लागि मूल फाइल वा मिडियाको बिट (Bit–for–Bit) नै दुरूस्त प्रतिकृति (Replica) मानिन्छ ।

अमेरिकाजस्ता उन्नत प्रविधि भएका मुलुकहरूमा पनि यदि प्रमाणको अखण्डता प्रमाणित हुन्छ भने कम्प्युटर-उत्पन्न फोरेन्सिक छवि वा इलेक्ट्रोनिक डेटाको दुरूस्त प्रिन्ट-आउटलाई पनि सर्वोत्कृष्ट प्रमाण नियमको उद्देश्यका लागि "मूल" प्रमाणको दर्जा दिने अभ्यासमा छ, जुन प्रमुख कानून प्रणालीहरूले एक प्रकारको अघोषित साझा सहमतिकै रूपमा परिपालन हुँदै आएको पाइन्छ । माथि उल्लेख गरिएझैँ ह्यास-मान (Hash–Value) प्रमाणको अखण्डता प्रमाणित गर्नको लागि एक आवश्यक उपकरण हो । डेटाको "अखण्डता (Integrity)" जति महत्त्वपूर्ण माध्यम (Medium) को "मौलिकता" हुँदैन ।

### ग) प्रमाणीकरण र अखण्डता: स्वीकार्यताको आधारशिला

डिजिटल प्रमाणको सबैभन्दा महत्त्वपूर्ण भाग प्रमाणीकरण हो । प्रमाण पेस गर्ने पक्षले दाखिल भएको प्रमाण प्रमाणिक छ भनेर अदालतलाई विश्वास दिलाउन पर्याप्त प्रमाण उपलब्ध गराउनुपर्छ । प्रमाण पेस गरेर वा परीक्षण प्रतिवेदन पेस भएर मात्र पुग्दैन त्यस्तो परीक्षण गर्ने विशेषज्ञ साक्षीको रूपमा अदालतमा उपस्थित भएर साक्षी परीक्षण गर्नुपर्छ[२२] । विशेषज्ञले परिक्षण वा प्रतिवेदनका सम्बन्धमा मूलतः निम्न प्रश्नहरूको जवाफ दिनुपर्ने हुन्छः

i) **सङ्कलन प्रकृया वर्णन (Describe the Collection Process)**: लेखन-ब्लकरहरू (Write–Blockers) कसरी प्रयोग गरियो र फोरेन्सिक छवि कसरी सिर्जना गरियो ?

ii) **ह्यास मान प्रस्तुतीकरण (Present the Hash Value)**: बिट-फर-बिट मिलान (bit–for–bit match) पुष्टि गर्न, मूलस्रोत र प्रतिलिपिको क्रिप्टोग्राफिक ह्यासहरूको प्रस्तुति कसरी गरियो ?

iii) **हिरासतको शृंखला स्थापना (Establish the Chain of Custody)**: प्रमाणको जिम्मेवारी लिने प्रत्येक व्यक्ति र यसलाई सुरक्षित राख्नका लागि के-कस्ता कदमहरू चालिए ?

iv) **विश्लेषण विधिको व्याख्या (Explain the Analysis Methodology)**: वैज्ञानिक दृष्टिकोणबाट तिनीहरूको वैधता र विश्वासनीयता प्रमाणित गर्दै डेटा विश्लेषण गर्न के-कस्ता विधिहरू र उपकरणहरू प्रयोग गरिए ?

माथिका प्रश्नहरूको सावधानीपूर्वक जवाफ र प्रमाणीकरण प्रोटोकलको अभावमा डिजिटल प्रमाणहरूको गणना अप्रमाणित प्रतिलिपिको रूपमा हुन गई ग्रह्य नहुने वा अस्वीकृत हुने र प्रमाण बुझ्ने मार्गबाट हटाइने जोखिम हुन्छ ।

### घ) डिजिटल प्रमाणमा सुनिजान्ने नियम (Hearsay Rule) का अपवादहरू

सामान्यतया सुनिजान्ने नियमले दावी वा जिकिरलाई समर्थन गर्न अदालत बाहिर गरिएका बयान गर्ने कार्यलाई निषेध गर्दछ । सामान्य रूपमा इमेलहरू, टेक्स्ट सन्देसहरू र च्याट लगहरू डिजिटल प्रमाणका उदाहरणहरू हुन् जुन प्रायः "कथन" को परिभाषामा फिट हुनेजस्तो लागे पनि यिनीको डिजिटल फुटप्रिन्ट वा डेटा परीक्षण हुन सक्ने भएकोले सुनिजान्ने नियमको अपवादको रूपमा स्थापित भएका छन् ।

i) **व्यापार अभिलेख अपवाद (Business Records Exception)**: अन्यथा प्रमाणित नभएसम्म उत्पादन गरिएको र व्यवसायको नियमित रूपमा भण्डारण गरिएको डेटा धेरै कानून प्रणालीहरूमा व्यापारिक कारोबारको अभिलेखको रूपमा स्वीकार्य हुन्छ । यिनीहरूमा खासगरी इमेल रेकर्डहरू, वित्तीय कागजातहरू र सर्भर लगहरूको पर्छन् ।

---

२१ Phipson on Evidence, 20th ed. (Sweet & Maxwell 2023), https://www.ebcwebstore.com/product/phipson-on-evidence-20th-edition?products_id=99108177 (last visited Aug. 15, 2025).

२२ प्रमाण ऐन, २०३१ दफा १८ मा पनि समान प्रकृतिको प्रावधान छ ।

ii) **गैर–मानव कथनहरू (Non–Human Statements):** प्रणाली लगहरू (System logs) वा GPS डेटाजस्ता कम्प्युटर-उत्पन्न रेकर्डहरूले मानिसले जस्तो नियतवस परिणाम हेरफेर वा इच्छित निर्णय नगर्ने भएकोले "कथन" को श्रेणीमा पर्दैनन् त्यसैले हियर से (Hearsay) नियमबाट मुक्त छन् ।

iii) **पक्ष–विपक्षी अपवाद (Party–Opponent Exception):** सामान्यतयाः विवादको विषयमा पक्षले व्यक्त गरेको कुरा वा स्वीकारोक्ति वा कथन निजको विरूद्ध प्रमाणमा लाग्छ । तर मुद्दाका पक्षको नियत वा उद्देश्यको ठोस प्रमाणको रूपमा उद्धृत गरिने इमेल, टेक्स्ट र सामाजिक सञ्जाल पोस्टहरूलाई पक्षको विरूद्ध प्रमाणमा लिइँदैन, यो अपवादको रूपमा एक महत्त्वपूर्ण छुट हो ।

**साइबर फोरेन्सिक परीक्षणका प्रकार र प्रकृयाहरू**

| SN | Types | Examination Methods | Tools |
|---|---|---|---|
| 1 | Computer Forensics | Acquisition: Create bit-by-bit disk images<br>Analysis: Recover deleted files, analyze registry, logs<br>Reporting: Document findings for legal use | FTK Imager, Autopsy, EnCase, X-Ways Forensics |
| 2 | Mobile Device Forensics | Extraction: Physical (chip-off) or logical (API-based) data pull<br>Decryption: Bypass passcodes/encryption<br>App Analysis: Parse chat logs, location data | Cellebrite UFED, Oxygen Forensics, Magnet AXIOM |
| 3 | Image/ Video Forensics | Authenticity Checks: Metadata analysis, EXIF tools<br>Tampering Detection: Error Level Analysis (ELA), pixel comparison<br>Enhancement: Clarify blurry visuals | Adobe Photoshop (for ELA), Amped FIVE, forensically |
| 4 | Network Forensics | Packet Capture: Analyze traffic (Wireshark)<br>Log Correlation: Identify intrusions<br>Timeline Reconstruction | Wireshark, NetworkMiner, Splunk |
| 5 | Memory Forensics | Capture RAM: Dump volatile memory<br>Analyze Processes: Detect malware/rootkits<br>Extract Artifacts: Passwords, encryption keys | Volatility, Rekall, Redline |
| 6 | Cloud Forensics | API Queries: Extract user activity logs<br>Preserve Shared Files<br>Legal Requests: Work with providers (e.g., AWS, Google) | AWS CLI, Google Takeout, Cloud Forensics Toolkit |
| 7 | Email Forensics | Header Analysis: Trace sender/IP<br>Attachment Recovery<br>Server Logs | MailXaminer, EnCase Email Examiner |
| 8 | CCTV Forensics | Time Sync Checks<br>Frame-by-Frame Analysis<br>Enhancement: Low-light/compressed footage<br>Frame-by-Frame Analysis<br>Enhancement: Low-light/compressed footage | Amped DVRConv, FFmpeg, VideoCleaner |

Source: ©Author[1]

1 See also Eoghan Casey, Digital Evidence and Computer Crime 45–48 (4th ed. 2018), https://shop.elsevier.com/books/digital-evidence-and-computer-crime/casey/978-0-08-092148-8 (accessed Aug. 15, 2025).

यी कानूनी नियमहरू अन्वेषण (Navigate) गर्न डिजिटल प्रमाणको कानूनी र प्राविधिक पक्षहरूको गहन् र पूर्ण बुझाइ आवश्यक हुन्छ । डिजिटल प्रमाणको सफल स्वीकार्यता फोरेन्सिकको अस्तित्वमा मात्र नभई यसको अखण्डता, प्रामाणिकता र अदालतमा सान्दर्भिकतालाई विश्वस्त रूपमा प्रमाणित गर्ने अनुसन्धानकर्ता, अभियोजक र कानून व्यवसायीको विशेषज्ञता, दक्षता र क्षमतामा निर्भर गर्दछ ।

## १. डिजिटल खाडल (Digital Divide) र सीमापार (Cross border) मानकहरू

इलेक्ट्रोनिक उपकरण र डिजिटल प्रविधिमा प्रयोगकर्ताको पहुँचको सन्दर्भमा सृजित खाडल (Digital Divide) एवम् कानूनी आधारहरू, कार्यविधिहरूमा विरोधाभाष र भिन्नता भए पनि डिजिटल प्रमाणलाई विश्वव्यापी कानूनी प्रणालीहरूले मान्यता दिने क्रम बढ्दैछ । उन्नत प्रविधियुक्त मुलुकहरूले कसरी आफ्ना कानून, कार्यविधि र अभ्यासलाई परिस्कृत गर्दै लगेका छन् भनेर उनीहरूका उत्कृष्ट अभ्यासहरू र अदालतमा मुद्दाको सुनुवाइको क्रममा गरि एको अभ्यासबाट बुझ्न सकिन्छ ।

### क) संयुक्त राज्य अमेरिका

कुनै डिजिटल प्रमाण अदालतमा प्रमाणको लागि ग्रहण योग्य हुने वा नहुने भन्ने विषयमा सङ्घीय प्रमाण नियमहरू (The Federal Rules of Evidence – FRE) का प्रावधानहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । कडा वा नरम कस्तो प्रमाणीकरण मानक अपनाउने भन्ने कुरा पेस हुने प्रमाणको स्वरूपले निर्धारण गर्छ । यसको नियम ९०१ अनुसार, "मुद्दामा ठहर गर्नुपर्ने दावीको विषयसँग उक्त प्रमाण सम्बद्ध छ भन्ने कुरा प्रमाणित गर्ने पर्याप्त आधारलाई स्वीकार्यताको पूर्वशर्तको रूपमा लिइन्छ[२३] ।" यी उल्लिखित प्रमाण ग्रहणका मानकद्वारा डिजिटल प्रमाण प्रमाणित गर्ने धेरै प्रविधिहरू छन्, जसमा मुख्य निम्न हुन् :

i) **विशेषज्ञको बकपत्र (Witness Testimony)**: कुनै खास फाइल निजले परीक्षण गरेको उपकरणमा देखेको सक्कल वा मूल फाइलको प्रतिकृति भएको एक विशेषज्ञ साक्षीले अदालतमा प्रमाणित गर्नसक्छ ।

ii) **विशिष्ट विशेषताहरू (Distinctive Characteristics)**: डेटालाई यसको रूप, सामग्री, वा वस्तु (जस्तै, एक अद्वितीय हस्ताक्षर भएको इमेल) द्वारा प्रमाणित गर्न सकिन्छ ।

iii) **हिरासतको शृंखला (Chain of custody)**: अधिग्रहण गरेको डिजिटल प्रमाणलाई अनुसन्धान निकाय वा फोरेन्सिक विशेषज्ञले सुरक्षित रूपमा ह्यान्डल र भण्डारण गरेको प्रमाण ।

iv) **वैज्ञानिक कार्यविधि (Scientific Process)**: डेटा सङ्कलन र परीक्षण गर्न एक विश्वसनीय र वैज्ञानिक रूपमा राम्रो फोरेन्सिक कार्यविधि अनुपालन गरिएको थियो भन्ने प्रमाण ।

डिजिटल प्रमाण वा सामग्रीलाई समावेश गर्न सङ्घीय प्रमाण नियम १०१ (FRE १००१) अद्यावधिक गरिएको छ । यस परिभाषा अनुसार कुनै पनि "कम्प्युटर प्रिन्ट-आउट" वा "कम्प्युटर वा इलेक्ट्रोनिक उपकरणमा भण्डारण गरिएको डेटा" नै "मूल" (Original) हो । यसले सङ्केत गर्दछ कि डेटा विश्वासयोग्य रूपमा प्रतिबिम्बित भएमा फोरेन्सिक छवि वा प्रिन्ट-आउटलाई मौलिक मानिन्छ ।

यी नियमहरू अमेरिकी अदालतहरूद्वारा विभिन्न मुद्दामा गरिएका ऐतिहासिक फैसलाहरूद्वारा स्थापित भएका हुन् । अदालतले U.S. V. Gonsalves[२४] को मुद्दामा व्याख्या गऱ्यो कि हिरासतको शृंखलाजस्ता परिस्थितिजन्य प्रमाणहरू डिजिटल प्रमाणको वैधता प्रमाणित गर्न प्रयोग गर्न सकिन्छ । त्यसैगरी Daubert v. Merrell Dow Pharmaceuticals, Inc.[२५] मा स्थापित डौबर्ट मानक (Daubert Standard) अनुसार फोरेन्सिक विशेषज्ञको बकपत्र र अन्य वैज्ञानिक प्रमाणहरूले तिनीहरूको कार्यप्रणाली र विश्वासनियताको गहन परीक्षण गर्नुपर्छ । यसले फोरेन्सिक विशेषज्ञहरूलाई तिनीहरूले प्रयोग गरेको उपकरण र अपनाएका विधिहरूको वैज्ञानिक सुदृढता प्रमाणित गर्न ठुलो दबाव दिन्छ ।

---

२३ Fed. R. Evid. 901(a), https://www.law.cornell.edu/rules/fre/rule_901 (last visited Aug. 15, 2025).

२४ U.S. v. Gonsalves, 435 F.3d 64, 65 (6th Cir. 2006), https://law.justia.com/cases/federal/appellate-courts/F3/435/64/641822/ (last visited Aug. 15, 2025).

२५ Daubert v. Merrell Dow Pharmaceuticals, Inc., 509 U.S. 579 (1993), https://www.law.cornell.edu/supct/html/92-102.ZS.html (last visited Aug. 15, 2025).

अमेरिकी कानूनी प्रणालीले अपनाएको लचिलो नीतिले अदालतहरूलाई तीव्र रूपमा परिवर्तन हुने प्राविधिक प्रगतिहरूमा समायोजन गर्न सक्षम बनाएको छ । तर यसलाई विभिन्न राज्यहरूबीच रहेको मुद्दा हेर्ने क्षेत्राधिकारहरू बीचको असङ्गति र प्रतिस्पर्धामा रहेका मुद्दाका पक्षहरूले फरक फोरेन्सिक विश्लेषणहरू पेस गर्ने भएकोले सम्भावित "विशेषज्ञहरूको युद्ध (Battle of the experts)" भनी यसको कमजोर पक्षको रूपमा टिप्पणी गरिन्छ ।

### ख) संयुक्त अधिराज्य

कमन ल नियमहरू र विशेष कानूनहरू, विशेष गरी पुलिस एण्ड क्रिमिनल इभिडेन्स् ऐन, १९८४ (PACE[२६]) ले बेलायतमा डिजिटल प्रमाणको स्वीकार्यतालाई नियमन गर्दछ । डिजिटल प्रमाणको अखण्डता र आधिकारिता परीक्षण वा प्रमाणित गर्न सकिने अवस्थामा यसलाई स्वीकार गरिन्छ । प्रमाण प्रस्तुत गर्ने पक्षले प्रमाणको भार वहन गर्छ ।

अमेरिकी मोडेलको तुलनामा बेलायतको रणनीतिलाई प्रायः बढी निर्देशात्मक रूपमा चित्रण गरिएको छ । पहिलोपटक १९९९ मा जारी गरिएको प्रहरी प्रमुखहरूको सङ्घ ACPO (Association of Chief Police Officers) द्वारा कम्प्युटर-आधारित प्रमाणको लागि जारी मार्गदर्शनहरू (Guidelines for Computer–Based Evidence[26]) लाई एक अत्यावश्यक अनौपचारिक मार्गदर्शनको रूपमा ग्रहण गरियो जुन कानूनी प्रणाली र कानून कार्यान्वयन निकायहरूद्वारा धेरै हदसम्म अँगालिएको छ । यी मार्गदर्शनहरूको आधारभूत सिद्धान्तहरू निम्न छन् :

i) **परिवर्तन नभएको (No Alteration)**: कम्प्युटर वा अन्य भण्डारण उपकरणमा स्टोर गरिएको सूचनामा अदालतमा प्रमाणको रूपमा प्रयोग गर्न पेस गर्दा कानून कार्यान्वयन वा तिनका प्रतिनिधिहरूले कुनै परिवर्तन वा छेडछाड नगरेको हुनुपर्छ ।

ii) **मूल स्रोतको संरक्षण (Preservation of Originals)**: यदि कसैले मूल डेटामा पहुँच गर्न आवश्यक ठानेको अवस्थामा तिनीहरू त्यसो गर्न सक्षम हुनुपर्छ र परीक्षणको क्रममा गरिएका कार्यहरू र अपनाइएका कार्यविधिहरू सही थिए भन्ने प्रमाण पुऱ्याउन सक्षम हुनुपर्छ ।

iii) **परीक्षणयोग्य मार्ग (Auditable Trail)**: कम्प्युटर-आधारित प्रमाणको साथ प्रयोग गरिएका सबै कार्यविधिहरूको संपरिक्षण गर्न सकिने मार्ग स्थापना र कायम राख्नु महत्त्वपूर्ण छ । कुनै प्रश्न उठेमा निष्पक्ष तेस्रो पक्षले त्यस्ता कार्यविधिहरूको विश्लेषण गर्न र समान निष्कर्षमा पुग्न सम्भव हुनुपर्छ । अनुसन्धानकर्ता वा परीक्षकले कानून र यी मापदण्डहरूको पालना भएको सुनिश्चित गर्ने अन्तिम जिम्मेवारी वहन गर्नुपर्छ । यदि ती विश्वासनीयता प्रमाणित हुन्छ भने कम्प्युटर-उत्पन्न कागजातहरू लगायत सुनिजान्ने प्रमाणहरू पनि प्रमाणमा ग्राह्य हुने प्रावधानहरू पनि बेलायतको Criminal Justice Act, २००३ द्वारा समावेश गरिएको छ । प्रमाण कानूनमा हिरासतको शृंखला र फोरेन्सिक विशेषज्ञको प्रमाणहरू उच्च मूल्यवान छन् । यदि यो कम्प्युटरद्वारा विश्वासनीय तरिकाले उत्पादन गरिएको हो भनेर पुष्टि गर्न सकिन्छ भने इलेक्ट्रोनिक अभिलेखको प्रिन्ट-आउटलाई पनि "लिखत" को दर्जा दिन सकिन्छ भनी R.V. Shepherd[२७] को मुद्दामा व्याख्या भएको थियो ।

अधिक लचिलो अमेरिकी प्रणालीको विपरीत सटीक नियमहरू र स्पष्ट रूपमा परिभाषित विधायिकी कानूनमा बेलायतको निर्भरताले कानून कार्यान्वयन निकाय र कानून व्यवसायीहरूलाई थप स्पष्टता प्रदान गरेको छ तर पनि नयाँ प्रविधिहरूमा अभ्यस्त हुन समय लाग्न सक्छ ।

### ग) सिङ्गापुर

कानूनी र प्राविधिक पक्षहरूमा लिएको व्यावहारिक र सक्रिय दृष्टिकोणले डिजिटल प्रमाणको क्षेत्रमा सिङ्गापुर विश्वव्यापी नेताको रूपमा देखा परेको छ । इलेक्ट्रोनिक रेकर्डलाई स्पष्ट रूपमा सम्बोधन गर्न यसले प्रमाण ऐनमा संशोधन गरेको थियो[२८] । ऐनको दफा ३५ अनुसार

---

२६ ACPO Guidelines for Computer-Based Evidence 1999, https://athenaforensics.co.uk/acpo-guidelines-for-computer-forensics/ (last visited Aug. 15, 2025).

२७ R v. Shepherd, AC 389 (Eng.), https://www.consumercrime.co.uk/site.aspx?i=ca3111 (last visited Aug. 15, 2025).

२८ Evidence Act (1997), § 35 (Sing.), https://www.mlaw.gov.sg/files/linkclickbd8a.pdf (last visited Aug. 15, 2025).

कम्प्युटर उपकरण भरपर्दो सञ्चालनको अवस्थामा रहेको अवस्थामा सृजित सामग्रीको शुद्धतामा प्रश्न उठाउने कुनै कारण छैन भन्ने कुरामा अदालत विश्वस्त भएमा कम्प्युटर-उत्पन्न प्रमाणहरू प्रमाणमा लिन सकिन्छ ।

सिङ्गापुरको न्यायिक प्रणालीमा इलेक्ट्रोनिक अभिलेखको अखण्डता र विश्वासनीयतालाई उच्च मूल्यवान मानिन्छ । कम्प्युटर सञ्चालन वा इलेक्ट्रोनिक अभिलेख भण्डारणसम्बन्धी "जिम्मेवार पद" मा आसिन व्यक्तिले कानून बमोजिम आफू उक्त पदमा रहेको "प्रमाण-पत्र" पेस गर्नु अनिवार्य छ । यो प्रमाणपत्रले नियमित व्यवसायिक जिम्मेवारी वहनको क्रममा डेटा उत्पादन गरिएको थियो, त्यसबखत कम्प्युटर ठीकसँग सञ्चालन भइरहेको थियो र डेटासँग छेडछाड गरिएको थिएन भनेर पुष्टि गर्नुपर्छ ।

सिङ्गापुरको न्यायपालिका पनि त्यत्तिकै प्रगतिशील रहेको छ । अदालतले Public Prosecutor v. Chee Cheong Hian[२९] भएको मुद्दामा प्रमाण ऐनको उद्देश्यका लागि हार्ड डिस्कको फोरेन्सिक तस्बिरलाई मौलिक कागजात मान्न सकिने फैसला सुनायो । यदि बिट-फर-बिट प्रतिलिपि (Bit–for–Bit Duplicate) मूल स्वरूपसँग कार्यात्मक रूपमा मिल्दोजुल्दो छन् भने त्यस्ता परिमार्जनहरू नोटिसमा लिन सकिने व्याख्या उक्त मुद्दामा अदालतले गऱ्यो ।

## २. परम्परा र प्रविधिको द्वन्दमा नेपालको डिजिटल फोरेन्सिक

विश्वमा प्रचलित डिजिटल प्रगतिहरूको अनुसरणको मामलामा प्रारम्भिक चरणमा रहेको नेपालको लागि समकालीन कानूनी प्रणालीमा डिजिटल प्रमाणको एकीकरणले अद्वितीय चुनौतीहरू थपेको छ । अपराध अनुसन्धान, अभियोजन र न्याय सम्पादन गर्ने निकाय र पदाधिकारीहरू गहिरो डिजिटल विभाजन (Digital Divide) छ । तिनीहरू अझै पनि डिजिटल शैशवावस्थामा भएकोले प्रविधिको विकासको फाइदा उठाई घटित हुने आपराधिक कृयाकलापको रफ्तारलाई पछ्याउन नयाँ प्रकारका आपराधिक आचरणहरूसँग तालमेल मिलाउन सङ्घर्षरत छन् ।

### क) प्रतिकूल कानूनी वातावरण

नेपालमा छुट्टै विशेष साइबर कानून अस्तित्वमा छैन । डिजिटल फोरेन्सिक कानूनको पनि अभाव छ । डिजिटल वा इलेक्ट्रोनिक प्रमाण सम्बन्धी कानून विभिन्न कानूनहरूमा छरिएको टालटुले अवस्थामा रहेको छ ।

i) **प्रमाण ऐन, २०३१:** यो नेपालको आधारभूत प्रमाण कानून हो । ५० वर्ष अघि जारी डिजिटल युगभन्दा पुरानो यो ऐनमा डिजिटल/इलेक्ट्रोनिक रेकर्डहरूको प्रस्तुति, स्वीकार्यता वा प्रमाणीकरणको कुनै विशेष प्रावधान छैन । यो परम्परागत भौतिक (Physical) र लिखित रूपमा अभिलेख राख्न सकिने (Documentary) प्रमाणहरू लक्षित छ ।

२०७७ सालमा भएको दोस्रो संसोधनले पनि "डिजिटल वा विद्युतीय स्वरूप" शब्दावली थप गरेपनि त्यसको अर्थ दिएको छैन[३०] । ऐनमा छुट्टै दफा दफा ६(ङ१), (ङ२), (१३क.), (३७क.) थप गरी "डिजिटल/विद्युतीय/श्रब्य-दृश्य माध्यम (भिडियो कन्फरेन्स)" वाक्यांश घुसाइएका छन् । त्यसैगरी दफा १४, १८(ख), ३५ (स्पष्टीकरण) मा "डिजिटल, विद्युतीय" शब्द थप्नेमात्र काम भएको छ । संसोधनमा "विद्युतीय" शब्दको गलत प्रयोग भएको छ । प्रमाणको महत्त्वपूर्ण स्वरूप "इलेक्ट्रोनिक" को नामसम्म लिइएको छैन । "डिजिटल वा इलेक्ट्रोनिक" को परिभाषा, ती प्रमाणको पहिचान (Diagnosis), सङ्कलन (Collection/Confiscation), हिरासतको शृंखला (Chain of Custody), फोरेन्सिक परीक्षण (Forensics Examination), प्रस्तुतीकरण (Documentation and Reporting), डिजिटल फोरेन्सिक ल्याब (Digital Forensic Lab) जस्ता महत्त्वपूर्ण कुराहरू समावेश नहुनाले संसोधननै समयानुकूल हुन नसकी अपूरो भएको छ । फलस्वरूप: अदालतले सम्बद्ध प्रमाण र प्रमाणको विश्वासनीयताको मापदण्डको सन्दर्भमा डिजिटल प्रमाण मूल्याङ्कन गर्दा प्रमाणका सामान्य सिद्धान्तहरूमा निर्भर हुनुपर्ने अवस्था छ । त्यसैले डिजिटल वा इलेक्ट्रोनिक प्रमाण समावेस भएका मुद्दामा हुने फैसलाहरू प्रायः असङ्गत विधिशास्त्रीय निर्देशन (Inconsistent Jurisprudential Instruction)

---

२९ Public Prosecutor v. Chee Cheong Hin Constance, 3 SLR 401 (Sing.), https://www.elitigation.sg/gd/s/2006_SGHC_9 (last visited Aug. 15, 2025).

३० दफा २(ग), प्रमाण ऐन, २०३१

र तदर्थवाद (Ad hoc) मा आधारित हुने भएकोले परिणास्वररूप अन्याय (Injustice), त्रुटि (Error), कानूनी अन्याय (Legal Injustice), अन्यायपूर्ण निर्णय (Unjust Decision), अनुचित फैसला (Unfair Ruling) हुन गई न्यायको गर्भपतन (Miscarriage of Justice) को खतरा विद्यमान हुन्छ ।

ii) **इलेक्ट्रोनिक कारोबार ऐन, २०६३**[३१] : अदालतमा डिजिटल वा इलेक्ट्रोनिक प्रमाणको प्रस्तुति र यसको साइबर फोरेन्सिकको सन्दर्भमा कानूनको अभाव भएको परिप्रेक्ष्यमा यो ऐनले थोरैमात्र भएपनि इलेक्ट्रोनिक वा डिजिटल पक्षसँग सरोकार राख्दछ । यो ऐनको प्राथमिक लक्ष्य भर्चुअल अभौतिक वा अनलाइन माध्यमबाट हुने व्यापार वा कारोबारलाई वैधता दिनु हो[३२] । ऐनको दफा ४ को "प्रचलित कानूनमा कुनै सूचना, लिखत, अभिलेख वा अन्य कुनै कुरा लिखित वा मुद्रित रूपमा राखिएको वा टाइप गरिएको हुनुपर्ने भनी उल्लेख गरिएको भए तापनि त्यस्ता सूचना, लिखत, अभिलेख वा कुरा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित प्रकृया पूरा गरी विद्युतीय अभिलेखको रूपमा राखिएको भए त्यस्तो विद्युतीय अभिलेखले पनि कानूनी मान्यता प्राप्त गर्नेछ" भन्ने प्रवधानले डिजिटल वा इलेक्ट्रोनिक प्रमाणहरू कानूनी रूपमा स्वीकार्य छन् भन्ने मान्यतासम्म स्थापित गर्दछ । तर यो ऐनले पनि ऐनको क्षेत्राधिकार भित्र वा बाहिरका अभौतिक (Virtual) प्रमाणको निदान (Diagnosis), फोरेन्सिक सङ्कलन, हिरासतको शृंखला, फोरेन्सिक विश्लेषण वा प्रस्तुतीकरणको प्राविधिक-कानूनी (Techno–legal) पक्षहरूमा मार्गदर्शन प्रदान गर्दैन ।

iii) **फौजदारी/देवानी कार्यविधि संहिता २०७४:** साबिकको मुलुकी ऐन, २०२० लाई प्रतिस्थापन गरी २०७५ भदौ १ बाट लागु भएका छुट्टाछुट्टै फौजदारी र देवानी संहिताहरू अपराध संहिता, २०७४ र देवानी संहिता, २०७४ कार्यान्वयनार्थ जारी विषयगत कार्यविधि कानून भए पनि ती दुवै ऐनहरू अभौतिक (Virtual) वा डिजिटल/इलेक्ट्रोनिक प्रमाणको सन्दर्भमा युगसापेक्ष (Compatible) छैनन् ।

फौजदारी/देवानी कार्यविधि संहिता, २०७४ को परिभाषा खण्डमा "डिजिटल" वा "इलेक्ट्रोनिक" शब्दावलीको परिभाषा नगरिएबाटै विधायिकाले ऐनमा यसलाई महत्त्व नदिएको प्रथम दृष्टि (Prima Facie) मै प्रष्टिन्छ । फौजदारी संहिताको दफा ४ मा जाहेरी "विद्युतीय" माध्यमबाट दिन सकिने, दफा १६ मा श्रव्य-दृश्य संवाद (Video Conferencing) माध्यमबाट बयान लिन सकिने, दफा २१ मा भौतिक प्रमाण परीक्षण गर्नुपर्ने शीर्षकमा "विद्युतीय स्वरूपमा रहेको सामाग्री", दफा ६२ मा छापा वा विद्युतीय सञ्चार माध्यमबाट समाह्वान तामेल गर्न सकिने, दफा १०९ र ११५ मा श्रव्य-दृश्य संवाद (Video Conferencing) मार्फत साक्षी बुझ्न सकिने, दफा १८४ मा अनुसन्धान अधिकारीसमक्ष भएको बयान, कागज वा लिखतलाई श्रव्य-दृश्यका साधनमा अभिलेख गर्न सकिने, दफा १९२ मा विद्युतीय माध्यमबाट लिखत आदानप्रदान गर्न सकिने कुरा उल्लेख भए पनि सोको कार्यविधि र अभिलेखिकरणको प्रकृया खुलाइएको छैन । ऐनको "प्रमाण पेस गर्नु पर्ने" शीर्षकको दफा ९९ को वादी र प्रतिवादीले प्रमाण पेस

---

३१ ऐनको नामको अगाडि "विद्युतीय" शब्द गलत अर्थमा प्रयोग भएको छ । "विद्युत" संस्कृतको तत्सम नामवाचक शब्द हो । नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित नेपाली बृहत् शब्दकोश, दशौँ संस्करण २०७५ को पृ.११५२ मा यसलाई ३ वटा अर्थ दिनेगरी प्रयोग गरिएको छ - (१) बर्खाकालमा बादल लागेको बेला आकाशमा झिलिक्क चम्कने क्षणिक प्रकाश; बिजुली, (२) प्रकाश; ताप; आकर्षण आदि पैदा गर्नसक्ने विशिष्ट वैज्ञानिक क्रियाबाट उत्पन्न गराइने शक्ति; बिजुली, र (३) चट्याङ; बज्र; चट्को; चिर्को । मूल शब्द "विद्युत" मा "इय" प्रत्येय लागेर बनेको "विद्युतीय" शब्दको अर्थ हेर्दा नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित "प्रज्ञा नेपाली-अङ्ग्रेजी शब्दकोश" मा "विद्युत" शब्दको अर्थ अङ्ग्रेजीमा Electricity र Lightning गरी जम्मा दुईवटा दिएको छ (पृ.८०१) । त्यसैगरी साझा प्रकाशनद्वारा प्रकाशित (२०६१) "अङ्ग्रेजी-नेपाली साझा शब्दकोष" ले अङ्ग्रेजी नामवाचक शब्द "Electricity" को विशेषणबाट बनेको "Electronic" शब्दको अर्थ "विद्युतकणीय" दिएको छ । तसर्थ "विद्युतीय" शब्दले "बिजुली" सम्बन्धी अर्थ दिने हुनाले अङ्ग्रेजी शब्द "Electronic" यो नेपाली रूपान्तर "विद्युतीय" गर्नु भाषिक एवम् कानूनी रूपमा सर्वथा गलत छ । साइबर वा Techno–Legal विधाको "Electronic" शब्दको गलत अर्थ दिनेगरी जबरजस्ती नेपालीकरण नगरी आगन्तुक रूपमै "इलेक्ट्रोनिक" (जस्तै; कम्प्युटर; इन्टरनेट, क्यामेरा) प्रयोग गर्न सकिन्छ । तसर्थ प्रस्तुत लेखमा "विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३" लाई "इलेक्ट्रोनिक कारोबार ऐन, २०६३" सम्बोधन गरिएको छ ।

३२ हेर्नुहोस् ऐनको प्रस्तावना

गर्दा डिजिटल/इलेक्ट्रोनिक (Virtual) प्रमाणको सम्बन्धमा कुनै प्रावधान छैन । यसले गर्दा माथि दफाहरूका यस सम्बन्धी प्रावधानहरू अप्रभावकारी देखिएका छन् । त्यसै गरी देवानी कार्यविधि संहिताको दफा १०५(२१) मा इमेल, फ्याक्सजस्ता विद्युतीय सूचनामार्फत म्याद तामेल गर्न सकिने, दफा १८२ मा श्रव्य-दृश्य सम्वाद (Video Conferencing) मार्फत साक्षी परीक्षण गर्न सकिने, दफा १९८(३) मा फैसलाको विवरण वेबसाइटमा राख्नुपर्ने जस्ता प्रावधान राखिए पनि त्यसको कार्यविधि, प्रकृया र अभिलेखीकरण सम्बन्धमा ऐन मौन छ ।

माथि उल्लिखित कार्यविधि ऐनहरू साइबर फोरेन्सिकका कुनै पनि नियम, कार्यविधि, मार्गदर्शन वा प्रकृयाको बारेमा मौन रही डिजिटल प्रमाण सङ्कलन वा परीक्षणको प्राविधिक जटिलतातर्फ प्रवेश नै गर्दैनन् ।

न्यायाधीश र कानून व्यवसायीहरूमा भएको डिजिटल/इलेक्ट्रोनिक वा अभौतिक (Virtual) जस्ता साइबर / प्राविधिक-कानूनी (Techno–legal) प्रमाणसम्बन्धी ज्ञानको सीमितता वा अज्ञानताको कारण उनीहरू यस्तो प्रमाणबारे जान्न वा प्रमाण बुझ्न हिच्किचाउने, शङ्का व्यक्त गर्ने वा प्रमाणको मार्ग (Course of Evidence) नै दिशान्तरको मार्ग अबलम्बन गर्छन् । यसको लागि उनीहरू प्रमाण कानूनका सामान्य सिद्धान्तमा भर पर्ने विकल्प चयन गर्छन् । यसको अर्को कारण डिजिटल/इलेक्ट्रोनिक प्रमाणलाई मार्गदर्शन गर्न स्पष्ट विधायी ढाँचाको अभाव पनि हो । नेपालमा प्रमाणको अखण्डता स्थापित गर्न अत्यावश्यक फोरेन्सिक मापदण्ड र निदान, सङ्कलन, हिरासतको शृंखलाजस्ता विषयको पारिभाषित नियामक ढाँचा नभएकोले अनुसन्धानकर्ता र अभियोजकहरूबाट मुद्दा अनुसन्धानको प्रथम चरणदेखि नै प्रकृयाको दुरूपयोग (Abuse of Process) र दुर्भावनापूर्ण अभियोजन (Malicious Prosecution) हुन जान्छ, परिणामस्वरूप न्यायको हत्या (Miscarriage of Justice) को खतरा रहन्छ ।

### ख) डिजिटल फोरेन्सिक प्रयोगशाला र प्रमाणको परीक्षण

प्रयोगशालाको मापदण्ड, प्रमाणीकरण र गुणस्तरियताको दृष्टिकोणले नेपालमा दुईवटा विधिविज्ञान प्रयोगशालाहरू अस्तित्वमा रहेका छन् - एक नेपाल प्रहरी र अर्को विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत । तिनीहरूमा डिजिटल फोरेन्सिकको लागि संस्थागत र भौतिक पूर्वाधार अत्यन्तै अपर्याप्त छ ।

i) **राष्ट्रिय विधिविज्ञान प्रयोगशाला (NFSL)**: शिक्षा, विज्ञान र प्रविधि मन्त्रालय अन्तर्गत पर्ने ललितपुरको खुमलटारमा अवस्थित NFSL लाई स्वतन्त्र विधिविज्ञान प्रयोगशाला मानिन्छ । यस अन्तर्गत टक्सिकोलोजी, नार्कोटिक्स्, केमेस्ट्री, डिएनए, बायोलोजी, सिरोलोजी, वन्यजन्तु र विवादित प्रलेख तथा क्रिमिनालिस्टिक गरी आठ एकाइहरू भए पनि यस साइबर फोरेन्सिक एकाइ नभएकोले यसले साइबर फोरेन्सिक सेवाहरू प्रदान गर्दैन[३३] ।

ii) **नेपाल प्रहरी केन्द्रीय विधिविज्ञान प्रयोगशाला (NPCFSL)**: नेपाल प्रहरी अन्तर्गत रहेको काठमाडौंको सामाखुशीमा अवस्थित NPCFSL ले जीव सिरम, डीएनए प्रोफाइलिङ, रसायन विज्ञान तथा लागुऔषध, एक्सप्लोसिभ्स्, विष विज्ञान, औँठाछाप, AFIS, विवादास्पद प्रलेख, सशस्त्र, भौतिक विज्ञान, सूचना प्रविधि र फोटोग्राफी गरी ११ वटा फोरेन्सिक सेवाहरू उपलब्ध गराउँदै आए पनि यस अन्तर्गत छुट्टै साइबर फोरेन्सिक एकाइको अभाव भएकोले यसले डिजिटल/इलेक्ट्रोनिक प्रमाण परीक्षण गर्दैन[३४] ।

iii) **अपराध अनुसन्धान विभाग (CID)**: अपराध अनुसन्धान र रोकथामका लागि नीति तर्जुमा र आवश्यक व्यवस्थापन गर्ने नेपाल प्रहरीको केन्द्रीय निकाय हो । प्रविधियुक्त अनुसन्धान गर्ने नीतिबमोजिम यस अन्तर्गत २०७२।८।२४ मा डिजिटल फरेन्सिक ल्याब स्थापना भएको अभिलेख पाइन्छ । अपराध अनुसन्धानको क्रममा सङ्कलन र नियन्त्रणमा लिइएका डिजिटल र इलेक्ट्रोनिक प्रमाणको परीक्षण विभागमा कार्यरत प्राविधिक जनशक्तिद्वारा आन्तरिक रूपमा गरी अनुसन्धानको दिशा र प्रकृया अगाडि बढाउनको लागि डिजिटल फोरेन्सिक ल्याब (DFL) अस्तित्वमा छ । विभागको https://cid.nepalpolice.gov.np ठेगानाको छुट्टै वेबसाइट सञ्चालनमा छ । विभागद्वारा प्रकाशित "अपराध मासिक इ-बुलेटिन" को २०८२ जेठ अङ्कको प्रकाशनमा डिजिटल फोरेन्सिक ल्याबले

३३ हेर्नुहोस्, https://forensic.gov.np/pages/intro-abc-1/

३४ हेर्नुहोस्, https://forensic.nepalpolice.gov.np/

२०८२ जेठ महिनामा मात्रै विभिन्न १७ वटा मुद्दा शीर्षकमा ९९ वटा मुद्दाको ३९४ सबुद परीक्षण गरेको दाबी गरेको छ[३५] ।

प्रविधिलाई लक्ष्य (Technology as Target) बनाइ गरिने साइबर अपराधहरू र विभिन्न फौजदारी अपराधसम्बन्धी मुद्दाहरूसँग सम्बन्धित प्रविधिलाई साधन (Technology as Instrument) बनाइएका मुद्दाहरूको अनुसन्धानमा डीजिटल फोरेन्सिक प्रयोगशालाले डार्क वेब गतिविधि, अनलाइन ठगी, कम्प्युटर र मोबाइल फोरेन्सिक लगायतको परीक्षण गर्ने गरेको पाइन्छ । यसको अगाडि उन्नत मेमोरी फोरेन्सिक (Volatility) क्षमता, ISO-१७०२५ प्रमाणीरकण मान्यता र बिटक्वाइन पत्ता लगाउन (Locate) ब्लकचेन विश्लेषण विशेषज्ञता थप चुनौती बनेका छन् । आधारभूत सामाजिक सञ्जाल र क्लाउड फोरेन्सिकमा प्रयोगशाला आफैं सक्षम भएको दाबी गरिए पनि थप जटिल र संवेदनशील मुद्दाहरूमा उच्च प्रविधियुक्त विदेशी फोरेन्सिक प्रयोगशालाको सहयोग आवश्यक पर्छ । यसबाट साइबर अपराधसँग सम्बन्धित बढ्दो मुद्दाहरूको फोरेन्सिक परीक्षणको लागि प्रयोशालाको जनशक्ति, तालिम, हार्डवेयर, सफ्टवेयर र भौतिक क्षमतामा अभिवृद्धि, अद्यावधिक प्रणाली र स्तरीय मापदण्ड र कार्यविधिको ठुलो चुनौती छ ।

iv) **साइबर ब्यूरोः** सूचना प्रविधिको क्षेत्रमा भएको नवीनतम् विकासलाई आपराधिक क्रियाकलापमा दुरूपयोग गरी घटित हुने नयाँ-नयाँ शैली र प्रवृत्तिका अपराधको वैज्ञानिक प्रविधियुक्त अनुसन्धान गर्ने उद्देश्यले मिति २०७५/०२/२७ मा स्थापना भएको साइबर ब्यूरोको लागि डिजिटल फोरेन्सिकको क्षेत्र चुनौतीपूर्ण रहेको छ । भर्चुअल प्रमाणको पहिचान, सङ्कलन, परीक्षण र मूल्याङ्नजस्ता प्राविधिक-कानूनी प्रश्नको अलाबा अत्याधुनिक हार्डवेयर, सफ्टवेयर, दक्ष जनशक्तिको अभाव छ । यसको अलबा इन्क्रिप्टेड सञ्चार, क्रिप्टोकरेन्सी लाउन्डरिङ, ब्लकचेन र क्लाउड फोरेन्सिकजस्ता उन्नत प्रविधिको परीक्षण र विश्लेषण गर्न सुविधासम्पन्न ISO/IEC-१७०२५ गुणस्तर मान्यताप्राप्त स्वतन्त्र साइबर फोरेन्सिक प्रयोगशालाको अभाव छ ।

३५ पृ.१५, डिजिटल फोरेन्सिक ल्याब, अपराध अनुसन्धान मासिक इ-बुलेटिन, २०८२ (जेठ), नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, https://cid.nepalpolice.gov.np/

### ग) स्वतन्त्र फोरेन्सिक प्रयोगशाला र प्राविधिक विश्वासनीयताको चुनौतीहरू

फोरेन्सिक प्रमाणमा अदालतको विश्वासनियता ISO–१७०२५ गुणस्तर प्रमाणित मानकमा निर्भर गर्दछ । अहिले नेपाल फोरेन्सिक परीक्षणको अवस्था अमानकीकृत (Unstandardized) प्रोटोकलहरू र उपकरणहरू (Tool) को कारण गुणस्तर सम्फौताको अवस्थामा छौँ । स्टाण्डर्ड सञ्चालन प्रकृयाहरू (SOP) र सहकर्मी-समीक्षा (Peer–review) कार्यविधिहरूको अभावमा डाउबर्ट मानक (Daubert Standard) को आधारशिलाको रूपमा रहेको फोरेन्सिक पुनरूत्पादनशीलता (Reproducibility) प्रमाणित गर्न सकिँदैन । हालको डिजिटल फोरेन्सिक प्रयो गशाला अपराध अनुसन्धान निकायबाट संस्थागतरूपमा स्वतन्त्र नभएकोले यसले गर्ने कतिपय संवेदनशील मुद्दाहरूको फोरेन्सिक परीक्षणको विशसनियतामा प्रश्न उठ्ने गरेको छ । हालसम्मका परीक्षण प्रतिवेदनमा संस्थागत पूर्वाग्रहको आक्षेप लागिहालेको अवस्था नभएपनि यो संयुक्त अनुसन्धान- फोरेन्सिक (Investigative–forensic) मोडेल, प्रमाण तटस्थताको सर्वमान्य निश्चित दूरी सिद्धान्त (Arms Length Principle) विपरीत छ । जतिसुकै होसियारी साथ हार्डवेयर राइट-ब्लकर (Write–blocker) वा क्रिप्टोग्राफिक अडिट मार्गहरूको अनुपालन गरे पनि त्यसले आइएसओ मान्यता (Accreditation) को अभावलाई पूरा गर्न सकिँदैन । प्राविधिक प्रमाणमा न्यायिक विश्वास पुनर्स्थापित गर्न आवश्यक गुणस्तर नियन्त्रणहरू (ASTM E २९१६-१९ मापदण्डहरू) सहितको स्वतन्त्र राष्ट्रिय डिजिटल फोरेन्सिक प्रयो गशालाको स्थापना अत्यावश्यक छ ।

### घ) न्यायिक अभ्यास

नेपालको न्याय प्रणालीमा डिजिटल/इलेक्ट्रोनिक प्रमाणको महत्त्व, यसको प्रस्तुति र ग्रहणको मात्रा बढ्दै गए पनि यस सम्बन्धी कानूनको अभाव र न्यायाधीशहरूमा प्राविधिक ज्ञानको कमीका कारण यस्ता नयाँ प्राविधिक विषयहरूलाई मुद्दैपिच्छे फरक ढङ्गले अभ्यास भएको अवस्था छ[३६] ।

३६ Dr. Shree Krishna Bhattarai, Cyberlaw and Internet Crimes, Nepalese Legal Frameworks and Judicial

स्पष्ट डिजिटल प्रमाण कानूनको अभावमा अदालतले समान तथ्य भएका मुद्दामा परस्पर बाझिने व्याख्याहरू गरिरहेको अवस्था छ । स्पष्ट कानून वा कार्यविधिको अभावका बाबजुद अनुसन्धान अधिकारी र सरकारी वकीलको डिजिटल वा फोरेन्सिक प्रमाणको अस्तित्व र सत्यता सरकारी साक्षीहरूलाई बुझाउन सक्ने क्षमतामा प्रमाणको ग्राह्यता निर्भर गर्दछ । यसले अभियोजनलाई मजबुत बनाउने भएकोले प्रतिवादी पक्षलाई त्यस्ता प्रमाण सजिलै खण्डन गर्न नसक्ने अवस्था आउँछ । डिजिटल प्रमाणको ग्राह्यता र स्वीकार्यताको सन्दर्भमा स्पष्ट कानून र फोरेन्सिक मापदण्डको स्थापित मार्गदर्शन वा नजिर सङ्ग्रहको अभावको बाबजुद अदालतहरूले यस्ता प्रमाणहरू बिस्तारै ग्रहण गर्दै गरेको अवस्था छ ।

नेपालको न्याय प्रणालीलाई आधुनिकीकरण गर्न ठूलै डिजिटल क्रान्तिको आवश्यकता छ । यो लक्ष्य प्राप्त गर्न विद्यमान संस्थागत र कानूनी खाडलहरू पुर्दै दह्रो एकीकृत प्रयासको आवश्यकता पर्छ । एक्काइसौं शताब्दीमा आफ्नो कानूनी प्रणालीको वैधता र प्रभावकारिता कायम राख्न नेपालले हालको लामो सङ्क्रमणकालीन टालटुले (Patchwork) कानूनी अभ्यासबाट माथि उठी डिजिटल फोरेन्सिकको विश्वव्यापी मन्यताप्राप्त ढाँचामा आफूलाई उभ्याउन प्रभावकारी कदम चाल्न धेरै ढिला भइसकेको छ ।

## ३. डिजिटल फोरेन्सिक प्रयोगशालाका उत्तम अभ्यासहरू र मापदण्डहरू

डिजिटल प्रमाणहरू विश्वसनिय, वास्तविक र अदालतमा स्वीकार्य छन् भनी प्रत्याभूति गर्न डिजिटल फोरेन्सिक प्रयोगशालाको गुणस्तरियता, परीक्षणका उत्कृष्ट अभ्यासहरू र अन्तर्राष्ट्रिय मापदण्डहरू पालना गरेको पुष्टि गर्न सक्नुपर्छ । प्रयोगशाला सञ्चालन गर्ने प्रशासनिक कार्यविधिदेखि लिएर डेटा सङ्कलन गर्ने प्राविधिक कार्यविधिहरूसम्म सबैकुरा यी अभ्यासहरूद्वारा नियन्त्रित र निर्देशित हुन्छन् ।

### क) ISO/IEC-१७०२५ मान्यता

अन्तर्राष्ट्रिय मान्यता प्राप्त फोरेन्सिक प्रयोगशालाहरू गुणस्तर प्रमाणीकरणको स्वर्ण मानक (Gold Standard) मानिन्छ । ISO/IEC-१७०२५ मानक प्रयोगशालाहरूको गुणस्तर र क्षमताको परीक्षण र गाम्भीर्यता (Calibration) को सन्दर्भमा डिजिटल फोरेन्सिकको लागि सबैभन्दा उपयुक्त मानक हो । यो मानकले प्रयोगशालालाई तिनीहरू प्राविधिक रूपमा दक्ष र भरपर्दो परिणामहरू दिन सक्षम छन् भनेर पुष्टि गर्छ । यो मान्यता जनुसुकै प्रणाली अपनाउने मुलुकहरूको लागि पनि अत्यन्त महत्त्वपूर्ण र बारम्बार आवश्यक पर्ने विषय हो ।

Practices, 181-82 (Communication Registrar's Office, Ministry of Internal Affairs and Law, Bagmati Province Government, July 2024).

**ISO/IEC-१७०२५ मान्यताले निम्न कुराहरू सुनिश्चित गर्छ:**

i) **प्राविधिक क्षमता (Technical Competence):** प्रयोगशालाका विशेषज्ञ वा परीक्षकहरू तोकिएको शैक्षिक योग्यता हासिल गरेका, तालिमप्राप्त र अनुभवले खारिएका छन् ।

ii) **मान्यताप्राप्त विधिहरू (Valid Methods):** प्रयोगशालाले भरपर्दो र वैज्ञानिक परीक्षणद्वारा प्रमाणित फोरेन्सिक विश्लेषण प्रविधिहरू प्रयोग गरेका छन् । यसमा प्रयोग गरिएको हार्डवेयर र सफ्टवेयरको प्रत्येक टुक्राको प्रमाणीकरण अभिलेख प्रतिवेदनमा समावेश छ ।

iii) **गुणस्तर व्यवस्थापन प्रणाली (Quality Management System):** प्रयोगशाला एक उच्चतम् गुणस्तर व्यवस्थापन प्रणालीले सुसज्जित छ जसले उपकरणहरू व्यवस्थापन गर्न, प्रमाणहरू ह्यान्डल गर्न र गोपनीयता कायम राख्ने प्रोटोकलहरू अपनाएको छ ।

iv) **अङ्कनियता (Traceability):** प्रत्येक मापन र परिणाम एक विशेष, अभिलेख गरिएको प्रकृयासँग जोडिएको हुन सक्छ । प्रयोगशालाको ISO/IEC-१७०२५ मान्यता यसको विश्वसनियता र दक्षताको बलियो सङ्केत हो । यसले अदालतलाई निष्पक्ष तेस्रो-पक्ष प्रत्याभूति (Third–party guarantee) दिन्छ कि प्रमाणहरू कडा अन्तर्राष्ट्रिय मार्गदर्शनहरूको अनुपालनद्वारा प्रशोधन र परीक्षण गरिएको थियो ।

### ख) मानक सञ्चालन कार्यविधिहरू (Standard Operating Procedures – SOPs)

मानक सञ्चालन कार्यविधिहरू (SOPs) को एक कठोर सेटले डिजिटल फोरेन्सिक प्रयोगशालाको सञ्चालनलाई

नियन्त्रण गर्नुपर्छ जुन प्रमाण प्राप्त भएको समयदेखि अन्तिम प्रतिवेदन जारी नभएसम्म यी प्रयोगशालाले पालना गर्ने प्रत्येक कार्यविधिको लागि विस्तृत, चरणवद्ध (Step–by–Step) निर्देशनहरू हुन् । SOP हरूले प्रयोगशालाको गुणस्तर नियन्त्रण प्रणालीको लागि जगको रूपमा काम गर्छन् । तिनीहरूले प्रत्येक जाँचपड्ताल फोरेन्सिक रूपमा उत्कृष्ट, समानरूप र पुन:परीक्षण गर्न सकिने तरिकाले सम्पन्न भएका छन् भन्ने प्रत्याभूति दिन्छन् ।

**डिजिटल फोरेन्सिक प्रयोगशालाको लागि SOPs अन्तर्गत देहायका कुराहरू पर्छन् :**

i) **प्रमाण ह्यान्डलिङ (Evidence Handling SOP):** यसमा डिजिटल र भौतिक प्रमाण दुवैलाई अभिलेख गर्ने, संरक्षण गर्ने र सुरक्षित राख्ने एवम् हिरासतको शृंखलाजस्ता पक्षहरू पर्छन् ।

ii) **फोरेन्सिक इमेजिङ (Forensic SOP):** भण्डारण (Storage) मिडियाको फोरेन्सिक रूपमा उत्कृष्ट छविहरू उत्पादन गर्न क्रिप्टोग्राफिक ह्यास र लेखन–ब्लकरहरू (Write–Blockers) प्रयोग गर्नको लागि एक व्यापक, चरणवद्ध (Step–by–Step) पुस्तिका (manual) द्वारा यो मार्गनिर्देशित हुन्छ ।

iii) **विश्लेषण (Analysis SOPs):** यसले विशेष प्रकार को विश्लेषणको लागि आवश्यक कार्यविधिहरू र उपकरणहरू वर्णन गर्छ (जस्तै, समयरेखा विश्लेषण, इमेल विश्लेषण, मोबाइल फोनको डेटा प्राप्ति)।

iv) **उपकरण प्रमाणीकरण (Tool Validation SOP):** यसमा सबै सफ्टवेयर र हार्डवेयर उपकरणहरूले सही छन् र विश्वसनिय परिणाम दिन्छन् भनेर परीक्षण र प्रमाणित गर्ने कार्यविधि पर्छन् ।

### ख) प्रतिवेदन लेखन (SOPs for Report Writing)

यसमा फोरेन्सिक प्रतिवेदन लेख्नको लागि एक मोडेल र निर्देशनहरू पर्छन् जुन बुझ्न सकिने, संक्षिप्त र अदालतमा स्वीकार्य हुन्छन् ।

जब फोरेन्सिक परीक्षण प्रतिवेदन, राय वा अपनाएको प्रोटोकलउपर अदालतमा विवाद उत्पन्न हुन्छ त्यसबखत SOP हरूको पालना सही र कडिकडाउ तबरले गरिएको थियो भन्ने नै एकमात्र बचाउ हुन जान्छ ।

### ग) निरन्तर शिक्षा, मान्यता र गुणस्तर नियन्त्रण

डिजिटल फोरेन्सिकको विधा सधैँ परिवर्तनशील छ । हरेक दिन नयाँ सफ्टवेयर, अपरेटिङ सिस्टम र ग्याजेटहरू बजारमा आउँछन्, जसले फोरेन्सिक अनुसन्धानकर्ताहरूको लागि नयाँ कठिनाइहरू खडा गर्दछ । त्यसैले व्यावसायिक प्रमाणीकरण र निरन्तर प्रशिक्षण जरूरी छ ।

i) **व्यावसायिक प्रमाणीकरण (Professional Certification):** न्यूनतम स्तरको सीप र नैतिक मापदण्डहरूको पालनाको प्रत्याभूति भएका विख्यात संस्थाहरूले सर्टिफाइड फोरेन्सिक कम्प्युटर एक्जामिनर (CFCE), GIAC सर्टिफाइड फोरेन्सिक विश्लेषक (GCFA) जस्ता योग्यता प्रमाणित गर्ने प्रमाणपत्रहरू प्रदान गर्दछन् । यी प्रमाणपत्रहरूको स्तर कायम राख्न बारम्बार निरन्तर अध्ययन र कडा परीक्षाको आवश्यकता पर्दछ ।

ii) **निरन्तर प्रशिक्षण (Continuing Training):** प्रयोशालाको गुणस्तर र क्षमता कायम राख्न नयाँ उपकरण र प्रविधिहरू एवम् प्रकृयाहरूमा कर्मचारीहरूलाई आवधिक तालिम दिन गर्ने खर्चले उनीहरूलाई चुस्त दुरुस्त राख्न मद्दत गर्छ ।

iii) **गुणस्तर सुनिश्चितता (Quality Assurance):** गल्तीहरू पत्ता लगाउन र समाधान गर्न एक बलियो गुणस्तर सुनिश्चितता आवश्यक पर्दछ जसमा फोरेन्सिक प्रतिवेदनहरूको बारम्बार सहकर्मी समीक्षा (Peer–reviews) साथै आवर्ती (Recurring) आन्तरिक र बाह्य लेखा परीक्षणहरू समावेश छन् । यसले प्रयोगशालाले निरन्तर उच्च गुणस्तरको परिणामहरू दिन्छ भन्ने प्रत्याभूति गर्दछ ।

### घ) उपकरण र प्राविधिक पूर्वाधारको प्रमाणीकरण:

समयानुकूल डिजिटल फोरेन्सिक प्रयोगशालाको लागि एक अत्याधुनिक प्रविधि पूर्वाधार आवश्यक छ । यसमा पूर्ण दायराको खुला-स्रोत (Open–source) व्यावसायिक फोरेन्सिक सफ्टवेयर उपकरणहरू, सुरक्षित प्रमाण भण्डारण र ठूला डेटासेटहरू प्रशोधन गर्न शक्तिशाली मेसिनहरू समावेश हुन्छन् ।

प्रयोगशालाका सबै उपकरणहरू अनिवार्यरूपमा पूर्ण प्रमाणीकरण प्रकृयाबाट गुज्रनु अनिवार्य हुन्छ । उपकरण

प्रमाणीकरण भनेको फोरेन्सिक उपकरणको विधिगत परीक्षण हो जसले यो सधैँ उद्देश्य अनुसार सञ्चालन हुन्छ भनेर सुनिश्चित गर्दछ । यसमा निम्न कुरा पर्छन् :

- उपकरणहरू प्रयोगशालाको उद्देश्य प्राप्तिमा सक्षम छन् भनी कार्यक्षमता प्रमाणित गर्नु,
- अचुक परिणामको लागि परीक्षणमा उपकरणको आउटपुट भरपर्दो र पुनः परीक्षणयोग्य छ भनी पुष्टि गर्नु, र
- उपकरणले ज्ञात त्रुटि परीक्षण (Known Error Testing) प्रविधि डेटासेटमा लागु गरेर ज्ञात त्रुटिहरू सही रूपमा पत्ता लगाउँछ भनी प्रमाणित गर्नु ।

विश्वसनियताको जग स्थापना गर्न यो प्रमाणीकरण प्रकृया आवश्यक छ । प्रयोगशाला जतिसुकै प्रतिष्ठित भए पनि वा परीक्षक जतिसुकै अनुभवी भए पनि यदि उपकरण प्रमाणित गरिएको छैन भने त्यसको परिणामउपर अदालतमा चुनौती सामना गर्नुपर्ने हुन सक्छ ।

## ४. निष्कर्ष र सुझावहरू

प्रविधि र कानून बीचको सम्बन्ध अन्योन्याश्रित छ । यो सम्बन्ध डिजिटल अवयवहरू (Artifacts) को प्रमाणिक जीवनचक्र, निदान, सङ्कलन, संरक्षण, हिरासतको शृंखला, परीक्षण, प्रतिवेदनदेखि स्वीकार्यता र अदालतको मूल्याङ्कनसम्म सबैभन्दा उल्लेखनीय छ ।

डिजिटल व्यवस्थापनको उत्कृष्ट उदाहरणको रूपमा अमेरिका, बेलायत र सिङ्गापुरजस्ता देशहरूले अवलम्बन गरेको बलियो कानूनी ढाँचा र वैज्ञानिक कठोरताको सहअस्तित्व हाम्रो सामु छ । तिनीहरूको प्रणालीले फोरेन्सिक सुदृढता, अभिलिखित हिरासतको शृंखलामार्फत अखण्डता, विश्लेषण पुनः परीक्षणको क्षमता र अदालतमा प्रस्तुत प्रमाणको स्पष्टतामा बलियो जोड दिन्छ । तर डिजिटल फोरेन्सिकको शैशवावस्थामा रहेको नेपालको लागि यी प्रकृयागत र संरचनात्मक सुरक्षा उपायहरूको अभावले उचित कार्यविधि (Due Process) र न्यायिक विश्वासनियताको लागि ठुलो जोखिम सामना गरिरहेका छन् ।

प्रविधिलाई नै लक्ष्य बनाएर गरिने ह्याकिङ, र्‍यानसमवेयर/मालवेयर आक्रमण, बोटनेट आक्रमण, डिओएस आक्रमण, म्यान-इन-द-मिडल आक्रमण, साइबर आक्रमण, फिसिङ जस्ता साइबर अपराध र प्रविधिलाई माध्यमको रूपमा प्रयोग गरी गरिने प्रविधि-सक्षम (Technology Enabled) अपराधहरू जस्तै; वित्तीय ठगी, कर्तव्य ज्यान, चोरी, अपहरण एवम् प्रविधि-सक्षम देवानी र प्रशासनिक मुद्दाहरूको बढ्दो जोखिम नेपालको डिजिटल परिवृत्ति (Ecosystem) सँगै बढ्दै गइरहेको छ । इलेक्ट्रोनिक कारोबार ऐन, २०६३ ले डिजिटल/इलेक्ट्रोनिक रेकर्डहरूलाई प्रमाणको मान्यता दिएपनि यसले डिजिटल फोरेन्सिक र साइबर कानूनको जटिल वास्तविकतालाई सम्बोधन गर्न सकेको छैन । फौजदारी र देवानी मुद्दाहरूमा डिजिटल प्रमाणको सम्भावित मूल्य यसको सङ्कलन, प्रमाणीकरण र स्वीकार्यतालाई नियन्त्रण गर्ने विशिष्ट विधायी ढाँचाको अभावमा कमजोर हुन पुगेको छ, जसले असङ्गत फैसलाहरू निम्त्याउँछ ।

अपराध अनुसन्धान गर्ने निकाय प्रहरी मातहत सञ्चालित नेपालको एकमात्र डिजिटल फोरेन्सिक प्रयोगशाला न्यूनतम वित्तीय आवश्यकता पूर्तिको अभावसँग जुधिरहनु परेको वर्तमान परिप्रेक्ष्यमा यसमाथिको अत्यधिक निर्भरताले संस्थागत निष्पक्षता र प्राविधिक दक्षतामाथि गम्भीर प्रश्नहरूको उठान गरेको छ । स्वतन्त्र रूपमा सञ्चालित ISO/IEC-१७०२५ मान्यता प्राप्त व्यवस्थित फोरेन्सिक प्रयोगशालाको अभावमा अदालतहरूले डिजिटल प्रमाणको वैज्ञानिक वैधता र आधिकारिकता निर्धारण गर्न सक्दैनन् । यी प्रणालीगत त्रुटिहरूका साथै साइबर विधिशास्त्रसँग अपरिचित न्यायाधीशहरू र कानूनव्यवसायीको कारणले गर्दा डिजिटल युगको मागहरू सम्बोधन गर्न हाम्रो न्याय प्रणालीको अगाडि ठुलो चुनौतीको पहाड खडा छ ।

यी र यस्ता ज्वलन्त विषयहरूलाई तत्काल सम्बोधन गर्न नेपालले देहाय अनुसार विश्वव्यापी उत्कृष्ट अभ्यासहरूमा आधारित एवम् देशको संस्थागत र विधायी ढाँचा अनुरूप व्यापक, बहु-स्तरीय (Multi–tiered) सुधार कार्यक्रमको थालनी गर्नुपर्छः

i) **बृहत् डिजिटल/इलेक्ट्रोनिक प्रमाण ऐन जारीः** नेपालले डिजिटल प्रमाण/लिखतहरूको आधिकारिक ह्यान्डलिङलाई सम्बोधन गर्ने छुट्टै बृहत् प्रमाण ऐन तत्काल जारी गर्नु ढिला भइसकेको छ । निदान, अधिग्रहण, संरक्षण, हिरासतको शृंखला, मेटाडेटा अखण्डता, ग्राह्यताको सीमा र डिजिटल हस्ताक्षरका लागि आवश्यक

प्रोटोकलहरू सबै यसमा समेटिनु पर्छ । यसका साथै यसमा "मौलिक (Original)" डिजिटल प्रमाण के हो भनेर स्पष्ट परिभाषित गर्नुपर्छ, फोरेन्सिक विशेषज्ञको साक्षी परीक्षण र इलेक्ट्रोनिक प्रमाणमा UNCITRAL मोडेल कानून र बुडापेस्ट कन्भेन्सनजस्ता अन्तर्राष्ट्रिय मापदण्डहरूसँग तादाम्यता राख्ने न्यूनतम कार्यविधिगत पक्षहरू सुनिश्चित गर्नुपर्छ ।

ii) **स्वतन्त्र डिजिटल फोरेन्सिक प्रयोगशालाको स्थापनाः** फोरेन्सिक तटस्थताको प्रत्याभूति गरी पक्षहरूको विश्वास आर्जित गर्न अनुसन्धान गर्ने निकायबाट स्वतन्त्र एक अलग्गै राष्ट्रिय डिजिटल फोरेन्सिक प्रयोगशाला स्थापना हुनु आवश्यक छ । यो प्रयोगशाला पर्याप्त साधन, स्रोत, योग्य र दक्ष विशेषज्ञहरूद्वारा सञ्चालित र अत्याधुनिक डिजिटल फोरेन्सिक उपकरणहरूले सुसज्जित हुनुपर्छ । थप विश्वसनियताको परीक्षणार्थ तेस्रो-पक्ष संपरीक्षण (Third–party Audit) र मान्यता (Accreditation) प्राप्त हुनुपर्छ र यससँग फौजदारी, देवानी र संवैधानिक लगायतका मुद्दामा आइपर्ने सबै तहका फोरेन्सिक परीक्षण गर्ने सक्षमता हुनुपर्छ ।

iii) **फोरेन्सिक प्रयोगशालाको अनिवार्य मान्यताः** पद्धतिगत एकरूपता, प्राविधिक शुद्धता र प्रमाणिक विश्वसनीयताको प्रत्याभूति गर्न सरकारी वा गैरसरकारी डिजिटल फोरेन्सिक प्रयोगशाला ISO/IEC-१७०२५ अन्तर्गत मान्यता प्राप्त (Accreditated) हुनु जरूरी हुन्छ । डिजिटल फोरेन्सिक परीक्षण प्रतिवेदनहरू प्रमाणमा स्वीकार्य हुनको लागि अदालतहरूले यस्तो ISO मान्यतालाई पूर्वशर्तको रूपमा लिइनुपर्छ ।

iv) **समर्पित साइबर–इजलास र साइबर–विशेषज्ञ न्यायाधीशः** सर्वोच्च अदालतसहित न्याय प्रणालीको सबै तहमा साइबर-साक्षर न्यायाधीशहरूको अभाव हुनु वर्तमान न्याय प्रणालीमा गम्भीर कमजोरी हो । सुरू र पुनरावेदन तहमा विशेष साइबर इजलासहरू स्थापना गर्नुका साथै सर्वोच्च अदालतमा साइबर-विशेषज्ञ न्यायाधीश यथाशीघ्र नियुक्त हुनु आवश्यक छ । डिजिटल कानून, इलेक्ट्रोनिक प्रमाण र साइबर अपराध विधिशास्त्रमा प्रदर्शित दक्षता, निरन्तर व्यावसायिक विकास र विशिष्ट योग्यता भएका न्यायिक कर्मचारीको पूर्ति पनि उस्तै चुनौतीको रूपमा खडा भएको छ ।

v) **जनशक्ति विकास र संस्थागत क्षमता निर्माणः** दीगो सुधारको लागि मानव पूँजीमा रणनीतिक लगानी आवश्यक हुन्छ । न्यायाधीशहरू, सरकारी वकीलहरू, कानून कार्यान्वयन अधिकारीहरू र फोरेन्सिक विश्लेषकहरू डेटा गोपनीयता मापदण्डहरू, ब्लकचेन प्रमाण, डिजिटल फोरेन्सिक र साइबर कानूनमा विशिष्ट प्रशिक्षण प्राप्त हुनुपर्छ । विश्वविद्यालयहरू, न्यायिक प्रतिष्ठानहरू, अन्तर्राष्ट्रिय संस्थाहरूसँगको समन्वय गरी राष्ट्रिय न्यायिक प्रतिष्ठान एवम् नेपालको कानूनी वातावरणसँग सम्बन्धित अन्य विषयगत प्रशिक्षण संस्थाहरूमा मानकीकृत (Standardized) पाठ्यक्रम र प्रमाणीकरण कार्यक्रमहरू विकास गर्नुपर्छ ।

vi) **अन्तरविधागत सहकार्यलाई प्रोत्साहनः** डिजिटल युगमा कार्यरत न्याय प्रणालीसँग आवद्ध कानून व्यवसायीहरू, प्राविधिक विशेषज्ञहरू र कानून निर्माताहरूबीच बलियो सहकार्य आवश्यक छ । साइबर कानून सुधारसँग सम्बन्धित विभिन्न सभा, सम्मेलनहरू र न्यायिक संवादको सहकार्य र अन्तरसंवादले कानूनलाई आधुनिकीकरण गर्न तथा प्रविधि र कानून बीचको सञ्चार खाडललाई कम गर्नका साथै न्यायशास्त्रीय सुसङ्गततालाई प्रवर्द्धन गर्न मद्दत गर्नेछ ।

vii) सारांशमा, भविष्यको आवश्यकता भन्दापनि वर्तमानको संस्थागत, कानूनी र सैद्धान्तिक पक्षको सम्बोधनको लागि डिजिटल परिवर्तन अपरिहार्य भइसकेको छ । नेपालको कानूनी प्रणालीको क्षमता परिवर्तनशील साइबर वातावरणमा अनुकूलन अभिवृद्धि गर्नु डिजिटल प्रमाणको वैधताको लागि पनि महत्त्वपूर्ण छ । त्यसो गर्न नसक्दा उचित कार्यविधि (Due Process) पालना नहुने, न्यायमा पहुँचमा अवरोध पुऱ्याउन सक्ने र न्याय प्रणालीप्रति जनआस्था कमजोर बनाउन सक्छ । उपयुक्त कानून, प्राविधिक संस्थागत डिजाइन र डिजिटल युगमा कानूनको शासन लागु गर्न संरचनात्मक र बौद्धिक रूपमा तयार अदालतले अगाडिको बाटो तय गर्छ ।


BEST
INVESTIGATOR
OF THE
YEAR
#2
#1
Who?
why five?
#7



# प्रहरी नायव उपरीक्षक धर्मराज भण्डारी

## केन्द्रीय अनुसन्धान ब्यूरो

## सम्पादित उत्कृष्ट अनुसन्धानहरु

### बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादीहरू पक्राउ

भिम बहादुर सुनारको जाहेले वादी नेपाल सरकार प्रतिवादी सन्दिप राज काफ्ले भएको बैंकिङ्ग कसूर मुद्दामा सम्मानित काठमाडौ जिल्ला अदालत बबरमहल काठमाडौँबाट मिति २०८१।१२।२८ गते फैसला भई ७ (सात) दिन कैद र १,१०,००,०००।- (एक करोड दश लाख रूपैया) जरिवाना तोकी लगत (लगत नं. ४८८८२) कसिएका र वर्ण न्यौपानेको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सन्दिप राज काफ्ले रहेको बैंकिङ्ग कसूर मुद्दामा सम्मानित काठमाडौ जिल्ला अदालत बबरमहल काठमाडौँबाट मिति २०८१।०८।१९ गते फैसला भई ५ पाँच दिन कैद र २,१०,००,०००।- (दुई करोड दश लाख रूपैया) जरिवाना तोकी लगत (लगत नं. ४५६८१) कसिएका जिल्ला काठमाडौँ, काठमाडौँ महानगरपालिका वडा नं. ७ घर भई फरार रहेका वर्ष ४४ का सन्दिप राज काफ्लेलाई मिति २०८२।०५।०६ गते बिहान जिल्ला रूपन्देही, सिद्धार्थनगर नगरपालिकाबाट पक्राउ गरी मिति २०८२।०५।०८ गते सम्मानित काठमाडौँ जिल्ला अदालत बबरमहल, काठमाडौँमा पेस गरेको, सम्मानित अदालतको आदेश बमोजिम सोही दिन फैसला कार्यान्वयनार्थ निज सन्दिप राज काफ्लेलाई डिल्लिबजार कारागार चलान गर्न सफल भएको ।

### बैंकिङ कसूर मुद्दामा कर्णाली डेभलपमेन्ट बैङ्कका CEO पक्राउ

कर्णाली डेभलपमेन्ट बैंक लिमिटेडका संस्थापक अध्यक्ष/ प्रमुख कार्यकारी अधिकृत एवम् पटक-पटक सञ्चालक समितिको अध्यक्ष पदमा रही उक्त बैंकमा सङ्कलन भएको बचतकर्ताहरूको रू. २५० करोड भन्दा बढी रकम हिनामिना गरी फरार रहेका जिल्ला सल्यान स्थायी वतन



भई हाल जिल्ला बाँके नपालगंज उप-महानगरपालिका वडा नं. २० बस्ने वर्ष ६५ को राजेन्द्र वीर रायलाई मिति २०८२/२/१७ गते जिल्ला रूपन्देही सिद्धार्थनगर न.पा. वडा नं. १ बेलहियाबाट पक्राउ गरी बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूरमा थप अनुसन्धान तथा कानूनी कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय बाँकेमा बुझाउन सफल भएको ।

## अवैध ६० किलो सुन मुद्दाका फरार प्रतिवादी अमला रोक्का पक्राउ

मिति २०८०।०४।०२ गते बरामद भई आएको ६० किलो अवैध सुन अनुसन्धान सम्बन्धमा भन्सार चोरी पैठारी तथा संगठित अपराध मुद्दामा फरार रहेकी प्रतिवादी जिल्ला रोल्पा थवाङ गा.पा. वडा नं. २ स्थायी वतन भई हाल काठमाडौँ जिल्ला टोखा न.पा. वडा नं. ३ सुर्यदर्शन टोल बस्ने वर्ष ४४ की अमला रोकालाई मिति २०८२/०३/०६ गते काठमाडौँ जिल्ला टोखा न.पा. वडा नं. ३ सुर्यदर्शन टोलबाट पक्राउ गरी कानूनी कारबाहीको लागि मिति २०८२/०३/०९ गते सम्मानित काठमाडौँ जिल्ला अदालत, बबरमहल, काठमाडौँमा बुझाउन सफल भएको ।

## विद्युतीय कारोबार ऐन अन्तर्गतको कसुर मुद्दाका विभिन्न प्रतिवादीहरू पक्राउ

प्रहरी प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादी ड्राइभर रेशम भन्ने रेशम राज पौडेल भएको विद्युतीय कारोबार ऐन अन्तर्गत कसूर मुद्दामा वारदातमा संलग्न जिल्ला बाग्लुङ साबिक बोहरागाउँ गा.वि.स. वडा नं. ९ हाल परिवर्तित ऐ. निसीखोला गाउँपालिका वडा नं. ४ बस्ने प्रेम प्रसाद पौडेलको छोरा वर्ष ३५ को ड्राइभर रेशम भन्ने रेशम राज पौडेललाई मिति २०८२।०३।०२ गते दिउँसो अन्दाजी १२:३० बजेको समयमा जिल्ला बाँके नेपालगंज उप-महानगरपालिका वडा नं.१ धम्बोजी कुटुम्बा क्याफे अगाडि नेपालगंज कोहलपुर सडक किनारमा फेला पारी निजको शरिर खानतलासी गर्ने क्रममा निजको साथमा रहेको +९१८९६९६९४९३३ नं. को भारतीय सिम प्रयोग भएको इएएइ A3X5G कम्पनीको मोबाइल सेट थान १ र निजको नामको ना.प्र.नं. २०२१५८ (बाग्लुङ) भएको नेपाली नागरिकता प्रमाण पत्रको छायाँकपी थान १ फेला पारी बरामद तथा निज ड्राइभर रेशम भन्ने रेशम राज पौडेललाई पक्राउ गरी थप अनुसन्धान तथा कानूनी कारबाहीको लागि मिति २०८२/०३/०२ गते नेप्रप्रका. साइबर ब्यूरो, भोटाहिटी, काठमाडौँमा बुझाउन सफल भएको।



# सफल अनुसन्धान
# SUCCESS STORIES



# आर्थिक वर्ष २०८१/०८२ मा भएका सफल एवम् उत्कृष्ट अनुसन्धानका केही विवरणहरू

## काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरी

### सट्टावाजी गर्न नहुने कसुर/परिसर, ललितपुर ।

मिति २०८१/०८/११ गते अं. १३:०० बजेको समयमा जिल्ला ललितपुर महालक्ष्मी न.पा वडा नं ४ अफलटोल मार्ग स्थितमा रहेको सुरेन्द्र अधिकारीको घरमा डेराकोठा गरी बस्ने सुनिल राईले विभिन्न विद्युतिय उपकरणहरू प्रयोग गरी Betting Website र सोको Application हरू Device हरूमा Installation गरी Online जुवा जस्ता सट्टेबाजी Game खेल्ने/खेलाउने कार्य गर्ने गरेको सुचना प्राप्त हुनासाथ अनुसन्धान कार्य सुरू गरी निजलाई पक्राउ गरे पश्चात अनुसन्धानको क्रममा निजले आफ्नो मोबाईल तथा ल्यापटप समेतका device हरूमा Binance मार्फत ४६११८२.४१३६ USDT को हुन आउने नेपाली रू. ६,२३,२४,१९१ (अक्षेरेपी छ करोड तेईस लाख चौबिस हजार एक सय एकानब्बे रूपैयाँ) बराबरको Crypto Currency अर्थात अभौतिक मुद्राको कारोबार गरेको देखिएको हुँदा प्रतिवादी सुनिल राई उपर सट्टाबाजी गर्न वा गराउन नहुने, अभौतिक मुद्रा, लिखत सम्बन्धी कसुर तथा सम्पत्ती शुद्धीकरण तथा निवारण ऐन सम्बन्धी कसुर तथा बैङ्किङ कसुर समेत मुद्दामा अनुसन्धान पश्चात पेश हुँदा ललितपुर जिल्ला अदालतको मिति २०८१।११।१२ गतेको आदेशानुसार पुर्पक्षको लागि थुनामा गएको ।

### अपहरण तथा शरीर बन्धक/परिसर, ललितपुर

मिति २०८१।१०।२४ गते राती अं. २०:२० बजेको समयमा ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. १२ मंगलबजार स्थितबाट जिल्ला गोरखा गण्डकी गा.पा. वडा नं. ६ घर भई हाल ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. १२ मंगलवजार बस्ने जाहेरवाला सरिता तामाङको छोरो वर्ष ४ को जिरे भन्ने पल चेपाङ हराएको भन्ने निवेदन उपर काठमाण्डौ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकु, काठमाण्डौ समेतबाट खटिएको प्रहरी टोलीले खोजतलास एवं अनुसन्धानको क्रममा निज बालकलाई भियतनाम देश चाईवाङ सिटी घर भई काठमाडौँ जिल्ला का.म.न.पा. वडा नं. १४ कलंकी बस्ने भनि बताउने राहदानी नं. C८३१३७५६ बाहक वर्ष २३ को Mai Hoang Kinhlaun ले अपहरण गरी लगि काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १४ कलंकी स्थित रहेको इलाम मेची गेष्ट हाउसको कोठा नं.१०७ मा लगि बन्धक बनाई राखेको अवस्थामा मिति २०८१।१०।२५ गते बेलुकाको समयमा फेला पारी निज बालकलाई उद्धार गरी निज भियतनामी नागरिक Mai Hoang Kinhlaun लाई पक्राउ गरी जिल्ला प्रहरी परिसर काठमाडौंमा दाखिला गरी अपहरण तथा शरीर बन्धक शीर्षकमा मुद्दा दर्ता गरी अनुसन्धान पश्चात ललितपुर जिल्ला अदालतको मिति २०८१।११।२० गतेको आदेशानुसार पुर्पक्षको लागि थुनामा गएको ।

### २ अर्ब ९६ लाख रुपैयाँ भन्दा बढी रकमको अनलाइन जुवा (सट्टाबाजी) खेल्ने/खेलाउने तथा अभौतिक मुद्राको कारोबार गर्ने ११ जना भारतीय नागरिकहरु पक्राउ

मिति २०८१।१२।१२ गते अन्दाजी १७:१५ बजेको समयमा काठमाडौं जिल्ला, बुढानीलकण्ठ नगरपालिका वडा नं. ३ देउला टोलस्थित घर भाडामा लिई भारतीय नागरिकहरूले अनलाइन जुवा (सट्टाबाजी) खेल्ने खेलाउने कार्य गरिरहेको भन्ने सूचना प्राप्त हुनासाथ खटिएको प्रहरी टोलीले देश भारत, राजस्थान प्रदेश जयपुर जिल्ला घर भई हाल का. जि. बूढानिलकण्ठ नगरपालिका वडा नं. ३ देउला टोल बस्ने वर्ष २४ को सनी मिणा, देश भारत, राजस्थान प्रदेश आलुवा जिल्ला घर भई ऐ, बस्ने वर्ष २५ को मोहित वर्मा, देश भारत, राजस्थान प्रदेश शिक्कर जिल्ला घर भई ऐ बस्ने वर्ष २६ को पिउस भारद्वाज, देश भारत, राजस्थान प्रदेश जयपुर जिल्ला घर भई ऐ. बस्ने वर्ष २५ को हरकेश डडेया, ऐ. घर भई ऐ, बस्ने वर्ष २२ को निशांत भारद्वाज,




ऐ. घर भई ऐ, बस्ने वर्ष २३ को आकाश वर्मा, ऐ. घर भई ऐ, बस्ने वर्ष १९ को अंकित कुमार सैनी, ऐ घर भई ऐ बस्ने वर्ष २३ को सन्जु शाकला, ऐ पर भई एं, बस्ने वर्ष २८ को रामसिंह जाठ, ऐ. घर भई ऐ, बस्ने वर्ष १९ को लोकेश कुमार र ऐ. घर भई ऐ, बस्ने वर्ष १९ को विकाश कुमारलाई विभिन्न कम्पनीको मोवाईल फोन थान ३४, विभिन्न कम्पनीको ल्यापटप थान ५, हिसाबकिताबको अभिलेख राखिएको नोट बुक (कापी) थान - ४, भारतीय बैंक खाताको चेक बुक थान - १४, भारतीय ATM कार्ड थान २७ र भारतीय सिमकार्ड - ४० सहित अनलाइन जुवा खेलिरहेको अवस्थामा नियन्त्रणमा लिई प्रारम्भिक अनुसन्धान गर्दा निजहरूले २ अर्व रूपैयाँ भन्दा बढी र कमको कारोबार हुने गरी अनलाईन जुवा (सट्टेबाजी) खेल्ने खेलाउने कार्य गरेको र ९६ लाख ३३ हजार भन्दा बढी रकम बराबरको अभौतिक मुद्रा (Crypto Currency) को कारोबार समेत गरेको अनुसन्धानमा देखिन आएको र सम्मानीत अदालतको आदेशले मिति २०८२।०१।०४ गते सबै जना पुर्पक्षको लागी कारागार चलान ।

## केन्द्रीय अनुसन्धान ब्यूरो, लाजिम्पाट

### पूर्व भुमिसुधार राज्य मन्त्री रामचन्द्र राय यादवको हत्या

मिति २०८१।०४।०७ गते अं. ००:३० बजेको समयमा जिल्ला सर्लाही चन्द्रपुर गा.पा. वडा नं. १ रतनपुर स्थित ऐ.ऐ. बस्ने पूर्व भुमिसुधार राज्य मन्त्री अं. बर्ष ८१ का रामचन्द्र राय यादव आफ्नै घर (फार्म हाउस) को सुत्ने कोठामा धारिलो हतियार प्रहारबाट मृत अवस्थामा भेटिएकोले अनुसन्धानको लागि मधेश प्रदेश प्रहरी कार्यालय जनकपुर बाट प्र.ना.म.नि.ज्यू समेतको टोली घटनास्थलमा आई विस्तृत अनुसन्धान शुरू गरिएको तथा सो वारदातको

गहन अनुसन्धानको लागि केन्द्रीय अनुसन्धान ब्यूरोको समेत टोली खटिई घटनामा संलग्न जि. सर्लाही कबिलासी न.पा. वडा नं. ३ बस्ने बर्ष २५ को राम उजैन राय र ऐऐ जिल्ला चन्द्रनगर गा.पा. वडा नं. १ रतनपुर बस्ने बर्ष ४६ को बिरेन्द्र राय यादवलाई पक्राउ गरी थप कानूनी कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय सर्लाहीमा बुझाएको ।

### डाँका चोरी तथा हत्यामा संलग्न व्यक्ति पक्राउ – गुल्मी

मिति २०७९/१०/१४ गते शनिबार रातको अं.२३:३० बजेको समयमा जिल्ला बाग्लुङ बडिगाड गा.पा. वडा नं. ३ सिसाखानी घर भई हाल जिल्ला गुल्मी मुसिकोट नगर पालिका वडा नं. ७ न्वारामा होटल संञ्चालन गरी बस्ने बर्ष ५८ की गंगा भन्ने गोपाल कुमारी शेरचनलाई आफ्नै होटलमा कर्तव्य गरी हात, खुट्टा र मुखमा कार्टुन टेपले बाधी लुटपाट समेत गरेको डाँका चोरी तथा कर्तव्य ज्यान मुद्दामा संलग्न ४ जना मध्ये ३ जना कारागार चलान भएको, घटनाको मुख्य योजनाकार जिल्ला सिन्धुपाल्चोक बाह्रबिसे न.पा. वडा नं. ०२ बस्ने वर्ष ४१ को बुद्धिमान तामाङ तत्काल फरार रहेकोमा केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले निरन्तर खोजतलास गर्ने क्रममा मिति २०८१।११।१८ गते जिल्ला ललितपुर, ललितपुर म.न.पा. वडा नं. १९ बाट पक्राउ गरी इ.प्र.का. बनेपामा दर्ता रहेको डाँका चोरी मुद्दाको अनुसन्धानको लागि बुझाइएको ।

### अवैध सुन भन्सार चोरी पैठारी तथा संगठित अपराधमा संलग्न फरार प्रतिवादी पक्राउ :

मिति २०८०।०४।०२ गते बरामद भई आएको ६० किलो अवैध सुन अनुसन्धान सम्बन्धमा भन्सार चोरी पैठारी तथा संगठित अपराध मुद्दामा फरार रहेकी प्रतिवादी जिल्ला रोल्पा थवाङ गा.पा. वडा नं. २ स्थायी वतन भई हाल काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. ३ सुर्यदर्शन टोल बस्ने बर्ष ४४ की अमला रोकालाई मिति २०८२/०३/०६ गते काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. ३ सुर्यदर्शन टोलबाट पक्राउ गरी कानुनी कारवाहीको लागि मिति २०८२/०३/०९ गते सम्मानित काठमाडौं जिल्ला अदालत, बबरमहल काठमाडौंमा बुझाइएको ।

## आर्थिक तथा वित्तीय अपराध अनुसन्धान महाशाखा

### अवैध अन्तर्राष्ट्रिय Call/SMS Bypass (Illegal VOIP) मा प्रयोग गरिएका उपकरणहरू सहित पक्राउ

नेपाल सरकारको कुनै पनि निकायबाट अनुमति नलिई गैरकानूनी रूपमा अन्तर्राष्ट्रिय आगमन कल बाईपास (VOIP) संचालन गरिरहेको छ भन्ने गोप्य सुचनाको आधारमा नेपाल टेलिकम र एनसेल प्रा.लि. समेतको प्राविधिक सहयोग र समन्वयमा काठमाडौँ महानगरपालिका वडा नं. १६ खरिबोट, बनस्थली स्थित भुपेन्द्र श्रेष्ठको ३ तल्ले घरको माथिल्लो तलामा Internet प्रयोग गरी कल बाईपास गर्ने ८ पोर्ट क्षमताको VOIP Gateway डिभाइसमा NTC तथा NCELL को सिमकार्ड प्रयोग गरी कल वाईपास (एसएमएस) गरिरहेको अवस्थामा मिति २०८१/०४/०९ गते जिल्ला सिन्धुपाल्चोक लिशंखुपाखर गा.पा. ५ स्थायी वतन भई हाल का.जि का.म.न.पा.-१६ खरिबोट, बनस्थली बस्ने वर्ष ४० को भुपेन्द्र श्रेष्ठ र जिल्ला झापा गौरीगंज गाउँपालिका वडा नं. ४ स्थायी वतन भई हाल जि.काठमाडौं, बु.न.पा., कपन बस्ने वर्ष २४ को खुम प्रसाद गिरीलाई पक्राउ गरि दूरसंचार ऐन, २०५३ अन्तर्गतको कसुरमा बिगो रकम रू. ७,०३,९६३/- सहित सम्मानित काठमाडौं जिल्ला अदालतमा बुझाइएको ।

### सत्कार बचत तथा ऋण सहकारी संस्था लि. को रकम हिनामिना गर्ने सचिव सहित ३ जना पक्राउ

सत्कार बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय, काठमाडौं जिल्ला, का.म.पा. वडा नं. ०३ सामाखुसीमा प्रधान कार्यालय भई न्युरोड तथा चावहिलमा शाखा कार्यालय खडा गरी संचालनमा रहेको सहकारीका संचालकहरूले निक्षेपकर्ताहरूलाई आर्कषक ब्याजदर दिन्छु भनी प्रलोभन देखाई निक्षेपकर्ताको रकम सहकारी मुद्दती, निक्षेप, आवधिक बचत, शेयर तथा विभिन्न बचत खातामा जम्मा गर्न लगाई मासिक/त्रैमासिक/वार्षिक रूपमा ब्याज पाउने र निर्धारित अवधि नाघेपछि निक्षेपको सम्पूर्ण साँवा, ब्याज फिर्ता पाउने विश्वासका साथ उक्त संस्थामा बचतकर्ताहरूले जम्मा गरेको रकमको साँवा, ब्याज फिर्ता नदिई पटक-पटक ताकेता गर्दा पनि फिर्ता नदिएकोले

आफ्नो निक्षेप जोखिममा रहेको ठानी सम्बन्धीत संस्थाका कर्मचारी तथा पदाधिकारीहरूलाई लामो समयदेखि ध्यानाकर्षण गराउँदा समेत नियमानुसार पाउनु पर्ने निक्षेप तथा सोको ब्याज रकम उपलब्ध गराईदिने तर्फ आवश्यक पहल नगरी बचतकर्ताहरूको रकम अपचलन तथा हिनामिना गर्ने तथा नक्कली कर्जा फाइलहरू खडा गरि सहकारीको रकम दुरूपयोग गर्ने कार्यमा संलग्न व्यक्तिहरूलाई प्रचलित कानून बमोजिम आवश्यक कारवाहीको लागि काठमाडौं महानगरपालिका, नगर कार्यापालिकाको कार्यालय, सहकारी विभागबाट लेखि आएकोमा यस कार्यालयबाट खटि गएको टोलीले सो संस्थाका व्यक्तिहरूलाई काठमाडौंका विभिन्न स्थानबाट जिल्ला मोरङ बेलबारी नगरपालिका वडा नं. ५ घर भई हाल काजि कामनपा-८ भंगाल बस्ने वर्ष ३२ को गोबिन्द पुरी, जिल्ला रामेछाप रामेछाप नगरपालिका वडा नं ८ घर भई हाल जिल्ला काठमाडौं का.म.पा. १४, कलंकी बस्ने वर्ष ३७ को महेश श्रेष्ठ र जिल्ला रामेछाप, रामेछाप नगरपालिका वडा नं. ८ घर भई काजि कामनपा ७ चावहिल बस्ने वर्ष ३७ को ध्रुवर ाज कार्कीलाई पक्राउ गरी सहकारी ऐन, २०७४ अन्तर्गतको कसूरमा अनुसन्धान कार्य सम्पन्न गरी बिगो रकम रू. १२,०२,००,३४०/- सहित सम्मानित जिल्ला अदालत काठमाडौंमा मुद्दा पेश गरिएको ।

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुचना र जोडिएको अभौतिक मुद्रा सम्बन्धी कसूर

प्रतिवादीहरू आयुष शर्मा र प्रज्ञान रिमाल उपर अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट Involvement in Bitcoin Trading विषयको प्राप्त पत्रको सन्दर्भमा आवश्यक कार वाही गर्ने क्रममा निज प्रतिवादीहरूलाई का.जि. तार्केश्वर नगरपालिका वडा नं. १० मनमैजुबाट पक्राउ गरी मुलुकी अपराध संहिता, २०७४ को दफा २६२ क उपदफा (१) विपरित ऐ.को उपदफा (२) बमोजिमको कसूरमा निज प्रतिवादीहरूलाई ऐ.संहिताको दफा २६२क को उपदफा (३) बमोजिम जम्मा बिगो अमेरिकी डलर ४२,३५,३८७.८६ बराबरको नेपाली रू. ५६,७५,४१,९७३।- (छपन्न करोड पचहत्तर लाख एकचालिस हजार नौ सय तिरत्तर) बिगोका साथ का.जि.अदालतमा पेश गरिएकोमा मिति २०८१/०६/१६ गते निज प्रतिवादी आयुष शर्मा र प्रज्ञान रिमाललाई सम्मानित काठमाडौं जिल्ला अदालतको आदेशले पुर्पक्षका लागी केन्द्रीय कारागार, जगन्नाथदेवल, सुन्धारा चलान गरिएको ।

## गुडिया भित्रको कोकिन- लागू औषध नियन्त्रण ब्यूरो, कोटेश्वर

मिति २०८१।०८।१६ गते १७:२० बजेको समयमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा लागु औषध कोकिन लुकाई छिपाई ल्याउन लागेको भन्ने गोप्य सूचना प्राप्त हुनासाथ लागू औषध नियन्त्रण ब्यूरो, कोटेश्वरबाट खटिएको टोलीले विमानस्थलको आगमन तर्फको walk through gate नजिकै यात्रु जाँचपास शाखामा उडान नम्वर QR ६४६ को उडानबाट दोहा कतार हुँदै आएकी KENYAN नागरिक पासपोर्ट नम्वर BK४३९३३७ वाहक बर्ष ३० कि CHILIAN KERUBO OGITO ले साथमा लिई Hand carry सुटकेस खानतलासी गर्दा उक्त सुटकेस भित्र रहेको कपडाको फमवाला गुडियाहरू भित्र प्लाष्टिक कोटेड लागु औषध कोकिन ६ के.जी २०० ग्राम सहित पक्राउ गरिएको र जिल्ला अदालतको आदेशानुसार पुर्पक्षको लागि थुनामा गएको ।






# कोशी प्रदेश प्रहरी कार्यालय

**कर्तव्य ज्यान (छोरीको प्रेम सम्बन्ध, विवाद अनि हत्या)– सुनसरी**

जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ५ बिशालचोक कलेर्वा टोल बस्ने सरयुग मण्डलको नातिनी भारत छपरा जिल्ला घर भएकी अं. वर्ष १४ की चाँदनी राय यादव २०/२५ दिन अगाडि मावली घर आएकोमा ८/१० दिन अगाडिदेखि नदेखिएको भनी स्थानीयहरूले घट्ना शंकास्पद छ भन्ने गोप्य सूचना प्राप्त भए पश्चात प्रहरी टोली खटिई गई सोधपुछ तथा सूक्ष्म अनुसन्धान गर्दै जाँदा मिति २०८१/१०/१८ गते अ.१०:०० बजेको समयमा जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ५ स्थित सरयुग मण्डलको घरबाट अ.१२६ फिट दक्षिणमा रहेको तुलसी खतिवडाको रूख बुट्यान रहेको स्थल खाली बाँझो जमिनमा आलो चौपायाको गोबरको थुप्रो रहेको र सोही थुप्रो माथि तोरीको गट्टे (झ्यास), गोबर बिच्छ्याएको र सो गोबरको छेउमा केही भर्खरै खनेको जस्तो माटाका डल्लाहरू छरपष्ट रहेकोदेखि शंका लागि सो गोबर र जट्टे समेत हटाई उत्खनन गर्दै जाँदा अ. ५ फिट गहिराइमा पुग्दा सडी गल्न शुरू भएको अवस्थामा अ. वर्ष १४ की चाँदनी यादवको शव फेला परेको । सो लाश उत्खनन गरी लाश जाँच मुचुल्का समेतका प्रारम्भिक अनुसन्धान पुरा गरी शव परीक्षणको लागि कोशी अस्पतालमा पठाईएको र सो घटना सम्बन्धमा सोही घरमा रहेका मृतक चाँदनी राय यादवको माइजू नाता पर्ने जानकी देवी मण्डललाई नियन्त्रणमा लिई प्रारम्भिक सोधपुछ गर्दा निज मृतक चाँदनी राय यादव भारतमा नै रहँदा निजको प्रेम सम्बन्ध रहि निज भागी विवाह गरी गएकीमा निजका अभिभावक बुबा/आमाले फेला पारी निजलाई सो केटासँग छुटाई नेपाल स्थित जिल्ला मोरङ विराटनगर महानगर पालिका वडा नं. ५ बस्ने मावली हजुरबुबा सरयुग मण्डलको घरमा २०८१ साल पौष महिनाको ८ गते निज चाँदनी यादवलाई साथमा लिई निजको आमा राजकुमारी राय यादव र बुबा लालमन राय यादव समेत आएका। लालमन राय यादव सोको भोलिपल्ट भारत फर्किएका र आमा सहित मावली घर बस्दै आएकी निज चाँदनी राय यादवको प्रेमको विषयलाई लिई मावली घरका सदस्यहरूसँग विवाद हुँदा मिति २०८१/१०/११ गते दिउँसो अन्दाजी ११.०० बजेको समयमा मृतकको आमा राजकुमारी राय यादव, वतासी मण्डल र रामबाबु मण्डल समेतले घाँटी थिची हत्या गरेको र लासलाई व्यवस्थापन गर्ने कार्यमा मृतकको आमा राजकुमारी राय यादव, हजुरबुबा सरयुग मण्डल, हजुर आमा बतासी मण्डल, श्रीमान राम बाबु मण्डल, देश भारत रसौलपुर बिकाश नगर देहरादुन जिल्ला उत्तर खण्ड २४८१९८ बस्ने बर्ष ४० को लालमन राय (यादव) समेत भई सोही राती अ. २३:०० बजेतिर घरबाट अ.१२६ फिट दक्षिणमा रहेको तुलसी खतिवडाको रूख बुटयान रहेको स्थल खाली बाँझो जमिनमा खाल्डो खनी सो खाल्डो भित्र जुटको बोरा ओच्छयाई मृतक लासलाई सो माथि राखी माथिबाट नुन, गोबर राखी माटोले पुरी सके पछि सो माथि काँचो गोबर र तोरीको झ्यास (गट्टे) राखेको खुलेको। निज चाँदनी राय यादवको कर्तव्य गरी मार्ने र घटना ढाकछोप गर्न, लाश दवाउन, लुकाई छिपाई कार्यमा संलग्न जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. ५ बस्ने बर्ष ५५ को सरयुग मण्डल, ऐ.ऐ. बस्ने बर्ष अ. ५४ की बतासी मण्डल, ऐ.ऐ. बस्ने बर्ष ३६ को राम बाबु मण्डल, ऐ.ऐ. बस्ने बर्ष अ. ३२ की जानकी देवी मण्डल, भारत रसौलपुर बिकाश नगर देहरादुन जिल्ला उत्तर खण्ड २४८१९८ बस्ने बर्ष ४० को लालमन राय, भारत रसौलपुर बिकाश नगर देहरादुन जिल्ला उत्तराखण्ड २४८१९८ बस्ने अ. बर्ष ३९ की राज कुमारी रायलाई तत्काल पक्राउ गरी घटना सम्बन्धमा थप अनुसन्धान गरिएको र मुलुकी फौजदारी संहिता २०७४ को परिच्छेद १२ को दफा १७७ को उपदफा (१) बमोजिमको कसुर अपराध गरेको हुँदा निजहरूलाई सोही दफाको उपदफा (२) बमोजिम सजाय हुन समेतको आधार प्रमाण लिई मृतक चाँदनी राय यादवलाई निजकै आमा लगायतका नजिकका कानुनी हकदारले कर्तव्य गरी मारेको हुँदा कोही कसैलाई क्षतीपूर्ति भराइदिनु पर्ने नभएको भनि मागदाबी लिएकोमा सम्मानित मोरङ जिल्ला अदालतको मिति २०८१।११।१८ गते भएको थुनछेक आदेश बमोजिम उक्त घटनामा संलग्न प्रतिवादीहरू सरयुग मण्डल, बतासी मण्डल, राम बाबु मण्डल, जानकी देवी मण्डल, लालमन राय, राज कुमारी राय (यादव) लाई पुर्पक्षको लागि कारागार कार्यालय मोरङ पठाइएको ।

# मधेश प्रदेश प्रहरी कार्यालय

**कर्तव्य ज्यानमा संलग्न 'खुनी दरिन्दे' समूहका सदस्य पक्राउ : पर्सा**

मिति २०८२।०६।१४ गते दसैंको महाअष्टमीका दिन राती अं २३:३० बजेको समयमा जिल्ला पर्सा वीरगंज म.न.पा. वडा नं १० स्थित गिता मन्दिर नजिकै सडक छेउमा झण्डा मुण्डा खेल भईरहेको स्थानमा वर्ष २० को गोल्डेन भन्ने शिवम साहको हत्या सम्बन्धमा जानकारि प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय, पर्साले घटनास्थलको मुचुल्का, शव परीक्षण प्रतिवेदन र सिसिटिभी फुटेजको गहन विश्लेषण गरी 'अपरेशन च्यालेन्ज' नामक विशेष अनुसन्धान सञ्चालन गरेको । अनुसन्धानको क्रममा जिल्ला बारा, परवानीपुर गाउँपालिका ९ का स्थायी बासिन्दा शिवम वीरगञ्जमा रिक्सा चलाएर जीविकोपार्जन गर्दै आएका र घटनाका दिन वीरगंज १० स्थित गिता मन्दिर नजिकै लागेको मेलामा सामान्य विवादबाट सुरू भएको झगडा क्रमशः हिंसामा परिणत भएको पाइएको । कसुरदारहरू खोज्ने क्रममा २८ घण्टाभित्र घटनामा संलग्न २ जना भारतको पश्चिम चम्पारणको बल्थर गाउँमा लुकेर बसेकामा भारतीय सुरक्षाकर्मीको सहयोगमा पक्राउ गर्नुका साथै थप ३ जनालाई लुकीछिपि भागेको अवस्थामा पक्राउ गरी थप अनुसन्धान गर्ने क्रममा असोज २१ गते घटनाका मुख्य योजनाकार पक्राउ परे पश्चात ह्वाट्सएप च्याट, कल डिटेल रेकर्ड, फेसबुक पोस्ट, प्रत्यक्षदर्शीको बयानबाट घटनामा संलग्न प्रतिवादीहरू 'खुनी दरिन्दे' नामक ह्वाट्सएप समूह सञ्चालन गर्ने गिरोहका सदस्यहरू रहेको पाईएको । यसका साथै सामाजिक सञ्जालमार्फत शिवमलाई 'घरमै बस्, नत्र मारिदिन्छु' भन्दै धम्की दिने गरेको र शिवमसँग उक्त गिरोहको एक वर्षअघि पनि झगडा भई प्रहरीमा उजुरी परेको तथ्यले किशोरावस्थाको आवेग, समूहको बर्चस्व प्रदर्शन गर्ने चाहना र कुख्यात बन्ने मानसिकता गिरोहका सदस्यहरूमा रहेको हुँदा मादक पदार्थ सेवन गरी पूरानो रिसिइबी साँध्ने क्रममा शिवम एक्लै भएको मौका छोपी हत्या गरेको पाइएको । घटनामा संलग्न जि.पर्सा वीरगंज म.न.पा.वडा नं. २४ बस्ने गौतम पटेल, ऐ.ऐ. बस्ने अमन पटवा, ऐ.ऐ. बस्ने बर्ष २० को सुभांकर चौरसिया, ऐ.ऐ. बस्ने बर्ष २३ को अमिरी पटेल भन्ने करण प्रसाद चौरसिया, ऐ.वडा नं. ११ बस्ने बर्ष २४ को चन्दन चौरसिया भन्ने चन्दन कुमार बरई, जि.पर्सा वीरगंज म.न.पा. वडा नं. २४ बस्ने बर्ष १५ को कानुन विबादमा परेका बालबिज्याईकर्ता ३४ जिल्ला ०८२।०८३ (रामगढवा), जि. पर्सा वीरगंज म.न.पा.वडा नं. ०९ बस्ने बर्ष २० को मन्टु बाबु गुप्तालाई पक्राउ गरी सम्मानित पर्सा जिल्ला अदालतमा पेश गरी मिति २०८२।०६।१५ गते कर्तव्य ज्यानमा मुद्दा दर्ता भई मिति २०८२।०७।१४ गते सम्मानित पर्सा जिल्ला अदालतको आदेशले प्रतिवादी सुभाकर चौरसिया, अमिरी पटेल भन्ने करन प्रसाद पटेल, गौतम पटेल, मन्टुबाबु साह भन्ने मन्टु बाबु गुप्ता पुर्पक्षका लागि कारागार गएको, प्रतिवादी चन्दन कुमार बरई र अमनर पटवालाई रू. २,००,०००।- धरौटीमा माग हुँदा राखि छुटेको तथा कानुन विबादमा परेका बालबिज्याईकर्ता ३४ जिल्ला ०८२।०८३ (रामगढवा) पुर्पक्षका लागि बाल सुधार गृहमा पठाइएको ।

**प्रहरी कार्यालय सहयोगी हत्या, बारा**

इलाका प्रहरी कार्यालय सिमरा, बारा दरबन्दी भई सिमरा बिमानस्थल सुरक्षा गार्ड सिमरा, बारामा कार्यरत प्र.का.स. राजकुमार रूम्बा मिति २०८१।०९।०६ गते बिहान अ. ०९:०० बजेको समयमा जिल्ला बारा जीतपुरसिमरा उ.म.न.पा. वडा नं.११ आमाडार पुल स्थित रमौली लोसान्डा जाने भित्री सडक खण्डमा बागमती प्रदेश ०१-०२८ च.७६१६ नम्बरको NETA-कम्पनीको ग्रे रङको EV कारमा चालक बस्ने सिटमा टाउको पछाडी दाहिने तर्फ आलो चोटको घाउ भई मृत अवस्थामा फेला परेको कुरा जानकारी प्रप्त हुनासाथ ईलाका प्रहरी कार्यालय सिमराबाट खटिएको टोलीले अनुसन्धान गर्ने क्रममा उक्त घटनामा संलग्न जिल्ला बारा जितपुर सिमरा उ.म.न.पा. वडा नं.१९ घर भई हाल ऐ.ऐ. वडा नं.०१ वस्ने पुरूषोतम कुमार दास, जिल्ला बारा जितपुर सिमरा उ.म.न.पा. वडा नं.१९ घर भई हाल ऐ.ऐ. वडा नं. ०१ वस्ने वर्ष २० को ईन्द्रजित चौहान भन्ने ईन्द्रजीत कुमार र जिल्ला महोत्तरी जलेश्वर न.पा. वडा नं. ३ खैरा टोल घर भई राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय बारा दरबन्दी भई हाल एयरपोर्ट सिमरा, बारामा कार्यरत सवारी धनी श्रीकान्त तिवारीलाई पक्राउ गरीएको । अनुसन्धान गर्ने क्रममा मृतक र अभियुक्त पुरूषोतम कुमार दास प्रायः एउटै होटलमा सँगै चिया पिउने

गरेको र निज मृतकले श्रीकान्त तिवारीको बागमती प्रदेश ०१-०२८ च.७६१६ नम्बरको कार प्रायः चलाउन लग्ने र भाडामा पनि लगाउने गरेको पाइएको । एक दिन होटलमा चिया खाने क्रममा मृतकको एक महिला सँगको अनैतिक सम्बन्धको बारेमा अभियुक्त पुरूषोतम कुमार दास र मृतकबिच चिया खाने क्रममा भनाभन भएको । विवादका क्रममा मृतक रूम्बाले पेस्तोल देखाई पुरूषोतम कुमार दासलाई थर्काई 'तँलाई मारी दिन्छु' भने पछि पुरूषोतम कुमार दासले ज्यानको डरले र रिसिईविको कारण भारतबाट पेस्तोल किनि ल्याई ईन्द्रजित चौहान भन्ने ईन्द्रजीत कुमारको सहयोग लिई एकान्तमा एक्लै गाडीमा भएको मौका छोपि गोली प्रहार गरी हत्या गरेको । उक्त घटनामा कर्तव्य ज्यान मुद्दा दर्ता गरी अनुसंधान कार्य पश्चात मिति २०८१।०९।१३ गते सम्मानित बारा जिल्ला अदालतमा पेश हुँदा मिति २०८१।१०।०७ गते निज प्रतिवादीहरूलाई पुर्पक्षको लागी कारागार पठाउने आदेश भएको ।

### सुधार केन्द्रमा कुटपीट गरी हत्या – बारा

मिति २०८१/११/०२ गते ०२:०० बजेको समयमा जिल्ला बारा कलैया उपमहानगरपालिका वडा नं. ३. भवानीपुर बस्ने फुल महमद मन्सुरको छोरा अं.बर्ष २२ को साहेब बाबु मन्सुरले ऐ ऐ वडा नं. १ मा संचालन गरेको नवजन्म पुनस्थापना (सुधार) केन्द्र कलैया बारामा १५ दिन अगाडी देखि उपचारका लागि भर्ना रहेका ऐ. वडा नं. ९ रामपुरटोल बस्ने हिरालाल प्रसाद धानुकको छोरा अं. वर्ष ३७ को धिरेन्द्र भन्ने प्रदिप प्रसाद मण्डलले सोही मिति र समयमा उक्त सुधार केन्द्रमा रहेका मानिसहरू तथा कर्मचारीहरूसँग वादविवाद गरेको भन्ने बहानामा निज प्रदिप प्रसाद मण्डललाई सुधार केन्द्रमा रहेका मानिसहरू तथा कर्मचारीहरू समेत मिली मरणासन्न हुने गरी कुटपिट गरी उपचारको लागि भनि कलैया सिटी अस्पताल कलैयामा लगेको र थप उपचारको लागि भनि प्रादेशिक अस्पताल कलैया बारामा लगे पश्चात चिकित्सकले चेकजाँच गर्दा निज प्रदिप प्रसाद मण्डलको मृत्यु भएको घोषणा गरेको भन्ने जानकारी जिल्ला प्रहरी कार्यालय बारालाई प्राप्त भए पश्चात तत्काल प्रहरी टोली खटिइ गई उक्त घट्नासँग सम्बन्धित दशि प्रमाण समेत संकलन गरी सो घट्नामा संलग्न रहेका जिल्ला बारा कलैया उ.प.म.न.पा. वडा नं. ३ बस्ने असलम मन्सुरको छोरा वर्ष १९ को सरफराज मन्सुर, जिल्ला बारा कलैया उ.प.म.न.पा. वडा नं. ४ बस्ने शिव कुमार सरार्फको छोरा बर्ष २२ को निरज सरार्फ, ऐ. बडा नं. ६ बस्ने मुकाबिल मियाको छोरा वर्ष २० को राहुल भन्ने महमद आशु मिया शेख, ऐ. १ बस्ने कृष्ण साह

सोनारको छोरा वर्ष २४ को अरूण सरार्फ, ऐ. वडा नं. २ बस्ने शिव शंकर प्रसाद साहको छोरा वर्ष २१ को प्रमेश्वर साह, जिल्ला बारा कलैया उ.म.न.पा. वडा नं. ३ बस्ने फुल महमद मन्सुरको छोरा वर्ष २९ को तमन्ना अली, जिल्ला बारा कलैया उ.म.न.मा. बडा नं. १ बस्ने प्रकाश साहको छोरा वर्ष १९ को सागर गुप्तालाई पक्राउ गरी मिति २०८१।११।०२ गते कर्तव्य ज्यान मुद्दा शिर्षकमा दर्ता गरी निज प्रतिवादीहरूलाई सम्मानित बारा जिल्ला अदालत कलैयाको आदेशले मिति २०८१।११।२७ गते प्रतिवादिहरू महमद सरफराज मिया मंनसुर, प्रमेश्वर साह कानु, राहुल भन्ने महमद आशु मिया शेख, निरज सराफ, अरूण सराफहरूलाई पुर्पक्षको लागि कारागार बिरगंज पठाइएको, मिति २०८१।११।२५ गतेको आदेशले परिवर्तित नाम १५ कलैया स (०८१/०८२) बाल सुधार गृह पुर्पक्षको लागि पठाइएको र मिति २०८१।११।२७ गतेको आदेशले प्रतिवादी तमाना अलिले रू. २५००००।- धरौटि तिरी तारेखमा छुटेको ।

## बागमती प्रदेश प्रहरी कार्यालय

### कर्तव्य ज्यान (अपहरण पछि हत्या) – काभ्रेपलान्चोक

काठमाडौं जिल्ला किर्तिपुर न.पा.वडा नं. ५ बस्ने बर्ष ५० को विनोद खड्गी मिति २०८१।०६।०५ गतेका दिन विहानको अं.११:०० बजेको समयमा बागमती प्रदेश BAD ०४९६ नम्वरको आफ्नै गाडी घरमा कोही कसैलाई थाहा जानकारी नदिई नसोधी गाडी चलाई घरबाट निस्की गएकोमा उक्त दिन बेलुका घरमा नआएपछि कही कतै गई बसेको होला भनि बसी आएकोमा सोको भोलिपल्ट मिति २०८१।०६।०६ गतेका दिन पनि घरमा नआएपछि कहाँ गएको होला भनि सबै ईष्टमित्र आफन्त तथा साथीभाइहरू कहाँ समेत सबै ठाउँमा सोधखोज गरी बुझ्दा कही कतै नभएको र नभेटिएपछि मैले मिति

२०८१।०६।०६ गतेका दिन खोजतलास गरी पत्ता लगाई पाउँ भनी जिल्ला प्रहरी परिसर भद्रकाली, काठमाण्डौंमा निवेदन प्राप्त भएकोमा खोजतलास गर्दा मिति २०८१।०६।०६ गतेका दिन अं. ०८:३० बजेको समयमा का.प.जि. पाँचखाल न.पा. वडा नं. ८ को ४९ किलो स्थित अरनिको राजमार्ग सडक खण्डको छेउमा झाडीमा निजको लाश फेला परेको। अनुसन्धानबाट जिल्ला काठमाण्डौ शंखरापुर न.पा. वडा नं. ५ घर भई बस्ने बर्ष २२ को सरिन घिमिरे, जिल्ला सिन्धुपाल्चोक सुनकोशी गा.पा. वडा नं. २ घर भई हाल जिल्ला भक्तपुर मध्यपुरठिमी न.पा. वडा नं. ०९ हिमालयटोल बस्ने बर्ष २१ की मनिषा महत, जिल्ला महोत्तरी गौशाला न.पा.वडा नं. ६ बस्ने घर भई हाल जिल्ला भक्तपुर मध्यपुर ठिमी न.पा. वडा नं. ०६ बस्ने बर्ष २० को आशिष पासवान, जिल्ला काठमाण्डौ शंखरापुर न.पा.वडा नं. ५ बस्ने बर्ष २२ को रिकेश पौडेल, जिल्ला बागलुङ गलकोट न.पा.वडा नं ७ मल्म घर भई हाल जिल्ला काठमाण्डौं कोटेश्वर महादे वस्थान सहयोगी नगर स्थितमा बस्ने वर्ष १९ को प्रतिक गौतम, फ्लैट नं-टि -५०२, आम्रपाली सिलीकों नगर, सेक्टर-७६, नाँएडा, गौतमबुद्ध नगर, भारत घर भई हाल जिल्ला सिन्धुपाल्चोक सुनकोशी गा.पा.वडा नं. ०२ घर भई हाल जिल्ला भक्तपुर मध्यपुरठिमी न.पा.वडा नं. ०४ कौशलटार बस्ने बर्ष ४२ को रोशनी महत, जिल्ला सिन्धुपाल्चोक सुनकोशी गा.पा. वडा नं. ०२ घर भई हाल जिल्ला भक्तपुर मध्यपुरठिमि न.पा.वडा नं. ०३ बस्ने बर्ष २० को संजय खत्रीलाई पक्राउ गरिएको। प्रतिवादीहरूले मृतकलाई अपहरण गरी फिरौती रकम रू. ५,००,०००।- (पाँच लाख) रूपैयाँ समेत लिई अज्ञात स्थानमा लगि हातमा र खुट्टामा डोरीलो बाँधी क्रुरता पूर्वक संवेदनशिल अङ्गमा र शरीर को विभिन्न भागमा कुटपिट गरी कर्तव्य गरी मारेको भनि खुलेको। अनुसंधान पूरा गरी सम्मानित काभ्रेपलाञ्चोक जिल्ला अदालतको च.नं. २७७४ मिति २०८१।०८।११ गतेको थुनछेक पत्रानुसार पक्राउ प्रतिवादीहरू मध्ये सञ्जय खत्रीबाट रू. २५,०००।- र रिकेश पौडेलबाट रू. २,००,०००।- धरौटी माग भएकोमा सो धरौटी बापतको रकम दुबै जनाले दाखिला गरी तारेखमा थुनामुक्त भएको । अर्को प्रतिवादीहरू मनिसा महत र रोशनी महतलाई सम्मानित काभ्रेपलाञ्चोक जिल्ला अदालतको च.नं. २७७३ मिति २०८१।०८।११ गतेको थुनछेक पत्रानुसार पुर्पक्षको लागि थुनामा राख्न कारागार कार्यालय जगन्नाथदेवल, काठमाण्डौं चलान गरिएको, साथै अर्को प्रतिवादीहरू सरिन घिमिरे, आशिष पासवान र प्रतिक गौतमलाई सम्मानित काभ्रे पलाञ्चोक जिल्ला अदालतको च.नं. २७७२ मिति २०८१।०८।११ गतेको थुनछेक पत्रानुसार पुर्पक्षको लागि कारागार कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोक चलान गरिएको ।

## गण्डकी प्रदेश प्रहरी कार्यालय

**कर्तव्य ज्यान (बेपत्ता युवती दुई दिनपछि गाडिएको अवस्थामा मृत फेला) - गोरखा**

मिति २०८१।०८।१५ गते बारपाक सुलिकोट गा.पा.१ बार पाक बस्ने बर्ष १८ कि सुचिना घले घर देखि उत्तरतर्फ रहेको मैखर्क जंगलतर्फ दिनको १३:०० बजे घाँस काट्न गएकोमा साँझसम्म पनि घर फर्कि नआई बेपत्ता भएको भनि सुचना प्राप्त भएकोमा तत्काल प्रहरी टोलि परिचालित भई स्थानिय नागरिक समेतको सहयोगमा खोजतलास गर्दा निजलाई कर्तव्य गरि सोही जंगलमा खाल्डो खनि गाडेको अवस्थामा ऐ१७ गते लाश फेला परेको । ४ दिनसम्म अनुसंधान टोलि सोहि गाउँमै बसि गरेको गोप्य निगरानि, सुचना संकलन/विश्लेषण, घटनास्थलमा प्राप्त भौतिक सबुदहरू र पोष्टमार्टम रिपोर्ट समेतको आधारबाट गरिएको सुक्ष्म अनुसन्धानको क्रममा ऐ.१९ गते शंकित सोहि गाउँकै ४३ बर्षिय मन शम्जेर गुरूङलाई पक्राउ गरिएको। अनुसंधानको क्रममा निजले मृतकलाई जंगलमा एक्लै देखि जवरजस्ती करणी गर्न खोज्दा प्रतिकार गरि होहल्ला गरेको हुंदा लडाई घाँटि थिचि जमिनको माटो, गोबर र घाँस मुखमा कोचि कर्तव्य गरी मारि सोही जंगलमा खाल्डो खनि गाडेको पाइएको । निज बिरूद्ध कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गरी सम्मानित गोरखा जिल्ला अदालतको मिति २०८१।०९।२१ गतेको आदेशले निज प्रतिवादीलाई पुर्पक्षको लागि कारागार चलान भएको ।

## लुम्बिनी प्रदेश प्रहरी कार्यालय

**भवितब्य ज्यानबाट कर्तब्य ज्यानमा परिणत घटना (हातहतियार खरखजना र कर्तब्य ज्यान)– दाङ**

मिति २०८१।०९।०३ गते बेलुका अन्दाजी १६:३० बजेको समयमा जिल्ला दाङ दंगीशरण गाउँपालिका वडा नं. ०२ पाथिभारा सामुदायिक बन जंगलमा जिल्ला दाङ दंगीशरण गाउँपालिका वडा नं. ०२ कौवाघारी बस्ने बर्ष २२ को छबिलाल डाँगी, ऐ.ऐ. बस्ने बर्ष २७ को पुष्पलाल बस्नेत र ऐ.ऐ. बस्ने प्रेम बर्ष २५ को प्रेम बहादुर कुसारी जंगलमा गएकोमा निज प्रेम बहादुर कुसारी घाँस काट्ने क्रममा घाइते भएको भनि ऐ. १६;३० बजेको समयमा जानकारी गराई निज घाइतेलाई तत्काल राप्ती प्रादेशिक अस्पताल तुलसीपुर दाङमा लिई औषधी उपचार गराई थप उपचारको लागी नेपालगंज मेडिकल कलेज शिक्षण अस्पताल नेपालगंज बाँकेमा लिई उपचार गराउँदा निजको उपचारको क्रममा मृत्यु भएकोमा निज प्रेम बहादुर कुसारीको बुवा अबिर कुसारीले मिति २०८१।०९।०४ गते जि.प्र.का. बाँकेमा रूखबाट लडी मृत्यु भएको भनि भवितव्य ज्यान सम्बन्धी कसूर मुद्दामा जाहेरी दिई भेरी अञ्चल अस्पताल बाँकेमा पोष्टमार्टम गराई शवलाई घरमा ल्याई सदगतको लागी तयारी गरिरहेको अवस्थामा उक्त वारदात सम्बन्धमा बुझ्दा वारदातको दिन बन्दुक पड्केको आवाज आएको, उक्त घटना रूखबाट लडी मृत्यु नभई भरूवा बन्दुक प्रहार गरी कर्तब्य गरी मारेको हुन सक्छ भनि मिति २०८१।०९। ०५ गतेका दिन जानकारी प्राप्त हुनासाथ तत्काल टोली घटनास्थलमा खटिई मृतक प्रेम बहादुर कुसारीको लाशलाई पुनः शवलाई नियन्त्रणमा लिई परीक्षणको लागि भेरी अस्पताल बाँकेमा पठाइएकोमा मृतक लाशलाई दोस्रो पटक पोष्टमार्टम गर्दा निजको दुबै खुट्टाको साप्रा लगायतको भागमा भरूवा बन्दुकको फलामको गोली थान-१ र छर्रा थान-४ फेला परेको। सो पोष्टमार्टम रिपोर्ट अनुसार उक्त घटनामा बन्दुकको गोलीबाट घाईते भई प्रेम बहादुर कुसारीको मृत्यु भएको देखिएको हुँदा तत्काल प्रहरी परि चालन गरी उक्त घटनामा संलग्न छबिलाल डाँगी र पुष्पलाल बस्नेतलाई नियन्त्रणमा लिइएको। सो घटना सम्बन्धमा मृतक प्रेम बहादुर कुसारीको बुवा अबिर कुसारीले ज्यान सम्वन्धी कसूर र हातहतियार खरखजाना मुद्दामा किटानी जाहेरी दरखास्त दिएकोमा प्रतिवादी छबिलाल डाँगी र पुष्पलाल बस्नेतको बयानबाट खुल्न आएका अर्को प्रतिबादी टिकाराम खत्री हाल फरार रहको । सो घटनामा प्रयोग भएको बन्दुक मिति २०८१।०९।०५ गते जिल्ला दाङ दंगिशरण गाउँपालिका वडा नं. ०२ राजाकोट समुदायिक बन जंगलमा लुकाई छिपाई राखेको अवस्थामा बरामद गरी सम्पुर्ण अनुसन्धान कार्य पश्चात सम्मानित दाङ जिल्ला अदालत घोराही दाङको मिति २०८१।१०।२९ गतेको आदेशले प्रतिवादीहरू छबिलाल डाँगी र पुष्पलाल बस्नेतलाई पुर्पक्षको लागि कारागारमा पठाइएको।

## कर्णाली प्रदेश प्रहरी कार्यालय

**कैंचि प्रहार गरी नाबालकको हत्या– दैलेख**

जिल्ला दैलख दुल्लु नगरपालिका वडा नं. ५ बस्ने ११ बर्षिय बालक खेमराज वसुनी मिति २०८१/१०/२५ गते देखी कोहि कसैलाई जानकारी नगराई सम्पर्क बिहीन भएकोमा अभिभावकले वरपर छरछिमेक आफन्तहरूमा सोधपुछ, खोजतलास गर्दा फेला नपरेपछि मिति २०८१।१०/२६ गते इलाका प्रहरी कार्यालय, दुल्लु दैलेखमा खोजतलासका लागि हुलिया निवेदन प्राप्त भएको । निजलाई खोजतलास गर्ने कार्यमा निजका साथीहरूलाई बुझ्दै जाने क्रममा मिति २०८१।११।०३ गते जिल्ला दैलेख दुल्लु नगरपालिका वडा न. ५ बस्ने वर्ष १७ को बिनोद रिजाल र वर्ष १४ को विशाल रिजाललाई सोधपुछ गर्दा मृतक बालक खेमराज दसुनीलाई घरबाट बोलाई एकान्त ठाउँमा लिई तिम्रो ममीको तिलहरी चोरेर बिक्रि गरी पैसा बाँडौला भनी फकाई फुलाई गरी तिनै जना मृतकको घरमा गई तिलहरि चोरी ल्याई घर नजीकै रहेको खोलाको किनारमा बसी उक्त तिलहरी बिक्रि गर्ने र आएको पैसा बाड्ने विषयमा विवाद हुँदा बिनोद रिजाल र विशाल रिजालले आफुसँग रहेको कैँचीले शरिरको विभिन्न भागमा प्रहार गरी निज बालकको मृत्यू भईसकेपश्चात घरमा गई कोदालो र बेल्चा ल्याई खोला नजिक खाल्डो खनी गाडेका भन्ने खुल्न आएको हुँदा तत्काल प्रहरी टोली उक्त स्थानमा खटिई गई बाँसघारी नजिकैको खोल्साको छेउमा खाल्डो खनी गाडेको अवस्थामा निज बालकको शव फेला परेको । घटनामा प्रयोग भएको कैची, बेल्चा र कोदालो समेत बरामद गरी कानूनको विवादमा परेका बालकहरूलाई नियन्त्रणमा

लिई सम्पुर्ण अनुसन्धान प्रकृया पुरा गरी सम्मानित जिल्ला अदालत दैलेखको आदेशले बाल सुधारगृह नेपालगंज पठाईएको ।

## सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय

### बालिकाको ज.ज.क.पश्चात हत्या– डडेलधुरा

मिती २०८१।०६।२५ गते राति अन्दाजी ११:१० बजेको समयमा जिल्ला डडेल्धुरा अमरगढी नगरपालिका वडा नं.०७ पोखरा बजारको उत्तरपट्टी तिलाडी जाने कच्ची सडकको नालामा म १ प १४५४ नम्बरको मोटरसाईकल खसेको अवस्थामा रहेको र मोटरसाइकल नजिक ढाका टोपी, पहेंलो रङको बोरा भित्र तत्काल बेवारिसे अवस्थामा एक जना बालिकाको लाश फेला परेको खबर प्राप्त हुनासाथ अनुसन्धान गर्ने क्रममा घटनास्थलमा फेला परेको म १ प १४५४ नम्बरको मोटरसाइकल, टोपी र चप्पलको आधारमा मिती २०८१।०६।२६ गते बिहान अन्दाजी ०२:३० बजेको समयमा जिल्ला डडेल्धुरा अमरगढी नगर पालिका वडा नं. ०७ भटगाउ बस्ने बर्ष ५८ को टेक बहादुर भण्डारीलाई पक्राउ गरी सोधपुछ गर्दा मिति २०८१।०६।२६ गते मृतक लाश जिल्ला डडेल्धुरा अ.न.पा.७ भाटागाँउ बस्ने बर्ष १४ कि परिवर्तित नाम जिल्ला ७३ किल्ला ६१ को लाश हो भनि सनाखत गरेको । प्रारम्भिक रूपमा घटनाको बारेमा सोधपुछ गर्ने क्रममा मिति २०८१।०६।२५ गतेको बेलुकी अन्दाजी ०५:४५ देखि ०६:०० बजेको बिचमा आफ्नै पसल भित्र मृतक र प्रतिवादी बिच वादविवाद हुँदा मृतकले रू.१५,०००।- (पन्ध्र हजार) माग गरेको, उक्त रकम नदिए आफुले बलत्कार मुद्दामा फसाईदिने भन्ने बिषयमा झगडा भई मृतकलाई आफ्नै पसल भित्र घाँटी थिची मारी लाशको पँहेलो कट्टा बोरामा हाली बोरामा भएको लाशलाई आफ्नै पसलको अगाडी आँगनको छेउ नाला भित्र लुकाई पसल बन्द गरि आफ्नो म १ प १४५४ नम्बरको मोटरसाइकलद्वारा धनगढी जाने योजना बनाई हिंडेको र डडेल्धुराको स्याउले पुगेपछि लाश व्यवस्थापन गर्ने सोच बनाई पून: स्याउलेबाट फर्की डडेल्धुराको तुफानडांडास्थित होटलमा १.५ क्वाटर रक्सी सेवन गरि राती अन्दाजी ०९:३० बजेको समयमा पोखरा बजार पुगी मोटरसाइकल पसलभित्र राख्न खोज्दा उक्त मोटरसाइकल कच्ची सडकको नालामा खस्न गई सोही आवाजले कुकुर भुकेका र तत्काल मोटरसाइकल निकाल्न नसकी आफ्नो पसल अगाडी नालाको छेउमा लुकाई छिपाई राखेको मृतक लाशको बोरा (कट्टा) उठाई लग्ने क्रममा स्थानिय मानिस तथा कुकुरले थाहा पाए पश्चात लाशको बोरा छोडी आफ्नो खुट्टाको चप्पल सोही नजिक र अर्को चप्पल खेतको छेउमा छोडी भागी आफ्नो घर गएको र मृतक लाशलाई वारदातको समयमा ज.ज.क.गरेको भनि अपराध स्वीकार गरेकोमा शवपरिक्षण प्रतिबेदनमा लामो समय सम्म लगातार घाँटी थिचिएर उक्त असर श्वासनलीमा पर्न गई शरिरलाई चाहिने अक्सिजनको मात्रा कम भई उक्त असर शरिरको महत्त्वपुर्ण अंगहरू मस्तिष्क र मुटुमा क्षति पुग्न गई मृत्यु भएको हुन सक्ने र Semen like whitish maternal diposion noted in vagina and in the ulterine cavity भन्ने प्रतिवेदन प्राप्त भएको । उक्त मुद्दाको सम्पुर्ण अनुसन्धान कार्य पुरा गरि निज प्रतिवादी टेक बहादुर भण्डारीलाई जबरजस्ती करणी पश्चात हत्या गरेको कसुर र क्षतिपुर्ति मागदाबी सहित मिति २०८१।०७।२० गते उक्त मुद्दा जिल्ला सरकारी वकिल कार्यालय, डडेल्धुरामा पेश गरिएकोमा मिति २०८१।०७।२१ गते सम्मानित डडेल्धुरा जिल्ला अदालत, डडेल्धुराको आदेशले प्रतिवादी टेक बहादुर भण्डारीलाई पुर्पक्षका लागी कारागार कार्यालय डडेल्धुरामा थुनामा पठाएको ।

# PHOTO FEATURES




International Police Day, 2024 विशेष  कार्यक्रम




International Police Day, 2024 को  अवसरमा  Walkathon  कार्यक्रम




Online Recruitment Management System (ORMS) दोस्रो समूहको तालिम समापन



UNMISS मिशनबाट स्वदेश फिर्ता भएका प्रहरी अधिकृतहरूलाई स्वागत गरिएको



अपराध अनुसन्धान विभागबाट नेपाल प्रहरी प्रधान कार्यालय, मानव स्रोत विकास विभाग सरूवा भई जान लाग्नुभएका प्र.अ.म.नि. राजन अधिकारीज्यूलाई मायाको चिनोसहित धन्यवाद तथा शुभकामना प्रदान



अपराध अनुसन्धान विभाग र विशिष्टीकृत व्यूरोहरूबीच अपराध अनुसन्धान र समसामयिक विषयमा गरिएको बैठक



तत्कालीन विभागीय प्रमुख ज्यूबाट निर्देशन हुँदै



अरबिक भाषा प्रशिक्षणको उद्घाटनका क्रममा Col. Saeed Mohammed Saeed Alham Aldhaheri, (Police Advisor, Permanent Mission of UAE to the UN) लाई स्वागत गर्दै



अरबिक भाषा प्रशिक्षणको उद्घाटन



अपराध अनुसन्धान विभागबाट प्रकाशित हिरासत व्यवस्थापन मार्गदर्शन, २०८१ विमोचन गर्दै तत्कालीन प्रहरी महानिरीक्षक वसन्त बहादुर कुँवरज्यू




इन्टरपोल युएईको सहयोगमा अभियुक्त पक्राउ गरी नेपाल ल्याइँदै




दातृ निकाय UNOPS का प्रतिनिधिसँग अन्तरक्रिया कार्यक्रम



निरीक्षण तथा अनुगमन (जि.प्र.का., काभ्रे)



शंकास्पद वस्तु चेकजाँच ड्युटीमा नेपाल प्रहरीको तालिम प्राप्त कुकुर



निरीक्षण तथा अनुगमन (जि.प्र.का. सिन्धुपाल्चोक)



नेपाल प्रहरीबाट अनिवार्य अवकाश हुनुभएका प्र.ना.म.नि. सन्जिव शर्मा दासज्यूको विभागीय प्रमुख प्र.अ.म.नि. सुशीलसिंह राठौर सहित प्र.ना.म.नि. ज्यूहरूबाट मायाको चिनोसहित बिदाइ



अपराध रोकथाम तथा नियन्त्रण सम्बन्धी विद्यालयस्तरीय जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै नेपाल प्रहरी



नेपाल ल क्याम्पस, काठमाडौँसँग शोधपत्र गर्ने सम्बन्धी सम्झौता (MOU) कार्यक्रम



पाठ्यक्रम विकास केन्द्र सानोठिमीमा विद्यालयका पाठ्यक्रममा अपराध अनुसन्धानसँग सम्बन्धित विषयहरू समावेश गर्ने सम्बन्धी छलफल



पाठ्यक्रम विकास केन्द्र सानोठिमीमा विद्यालयका पाठ्यक्रममा अपराध अनुसन्धानसँग सम्बन्धित विषयहरू समावेश गर्ने सम्बन्धी छलफल




प्रथम महिला प्रहरी सम्मेलन, २०८२ मा राखिएको महिला स्वास्थ्य सेवा सम्बन्धी जानकारीमूलक स्टल



प्रथम महिला प्रहरी सम्मेलन, २०८२ समुद्घाटन समारोह



प्रथम महिला प्रहरी सम्मेलन, २०८२ समापन




प्रहरी र सरकारी वकीलहरूको तेस्रो राष्ट्रिय सम्मेलन, २०८२ समुदेघाटन



प्रहरी र सरकारी वकीलहरूको तेस्रो राष्ट्रिय सम्मेलन, २०८२ समापन




प्रदेश स्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठी, २०८१, कर्णाली प्रदेश



प्रदेश स्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठी, २०८१, लुम्बिनी प्रदेश



विभागीय प्रमुखका रूपमा प्र.अ.म.नि. सुशीलसिंह राठौरज्यूलाई स्वागत गर्नुहुँदै अ.अ. विभागका वरिष्ठ अधिकृतज्यूहरू



फौजदारी न्याय प्रणालीमा देखिएका चुनौतीहरू र सुधारका उपायहरू विषयक गोष्ठी समुद्घाटन, २०८१



फौजदारी न्याय प्रणालीमा देखिएका चुनौतीहरू र सुधारका उपायहरू विषयक गोष्ठी समापन, २०८१



नेपाल प्रहरीले अनुसन्धान गरेका चर्चित घटनाहरूको सङ्ग्रह (भाग २) विमोचन, २०८१




मानव बेचविखन विरूद्धको अन्तर्राष्ट्रिय दिवस विशेष कार्यक्रम, २०८१




अवलोकन भ्रमणका क्रममा पाल्नुभएका नेपाली सेनाका अधिकृतज्यूहरूलाई डिजिटल फोरेन्सिक ल्याब सम्बन्धी जानकारी प्रदान गर्दै




नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

# नेपाल प्रहरी प्रधान कार्यालय

## अपराध अनुसन्धान विभाग


नक्साल, काठमाडौं

फोन नं. : ०१-५७१९८६८, ९८५१२९८१९८, ९८४९०९११३९, ०१-५७१९९००/३२३

इमेल : cicu@nepalpolice.gov.np, cicucid@gmail.com

वेबसाइट : https://cid.nepalpolice.gov.np

www.facebook.com/NepalPolicePHQ

www.instagram.com/nepalpolice

www.x.com/NepalPoliceHQ

www.youtube.com/NepalPoliceHQ

www.nepalpolice.gov.np

info@nepalpolice.gov.np